कागजी पुस्तका लागि



प्रा. डा. बाबुराम ज्ञवाली

# आधा जिस्ता

*किरण पुस्तकालय प्रकाशनमालाको पन्ध्रौं पुष्प*

# आधा जिस्ता

डा. बाबुराम ज्ञवाली

**किरण पुस्तकालय**
रेसुङ्गा नगरपालिका-८, चिदीचौर
तम्घास, गुल्मी
नेपाल
२०७६

# आधा जिस्ता
## (Half Jista)
लेख संकलन


**लेखक** : प्रा. डा. बाबुराम ज्ञवाली (Dr. B.R. Gewali) Cell: 9847038095

**प्रकाशक** : किरण पुस्तकालय
रेसुङ्गा नगरपालिका-८, चिदीचौर, तम्घास, गुल्मी, नेपाल
०७९-५२०२८७

**इमेल** : hamropurushartha@gmail.com

**वेभसाइट** : www.kiranpustakalaya.com

**संस्करण** : प्रथम, वि.सं. २०७६ (2019 A.C.E.)



**सर्वाधिकार** : प्रकाशकमा



**मूल्य** : १५०/-

ISBN : 978-9937-0-5850-6

Funded by : Rundhati Trust, Jyotinagar, Manigram, Rupandehi

*मुद्रणः फास्ट प्रिन्ट पब्लिकेशन, बुटवल, रूपन्देही*
*मो.: ९८४७२४४७४५, इमेल : fastprint.butwal@gmail.com*

# प्रकाशकीय

किरण पुस्तकालय मोफसलमा सञ्चालित एक पुरानो र व्यवस्थित पुस्तकालय हो । आफ्नो नियमितता र स्तरीयताका लागि यो पुस्तकालय देश विदेशमा प्रशंसित र पुरस्कृत समेत भएको छ । यसबाट प्रकाशित हुने हाम्रो पुरूषार्थले पनि पचास वर्षमा टेक्न थालेको छ ।

यस बीचमा अनेकौं साहित्यकार तथा लेखकहरूलाई हौसला दिने तथा प'राना साहित्यकारहरूलाई आदर दिने मञ्चको रूपमा यसले अनेकौं काम गरेको छ ।

राष्ट्रिय स्तरका लेखकहरूका कृतिहरूको प्रकाशन गर्ने कार्यमा पनि यस प'स्तकालयले अग्रसरता लिएको छ । हालसम्म १६ वटा कृतिहरूको प्रकाशन गरेको छ । सोही क्रममा विख्यात लेखक डा. बाबुराम ज्ञवालीको यो कृति पाठकहरू समक्ष प्रस्त'त गरका छौं ।

यस संकलनमा लेखकले विविध विषयका १२ वटा लेखहरू छनौट गर्नभएको छ । जसको समीक्षा बी.एच.पु. नेपाल चेयरका डा. शिवप्रसाद पौड्यालले गर्नुभएको छ ।

डा. बाबुराम ज्ञवाली सुपरिचित लेखक हुनुहुन्छ । हालसम्म उहाँका साहित्यिक कृति र पाठ्यपुस्तक गरेर लगभग ४० वटा पाठ्यपुस्तक प्रकाशित छन् । साहित्य र शिक्षाको क्षेत्रमा योगदान गरे बापत उहाँलाई जानकीदेवी आध्यात्मिक पुरस्कार २०७३, नित्यराज ज्ञानविज्ञान पुरस्कार २०७३, राममणि क्याम्पस शैक्षिक सम्मान २०७४ तथा चक्रपाणि स्मृति शैक्षिक सम्मान २०७४ प्रदान गरिएको छ ।

लेखक डा. बाबुराम ज्ञवाली हाम्रो पुरूषार्थका नियमित लेखक हुनुहुन्छ । यस संकलनमा पनि हाम्रो पुरूषार्थका दुईवटा लेखहरू राखिएका छन् । यसका साथै विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका चर्चित लेखहरूमध्ये १२ वटा छनौट गरिएको कुरा लेखकले बताउनु भएको छ । लेखहरू फरकफरक प्रवृत्तिको भएकाले पाठकहरूलाई एउटै पुस्तकबाट विविध स्वाद प्राप्त हुनेछ भन्ने विश्वास हामीले लिएका छौं ।

पूर्वीय अर्थशास्त्रको क्षेत्रमा आफ्नो पहिचान बनाउनु भएका प्राध्यापक डा. बाबुराम ज्ञवाली बुटवल बहुमुखी क्याम्पसमा अर्थशास्त्र प्राध्यापनरत हुनुहुन्छ । उहाँले जीवनी, समालोचना, निबन्ध र आर्थिक क्षेत्रमा नियमित रूपमा लेख्ने गर्नु हुन्छ । उहाँका रचनाहरू स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रकाशनबाट प्रकाशित भएका छन् ।

ज्ञवालीका लेखहरूमा विषय गाम्भीर्यता, विश्लेषणात्मकता, शब्द छनौटमा सतर्कता तथा नेपाली भाषा, संस्कृति र परम्पराप्रति प्रेमका भावनाहरू छचल्किएका पाइन्छन् ।

किरण पुस्तकालय गुल्मी

फोन ०७९ ५२०२६०, ५२०४८३

इमेल shashipanthi9@gmail.com, hamropurusharth@gmail.com

## किरण पुस्तकालय, तम्घास गुल्मीद्वारा प्रकाशित पुस्तकहरू

| | | |
|---|---|---|
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रूरू क्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्कः जातपात र छुवाछुत (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा. टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्य मालिका | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता | प्रा.डा. बाबुराम ज्ञवाली |

# आधा जिस्ता

प्रकाशकीय
१. कहाँ लैजाला कम्प्युटरले मानिसलाई १
२. यशोधराको यश गान ७
३. मैले मन पराएका तीन किस्सा १२
४. विश्वविजयी एलेक्जेन्डर र तक्षशिलाका आचार्य २०
५. प्रेम, निष्ठा र सुन्दरताको प्रतीक पर्वः तीज २४
६. बी पी का आध्यात्मिक विचारको समीक्षा २९
७. भानुभक्त, रामकथा र त्यसको सामाजिक-ऐतिहासिक परिवेश ३६
८. वधूशिक्षाः भावी जीवनको प्रशिक्षण ४२
९. शब्दहरूको अर्थ विस्तार र अर्थ सङ्कुचनः केही उदाहरण ४८
१०. जैसीले नजानेको तर अल्छीले जानेको ५३
११. श्रीकृष्णः पुत्र, प्रेमी र पति ५९
१२. सम्पादनको पहिलो अनुभव ६५
आधा जिस्ता : काव्यशास्त्र विनोदीको एक उपज ७३
धन्यवाद

पाना एक

# कहाँ लैजाला कम्प्युटरले मानिसलाई

प्रविधिको आविष्कार मानव समाजलाई छिटो र सजिलो काम पूरा गरी आरामका साथ समय बिताउनका लागि गरिएको कुरामा दुई मत छैन । तर के साँच्चै प्रविधिले मानिसलाई आज आरामका दुई मिनेट दिएको छ ? यसो विचार गरौं त । अमेरिकामा सडक विस्तार गर्ने क्रममा एउटा दुर्गम गाउँमा सरकारी अधिकारीहरू पुगे । अनि त्यहाँको मुखियालाई भने– 'सडक नहुँदा तपाईंलाई सहर पुगेर फर्कन तीन दिन लाग्थ्यो । अब तपाईंहरू एकै दिनमा सहर गएर आफ्नो काम सकेर आउन सक्नुहुनेछ ।' मुखिया बडो चिन्तामा देखियो । सरकारी अधिकारीहरूले सोधे– 'अब दुईदिन आराम गर्न पाउनु भयो भनेर तपाईं त खुसी हुनुपर्ने ? तपाईं खुसी हुनुहुन्न?' मुखियाले गम्भीर भएर भन्यो– 'होइन । ती दुई दिन कसरी बिताउने होला भनेर चिन्तित छु ।' आजको मानिस पनि काम नपाएर चिन्तित बनेको छ ।

मोटरगाडीले टाढाका मानिस नजीक ल्याइदियो तर नजिकका मान्छे पहिले जस्तो नजिक रहेनन् । दुई पैदल यात्रुहरूमा जुन निकटता हुन्छ, गाडीमा

सवारी गर्ने दुईजनामा त्यो निकटता हुँदैन । जति छिटो हिंड्ने सवारी साधन हुन्छन् नजिकका दुई यात्रुहरूका बीचको दूरी त्यति बढ्छ ।

मानिसहरूको दूरी मेटाउन र मानिसलाई सजिलो बनाउन रेडियो, टी भी, टेलिफोनको आविष्कार भयो । टेलिफोनले मानिसलाई जति नजिक ल्याइदियो त्यो एक क्रान्तिकारी उपलब्धि थियो । प्रत्येक मानिसको बेडरूमसम्म सबैको पहुँच पुग्यो । यस भन्दा उच्च प्रविधि जी एस एम को आविष्कार भएपछि जुनसुकै व्यक्तिलाई जुनसुकै बेला भेट्न सकिने बनाइदियो । टेलिफोनले बेडरूमसम्म पहुँच बनाएकोमा मोबाइलले बाथरूमसम्म पहुँच बनाइदियो । इन्टरनेट आएपछि जुनसुकै कुरामा मानिसको तत्काल पहुँच बनाइदिएको छ । एक मिनेटमा लाखौं जानकारी तपाईंका वरिपरि । फेसबुक आदि सामाजिक संजालले संसारभरि जो सुकैसँग परिचित हुने सामर्थ्य जुटाइदिएको छ । तपाईंले आफूलाई चाहिएको व्यक्ति, पुस्तक, गीत, सिनेमा, दृश्य, स्थान, वा अन्य जानकारी पाउन सक्नुहुन्छ । ज्ञान पिपासुका लागि त अनन्त सागर उसको हातमा छ । तर के मानिसका ज्ञानको उचाइ बढ्दो छ ? कि उसको ज्ञानको पठार निर्माण हुँदै छ ? प्रविधिले हजारौं किलोमिटर टाढाका मानिसहरूलाई नजिक ल्याइदिएको छ । यसमा कसैले विमति राख्दैन । तर आफ्नो वरिपरिका र नजिकका मानिससँगको सम्बन्ध पनि त्यत्तिकै नजिक छ ? आज नजिकका मान्छे टाढा, झन् टाढा हुँदैछन् ।

सामाजिक संजालमा हजारौं माइल टाढा भएका मानिसलाई हेलो, गुड मर्निंग गर्ने र हरेक जन्मदिनमा बधाईदिनेहरूले बिहान उठेर आफ्ना बाबु आमालाई ढोग्न भ्याउँदैनन् किनभने दूरी बहुत टाढा छ ।

सूचना प्रविधिमा केवल पत्रिका हुँदा मानिसहरू एक ठाउँमा जम्मा भएर पढ्थे । पत्रिका साटासाट गर्थे । प्रतिक्रिया दिन्थे । रेडियोको आविष्कार भए पछि समुदायको जमघट चौतारी वा आँगनमा सीमित भयो । टि भीले मानिसलाई कोठा भित्र पुर्‍याइदियो । तथापि परिवारका सबै जना एक साथमा त थिए । अब इन्टरनेट प्रविधि आए पछि घर परिवारका प्रत्येक सदस्य आआफ्ना कोठामा सीमित हुन पुगेका छन् । एउटै कोठामा भए अलग अलग दिशामा फर्केका छन् । कुनै बस स्ट्याण्ड वा रेलवे प्लेटफर्मका बिलकुल अपरिचित यात्रु जस्ता । घरका सदस्यसँग महिनौं भेटघाट छैन, एउटै घरमा पनि । पति पत्नी एउटै कोठामा छन् तर विपरीत दिशामा फर्केर आआफ्ना नेटवर्कमा व्यस्त

छन् । दूरी  टाढा छ । त्यसै गरी ज्ञानको साधन इन्टरनेटले विद्यार्थी र गुरूका बीचको दूरी बढाइदिएको छ ।

**ज्ञानको सुरक्षा र त्यसका विविध उपाय**

मानव समाजले ज्ञानको क्षेत्रमा जति उन्नति गर्दै लग्यो उसको ज्ञान पिपासा अझ बढेर गएको शिक्षाको इतिहास छ । केहीले आत्म चिन्तनद्वारा, केहीले कठोर परिश्रमद्वारा, केहीले गुरूको सान्निध्यमा रहेर ज्ञानार्जन गरे । प्रारम्भिक अवस्थामा विशिष्ट प्रतिभाको सान्निध्यमा रहेर ज्ञानार्जनको परम्परा थियो । यसका लागि ज्ञानार्थीहरू देश परदेश भ्रमण गर्थे । ज्ञानको सुरक्षा गरी अर्को पुस्तामा हस्तान्तरण गर्ने उद्देश्यका लागि नै घोक्ने विधिको विकास भयो । यो नै सर्वप्रथम प्रयोग गरिएको वैज्ञानिक शिक्षण विधि थियो । यसलाई हिन्दु परम्परामा वेद विभाजनको इतिहास भनेर बुझिन्छ । लिपिको आविष्कार भयो । लेखाइ सुरक्षित राख्न मसीको आविष्कार भयो । कागजको आविष्कार भयो । पुस्तक सुरक्षित राख्न पुस्तकालयको विकास भयो । छिटो सिकाइका लागि प्रत्येक पुस्ताले केही न केही आविष्कार गर्‍यो । अनि प्रत्येक पुस्ताले त्यसमा केही थप गर्दै गयो । गणितको परिकलनका लागि हातका औंलाबाट गन्न प्रारम्भ गरेर एबाकस, गणितीय तालिका, र क्यालकुलेटर हुँदै आज आधुनिकतम साधन कम्प्युटर प्रोग्रामको आविष्कार भइसकेको छ ।

कम्प्युटर सञ्चारको आधुनिकतम पुस्ता हो । केही समय अघि आधुनिक मानिएका पत्रपत्रिका, छापाखाना, पुस्तक, सिनेमा, रेडियो, टी भी इत्यादि आज सञ्चारका पुरानो पुस्ता बन्न पुगेका छन् । छापाखानाको आविष्कार ज्ञानको प्रसारमा एक क्रान्तिकारी उपलब्धि थियो । यसको माध्यमले ज्ञानलाई सुरक्षित राख्न मात्र सकिएन, लाखौंको संख्यामा संसारभरि उपलब्ध गराउन सम्भव भयो । विभिन्न पुस्तकहरूलाई एक स्थानमा जम्मा गरेर ज्ञानको खानी बनाउन सकिने भयो । पुस्तकालय निर्माण हुन थाले । जुन देशको पुस्तकालय सम्पन्न हुन्थ्यो मानिस ती देशहरूमा अध्ययनका लागि पुस्तकालय पर्यटन गर्थे ।

पत्रिकाहरूको प्रकाशन प्रारम्भ भयो । हुनत पत्रपत्रिका घटना प्रधान हुन्, विचार प्रधान होइनन् । तर त्यसमा विचार सम्प्रेषणको सुविधा प्राप्त भयो । मानिसको विचार परिवर्तनको माध्यम बन्यो । त्यसैले शिक्षण विधिमा पत्रपत्रिकाको उपयोग भयो । कैयौं पत्रपत्रिकाहरूले पाठ्यवस्तुलाई क्रमशः प्रकाशित गरेर

विद्यार्थीहरूको सुविधाका लागि स्तम्भहरू प्रचारित गरे । विशेष गरी भाषा, गणित र सामाजिक विषयको ज्ञान दिन पत्रिकाहरूको प्रयोग विभिन्न देशहरूमा आज पनि हुने गरेको छ । विद्वान् लेखकहरूलाई विचारका लागि आग्रह गरेर एकै समयमा हजारौं मानिससँग लामो समयसम्म विचार विनिमय सम्भव बन्यो ।

रेडियोमा पनि शिक्षकलाई तालिम र विद्यार्थीहरूलाई पाठ्यवस्तुको जानकारी दिने कार्यक्रमहरू सञ्चालन हुने गर्थे । आज पनि छन् । टी भी मा शैक्षिक कार्यक्रम चलाउँदा झनै प्रभावकारी बन्यो । किनभने यसमा ज्ञान दिने मानिसको अनुहार, चेष्टा, बोली सबै हुने भयो । साथै त्यसमा थप चित्र वा वस्तु वा प्रयोगलाई प्रदर्शन गर्ने सुविधा हुने भयो । त्यसैले शिक्षणको नाम नै श्रव्य-दृश्य शिक्षण हुन गयो ।

**इन्टरनेटको प्रयोग**

कम्प्युटरको आविष्कार र इन्टरनेटको प्रयोग पछि ज्ञानार्जनको असीमित क्षमता मानिसका हातमा आइपुगेको छ । यस सुविधाले ज्ञानको मूल स्रोतका लागि विश्वका पुस्तकालय चहार्दै हिंड्नु नपर्ने भएको छ । घरै बसी बसी प्राथमिक स्रोत प्राप्त गरेर ज्ञान वृद्धि गर्ने सुविधा प्राप्त भएको छ । यु ट्युबमा विख्यात लेखक, शिक्षक र वैज्ञानिकहरूका कुरा सुन्न र हेर्न पाइने भएको छ । यी सबै सम्भावनाहरूको व्याख्या दिनु नै बरू असम्भव छ । यसमा विविध माध्यम प्रयोग गर्न सकिने भएकोले नै यसको नाम मल्टी मीडिया हुन गयो ।

तर मानव मस्तिष्कका लागि इन्टरनेट प्रविधिका बेफाइदाहरू पनि छन् । अन्य प्रविधि जस्तै यो पनि अमिश्रित वरदान होइन । विद्यार्थीहरूमा परिश्रम गर्ने बानीको विकास गर्न असमर्थ वर्तमान प्रणालीमा यस सुविधाले विद्यार्थीलाई अझ ओरालोतिर धकेल्नेछ । गुरूको नजिकमा रहेर प्रयासपूर्वक ज्ञान प्राप्त गर्नु वा पुस्तकालमा गएर पुस्तक खोजी गर्नु, विभिन्न लेखकहरूको पुस्तक दराजबाट निकाल्नु, पढ्नु, मुख्य कुरा टिप्नु त्यसलाई डायरीमा सार्नु, यति श्रम गरेर जम्मा गरिएको ज्ञानको तुलनामा एक क्लिकबाट प्राप्त जानकारीको मूल्य निश्चित रूपमा कम हुन्छ । अर्थशास्त्रको सामान्य नियम नै हो जुन वस्तु जति सजिलो गरी प्राप्त हुन्छ, त्यसको मूल्य प्रयोगकर्ताको दृष्टिमा त्यति नै कम हुन्छ ।

ज्ञानको चोरी गर्ने कुराको सुरूआत त्यस दिनदेखि सुरु भयो जुनदेखि अरूबाट प्राप्त ज्ञानलाई मानिसले आफ्नो भनी दावी गर्यो । पुस्तकहरूको विकास पछि यसमा निश्चित रूपमा वृद्धि भयो । त्यसैले उखान प्रचलित भयो- एउटा

पुस्तकको सामग्री सारेमा चोरी र दसवटा पुस्तकबाट सामग्री सारेमा शोध । नेट प्रविधिले गर्दा सामग्री सार्ने कामलाई दुई क्लिकले सम्पन्न गर्न सकिने भएको छ । एक क्लिक 'कपि' गर्नका लागि र अर्को 'पेस्ट' गर्नका लागि । अनि प्रस्तुत सबै ज्ञानमा आफ्नो कपिराइट भन्ने अधिकार प्राप्त हुन गएको छ । न गुरूप्रति कृतज्ञता, न स्वीकृति पाउने आग्रह, न साभार उद्धृत । यस प्रविधिले गर्दा ज्ञानको चोरीका असीमित सम्भावनाहरू हातमा परेका छन् । कन्ट्रोल सी र कन्ट्रोल भी को सबभन्दा बेफाइदा के हो भने उसले ज्ञानको चोरी गर्ने अधिकार प्रदान गरिदियो । ज्ञानको स्रोतप्रति अनुगृहित हुनुपर्ने विद्यार्थीको विनम्रता गुण ज्ञानको मिथ्या अहङ्कारको रूपमा परिणत हुन गयो । यसो भएपछि गुरू शिष्य सम्बन्धको गरिमा त्यसै हराउँछ । प्रत्येक ज्ञानको स्रोत गुरू हो र विनम्रतापूर्वक प्राप्त शिक्षा नै ज्ञान हो । तर सफ्ट कपिको वर्तमान प्रविधिमा यस कुरालाई अनुभव गर्ने सम्भावना घटेको छ । आजसम्मको अनुभवले मानिसलाई बताएको कुरा के हो भने गुरूप्रति कृतज्ञ नभई प्राप्त गरिएको ज्ञानको गुरूता पनि रहँदैन । गुरू भनेकै त्यो तत्त्व हो जसले गर्दा ज्ञानको गरिमा थाहा हुन्छ । यस प्रविधिले शिक्षकलाई अशक्त बनाइदिएको छ । लाइन, ब्याट्री, तोकिएको सफ्टवेयर तथा नेट नभए कम्प्युटर निर्जीव हुन जान्छ । कम्प्युटर निर्जीव हुन जाँदा शिक्षक निष्क्रिय र अशक्त हुन पुग्छ । शिक्षकले धेरै कुरा मेमोरीमा राख्न अनावश्यक ठान्ना साथ ऊ केवल कम्प्युटरको सहायक हुन जान्छ, ज्ञानको स्रोत रहँदैन ।

चक, डस्टर, बोर्डमार्कर, सेतो पाटी हुँदै अब स्मार्ट बोर्डमा पुग्ने अवस्था आइपुग्दा शिक्षकको योग्यता कम्प्युटर स्क्रिनले ढाकिदिएको छ । आज सबै शिक्षकका हस्तलिपि कान्तिपुर वा टाइम्स बनेका छन् । किनभने सोभै कम्प्युटरमा लेख्छन् । चित्रहरू पनि पेन्ट ब्रुश र फोटो शपमा रेडीमेड छन् । गीत गाउनु पर्‍यो भने सबैले तारा देवी र नारायण गोपालको स्वर निकाल्न सक्छन्- युट्युबबाट । त्यसमा शिक्षकको आफ्नो मौलिकता छँदा पनि छैन, आवश्यक पनि छैन । त्यसमा शिक्षकले जति योग्यता प्रदर्शित गर्नसक्छ विद्यार्थीले पनि त्यति गर्न सक्छ । अब गुरू र शिष्यमा अन्तर रहेन ।

कम्प्युटर प्रोग्रामहरूमा सबै कुरा पाइने भए पछि मस्तिष्कलाई काम पनि नहुने भयो । पूर्ण मानसिक श्रम गर्दा त मानिसको औसत पाँच प्रतिशत मस्तिष्कको प्रयोग भएको मानिन्छ । अब त्यस पाँच प्रतिशतको पनि आवश्यकता पर्दैन । सबै काम कम्प्युटरले गरे पछि त एक प्रतिशत काम गर्न पनि नपर्ने भयो ।

मस्तिष्कको क्रियाशीलता समाप्त भए पछि मस्तिष्कको कल्पनाशीलताको पनि आवश्यक छैन । गणित, तथ्याङ्क, एकाउन्टका समस्याहरू कम्प्युटर प्रोग्रामले समाधान गर्ने भयो । शिक्षकलाई पनि सजिलो । पढ्न, घोक्न, बनाउन, लेख्न केही नपर्ने तर गुगल सर्च  गराउन लगाएपछि शिक्षक पनि सिपालु र विद्यार्थी पनि दङ्ग । तर यो प्रक्रिया सधैं 'सर्च'मा असन्तुष्ट रहने छ । 'फाइन्ड'को सन्तुष्टि कहिले ? जब गुरूले ज्ञान दिन्छ, त्यसबेला खोजी (सर्च) गर्न पर्दैन, सोफै प्राप्त (फाइन्ड) हुन्छ ।

शिक्षामा प्रविधिको प्रयोग एक साधनको रूपमा हुनपर्नेमा यो साध्यको रूपमा हेर्न थालिएको छ र शिक्षाको वास्तविक लक्ष्य यस गुगल र विकिपीडिया आदि सर्चको रनभुल्लमा हराइरहेको देखिन्छ । आज आधुनिक प्रविधिको ज्ञान राख्नेलाई शिक्षित बुझ्न थालिएको छ । प्रविधि केवल सफ्टवेयर प्रोग्राम हो र विद्यार्थीको वास्तविक ज्ञान ऊभित्र रहेको मौलिकता, क्रियाशीलता, कल्पनाशीलता, र समाधान प्राप्तिको आन्तरिक शक्ति जस्तो हार्डवेयर प्रोग्राम हो भन्ने कुरा कसले ध्यान दिने ?

अब भविष्यमा कविता बनाउने कम्प्युटर प्रोग्राम बन्लान् । जुन विषयको कविता रचना गर्नु छ त्यससँग सम्बन्धित शब्द र विवरणहरूलाई कविता प्रोग्राम भित्र राखेपछि त्यसले कतिवटा छन्दमा र कति वटा गद्यमा कविता बन्न सक्छन् सबै विकल्प प्रस्तुत गर्नसक्छ । कविको कल्पना शक्तिको के काम ? कविता एप्लिकेशन र प्रोग्राम बने पछि कविता गोष्ठीको हर्ता कर्ता पनि कम्प्युटर हुन जाला ।

मानव मस्तिष्कलाई सक्रिय र कल्पनाशील बनाइराख्न बलपूर्वक केही क्षेत्रहरू यस्ता पहिल्याउनु पर्ने भएको छ जसमा कम्पयुटरको प्रयोग नहोस् । अन्यथा विद्यार्थीको मस्तिष्क भविष्यमा पूरै निष्क्रिय हुने जाने छ ।

जति सुकै सूचना उपलब्ध भए पनि विश्वकोशलाई कसैले शिक्षित भन्दैन । कम्प्युटरले सबै समाधान गर्न सक्ने भए पनि त्यसलाई ज्ञानी भनिंदैन । मानव मस्तिष्क नै सर्वोच्च हो ।

बुटवल टु डे, साउन २९, वि.सं. २०७३

पाना दुई

# यशोधराको यश गान

आज भन्दा लगभग २५०० वर्ष पूर्व वैशाख पूर्णिमाको दिन २४ औं बोधिसत्त्वको रूपमा नेपालको लुम्बिनीमा सिद्धार्थको जन्म भएको हो । भगवान् बुद्धको जीवनका अनेक पक्ष, अनेक तरिकाले व्याख्या गरिन्छ, जस्तै- अनेक जन्मको संस्कार अनुरूप प्राप्त पुनर्जन्म, ज्ञान र शान्त स्वभाव, देवदत्तसँगको विवाद, यशोधरासँग विवाह, राहुलको जन्म, मावलीसँग पानी विवाद, अनि सन्न्यास, गुरूको खोजी, सारनाथमा साधना, बोध गयामा सम्बोधि, कपिलवस्तु आगमन, पहिलो उपदेश, सार्वजनिक उपदेश, वर्षावासका प्रसङ्ग, र महापरिनिर्वाण । तर यशोधराको जीवनबारे ज्यादै कम नगण्य चर्चा गरिन्छ ।

जसरी बुद्धको जीवनका केही प्रसङ्ग भगवान रामसँग मिल्छन्, यशोधराका प्रसङ्ग पनि सीता र उर्मिलासँग मिल्छन् । सीता र उर्मिला दुवै नेपाली चेली हुन् तर सीताको जति चर्चा गरिन्छ उर्मिलाको त्यति चर्चा पाईंदैन । सीताकी तीन बहिनीहरूको विवाह रामका तीन भाइहरूसँग भएको थियो । रामलाई वनवास भयो । भ्रातृप्रेमवश लक्ष्मण पनि वन जान तत्पर भए । सीता र उर्मिलाले पतिसँगै बनवास जाने इच्छा गरे । रामले सीतालाई र लक्ष्मणले उर्मिलालाई वनमा कष्ट हुने भएकोले नजान आग्रह गरे । उनीहरूको सुरक्षा

प्रति आफूहरू झञ्झटमा पर्ने कुरा सम्झाए । सीताले मानिनन् । लक्ष्मणले सम्झाए- तिमीसँगै भए दाजु भाउजूको सेवा गर्न कठिन हुन्छ । उर्मिलाले पतिको आज्ञा शिरोधार्य गरी चौध वर्षको पीडाजनक बिछोड स्वीकार गरिन् । उर्मिलाका बाँकी तीन दिदीबहिनीहरू आफ्ना श्रीमान्हरूसँग रहे तर उर्मिलालाई सो पति सुख प्राप्त भएन । तापनि उनले परिवारको सेवा गरेर आदर्श हिन्दु नारीको कर्तव्य गरी चौध वर्षको तपस्या पूरा गरिन् । तर लेखकहरूले यस त्यागलाई वर्णन गरेको पाईंदैन । त्यस्तै बेवास्ता यशोधराप्रति हुन गएको छ ।

यशोधरा निकै स्नेह र ममताले कोइलीहरूको दरबारमा हुर्केकी राजकन्या थिइन् । यशोधरा सुन्दर थिइन् । वीणावादनमा निपुण थिइन् । करूणापूर्ण र बुद्धिमती थिइन् । अनेक सुन्दर राजकुमारहरूबाट प्रणय र विवाहको प्रस्ताव नआएको होइन तर उनले मनमनै सिद्धार्थलाई पति छनौट गर्ने अठोट गरिसकेकी थिइन् । सिद्धार्थको अनौठो व्यवहारको चर्चा त्यसबेला चर्चित थियो । उनी घण्टौं दरबारबाट अलोप भई रूखको मुनि बसी ध्यान गर्थे । सिकार खेल्न र युद्ध गर्न नरूचाउने राजपुरूष थिए । स्वयंवरको अवसरमा अनेक देशको योग्य, सुन्दर र वीर क्षत्रिय राजकुमार जम्मा भएका थिए । तर पनि स्वयंवरमा यशोधराले सिद्धार्थलाई नै वरमाला लगाइदिइन् ।

बुद्धको गृहत्याग पछि कत्ति पनि विचलित नभई यशोधराले राहुललाई हुर्काइन्, शुद्धोधन र प्रजावति गौतमीलाई ढाढस दिई उनीहरूको सेवा गरिन् । आनन्द अरूणले ओशोको सन्दर्भ दिंदै उल्लेख गरेका छन्- 'बुद्धलाई साधना मार्गमा लाग्न र सांसारिक आकर्षणमा नफँस्न यशोधराले बराबर स्मरण गराइ रहन्थिन् । गृहत्यागको दिन बुद्धको प्रिय घोडा कन्थकलाई तयार गरी सारथी छन्दकलाई त्यो रात दरबारमै सुत्न लगाइन् । आधा रातमा गृहत्याग पूर्व आफ्नो आजै जन्मेको बच्चा र पत्नीलाई अन्तिम पटक हेर्ने लालसा लिई जब बुद्ध खोपीमा आउनु भयो, बुद्ध साहित्य अनुसार देवताहरूद्वारा बुद्ध मोहमा नफसुन् भनी यशोधराको आँचलले राहुलको मुख छोपियो तर वास्तविकता के थियो भने यशोधरा जागेकै थिइन् र उनले जानेरै बुद्ध ममता मोहमा नफसुन् भनी आफ्नो र बच्चाको मुख छोपी दिइन् ।' भियतनामी बौद्ध भिक्षु र श्रीलङ्काका बौद्ध भिक्षु सद्धातिस्सले पनि यसै कुरालाई समर्थन गरेका छन् । यस भनाइबाट आफ्ना पतिको सर्वोच्च विकास र ज्ञान साधनाका लागि उनको सूक्ष्म दृष्टि भएको स्पष्ट हुन्छ । बृहदारण्यक उपनिषद्मा यस्तै एउटा प्रसङ्ग ।

जहाँ मैत्रेयी र याज्ञवल्क्यको ज्ञानको उत्कट आकाङ्क्षा देखेर उनीहरूको भेट र संवादलाई स्थायी बनाउन कात्यायिनीले आफैं प्रयास गरेर मैत्रेयीको विवाह गराइदिएकी थिइन् ।

भनिन्छ, बुद्धले गरेका तपस्या र साधनाहरू यशोधराले दरबारमा गर्थिन् । बुद्धले वनमा एक छाक खाएर तथा साधारण चीवर लगाएर तपस्या गरेका छन् भनेर सुनिन् उनले पनि दरबारमै बसी सोही अनुसरण गरिन् । यी प्रसङ्गहरूले महाभारतकी सती गान्धारीको स्मरण गराउँछ । जसले आफ्ना पति जन्मान्ध छन् भन्ने थाहा पाउना साथ जीवनभर दुवै आँखामा पट्टिबाँधेर जीवन पर्यन्त खोलिनन् ।

बुद्धत्व प्राप्त भएपछि जब बुद्ध कपिलवस्तु आउनु भयो । जीवनी लेखकहरू सबैले के उल्लेख गरेका छन् भने बुद्धको दर्शन गर्न सबै आए तर यशोधरा आइनन् । किन आइनन् यस बारेमा विभिन्न मत छन् । कसैले आफ्नो मानका लागि नआएको भनेका छन् । कसैले दुखी भएकोले नआएको उल्लेख गरेका छन् । कसैले कामले फुर्सत अवसर नपाएको उल्लेख गरेका छन् । लामो समयको पति वियोग धेरै मर्माहत भएकोले भेट नगरेको पनि हुनसक्छ । वर्षौ पछि आफ्ना प्रियसँगको मिलनको संकोचले नगएको पनि हुनसक्छ । तर त्यस बेला उनी बुद्धको धर्मदेशना सुन्नबाट वञ्चित हुन पुगिन् ।

राजा शुद्धोधनले अनुरोध गरे तर पनि यशोधरा गइनन् । बुद्ध भगवान् आफैं यशोधरादेवीलाई दया राखी दर्शन दिनका लागि जानु भयो । बुद्धले सोझै यशोधरालाई भेट्न सक्नु भएन र सारिपुत्रलाई भेट्ने निहुँबाट त्यहाँ जानु भयो । राजाले भगवान बुद्धका समक्ष यशोधरादेवीका असल गुणहरूको बखान गरे । यस बखानबाट के स्पष्ट हुन्छ भने बुहारीको जिम्मेवारीमा त उनी अनुपम थिइन् नै तर छोराको अनुपस्थितिमा त्यस घरका छोराको सम्पूर्ण जिम्मेवारी समेत पूरा गरेकी थिइन् ।

भगवान बुद्धको दर्शन तथा धर्मदेशना सुन्न पाएर तिनी प्रफुल्लित भइन् । जीवनभर धर्मको आचरण गर्ने पनि निर्णय गरिन् ।

बुद्ध दरबार भित्र पुगे । यशोधराले बुद्धको पाउ स्पर्श गरिसके पछि एक गहन प्रश्न गरिन्- 'आर्य, जुन सत्य तपाईंले निरन्जना नदीको तटमा बोधिवृक्षको मुनि प्राप्त गर्नु भयो के त्यो सत्य यहाँ छैन ? यहाँ त्यसको बोध हुन सक्दैन ?' बुद्ध निरूत्तर हुनु भयो । भगवान् बुद्ध जोसँग हरेक प्रश्नको उत्तर थियो उहाँसँग

पनि यशोधराका प्रश्नको उत्तर थिएन । यस प्रश्नले यशोधराका प्रज्ञाको गहिराइ देखाउँछ । यस्तो प्रश्न पुराण र उपनिषद्‌मा अपाला, गार्गी, घोषा, मैत्रेयी, र मदालसा जस्ता विदुषीहरूले गरेको पाइन्छ । अपालाले आफ्ना पतिसँग उपनिषद्‌मा प्रश्न गरेकी छन्- 'के तपाईंको मप्रतिको प्रेम छालाका लागि हो ?'

पुत्रको ऐश्वर्य झल्काउने नाम उसका पिताले राख्दा जोडसँग हाँस्छिन् मदालसा र आफूले एक निरर्थक नाम राखिदिन्छन् तर ज्ञान दिनका लागि ठूलो प्रयास गर्छिन् । उनले सङ्केत दिन्छिन् मानिसको नाम निरर्थक हो र काम नै सबथोक हो ।

यशोधराले राहुल र बुद्धको भेट गराइदिएको प्रसङ्गले यशोधराको उच्च बौद्धिक क्षमता अभिव्यक्त हुन्छ । उनले राहुललाई सुन्दर राजकीय वस्त्र पहिराएर बुद्धले भोजन गरिरहेको ठाउँमा लगिन् । त्यहाँ भिक्षुहरूका बीचमा बुद्धले भोजन गरिरहनु भएको थियो ।

बुद्धलाई देखाउँदै यशोधराले भनिन- 'बाबु, के तिमीले उहाँलाई चिन्छौ ?' बुद्ध कपिलवस्तु आएको सात दिनमात्र भएको थियो । राहुलले त्यसै आधारमा भन्यो- 'हो चिन्छु, उहाँ बुद्ध हुनुहुन्छ । एक भिक्षु । '

यो सुनेर यशोधराले गहभरि आँसु गराउँदै भनिन्- 'बाबु, त्यो सज्जन पुरूष जसको शरीरबाट सुनौलो तेज निस्किरहेको छ, जो लस्करै बसेका भिक्षुहरूको माझमा बस्नु भएको छ । उहाँ नै तिम्रो पिता हुनुहुन्छ । भिक्षु हुनु अघि उहाँ यस राज्यका उत्तराधिकारी हुनुहुन्थ्यो । उहाँनिर गएर आफ्नो अधिकार माग ।'

राहुलले आमाले सिकाए जस्तै गरेर बुद्धको नजीक गयो । चरण स्पर्श गर्‍यो र भन्यो- 'महाश्रमण, तपाईंको छाया बडो शीतल छ । एउटा प्रश्न सोध्न चाहन्छु ।'

बुद्धले आज्ञा दिए पछि सात वर्षको राहुलले आफनी आमाले सिकाएको कुरा जस्ताको तस्तै भन्न थाल्यो- 'आज मैले पितासँग मेरो अधिकार माग्न आएको छु ।'

त्यसबेला बुद्धले खाना खाइवरि उठ्न थाल्नु भएको थियो । राहुललाई ध्यानले हेर्नु भयो । यशोधरा के चाहन्छिन् भन्ने कुरा बुद्धले बुझिहाल्नु भयो । तर केही बोल्नु भएन जुरूक्क उठेर हिंड्न थाल्नु भयो । राहुल पछि पछि हिंड्दै आमाले सिकाएको कुरा दोहोर्‍याउँदै जान थाल्यो ।

बुद्ध सोभै विहारमा पुगे र उपतिष्यलाई भन्नु भयो- 'राहुललाई यहाँ ल्याउ र तुरून्तै प्रव्रज्जित गराउ ।'

बुद्धले राहुललाई उत्तराधिकारमा दिने सम्पत्ति त्यही थियो । पछि बुद्धले आफ्ना दश प्रमुख शिष्य मध्ये राहुललाई एक प्रमुख शिष्य नियुक्त गरे । राहुल अर्हत्व प्राप्ति पछि बुद्धका दश गन्धर्वहरू मध्येका एक प्रमुख आचार्य भइसकेका थिए ।

बुद्ध साहित्यमा साधिकाहरू बिशाखा, आम्रपाली, प्रजावति गौतमी, खजुतरा, कृषा गौतमी इत्यादिको बारम्बार उल्लेख आउँछ तर प्रव्रज्यापछि यशोधराको कहीं उल्लेख भेटिंदैन । यसको एक कारण के भने यशोधराले आफूलाई बुद्ध संघमा विलीन गराइदिएकी थिइन् । म बुद्धकी पत्नी हुँ भनेर उनले कुनै आदर मागिनन् । साधारण जीवन व्यतीत गरिन् । उनी आश्रममा सफाइ र रोगीहरूको सेवा गर्थिन् । अशोककी छोरी चारूमतिले पनि बुद्धसंघमा रहेर यसै गरी अरूको सेवामा आफ्नो जीवन अर्पण गरिन् ।

यशोधराले वैशाख पूर्णिमाकै दिन ७८ वर्षको उमेरमा आफ्नो आराध्यसँग राजगृहीको बेनुवनमा गरेको अन्तिम वार्तालाप बुद्ध साहित्यमा पाइन्छ । उपनिषदकी विदुषीमात्र होइन नेपाली परिवारकी आदर्श छोरी र बुहारीको झलक यस वार्ताबाट पाइन्छ । आनन्द अरूणले सन्त दर्शनमा यस वार्तालापको मार्मिक प्रसङ्ग उल्लेख गरेका छन् । उनले आग्रहपूर्वक भनेकी छन्- 'आर्य, अब म वृद्ध भएँ, शरीरका सबै अङ्ग प्रत्याङ्गहरू थाके । मैले कोइली वंशकी राजकुमारी, शाक्यवंशकी युवराज्ञी र बुद्धसंघकी भिक्षुणीको आफ्नो स्वधर्म निष्ठापूर्वक पूरा गरेकी छु । मलाई जातीय स्मृति भयो । विगतका अनेक जन्ममा कुनै न कुनै रूपमा मैले अनन्य प्रेम र समर्पणले तपाईंको सेवा गरेकी छु । तपाईंको अनुमतिले शरीर छोड्न चाहन्छु । बुद्धसंघ तथा तपाईंप्रति आफूले जीवनमा कुनै भूल गरेकी भए माफी पाऊँ ।'

यति भनी बुद्धलाई तीन पटक परिक्रमा गरी आफ्नो कुटीमा आई बुद्धप्रति श्रद्धाले दियो बालेर हृदयले बारम्बार प्रणाम गरी यशोधराले शान्त भावले शरीर त्याग गरिन् ।

ॐ ज्ञानज्योति अंक १७, वि.सं.२०६३,

पाना तीन

# मैले मन पराएका तीन किस्सा

किस्सा भन्नाले हामीले यस्तो कथा वा कहानी बुझ्छौं  जुन एक लामो शृङ्खलामा व्यक्त भएको छ । तर त्यसभित्र छोटा छोटा कथा, उपकथा वा आख्यानहरू छन्, जस्तै किस्सा बैताल पच्चीसी, किस्सा सिंहासन बत्तीसी, किस्सा तोतामैना, किस्सा हातिमताई इत्यादि । यस्ता किस्साहरूमध्ये मैले विशेष मन पराएका तीन किस्साहरू निम्नलिखित छन्-

**१. अकबर वीरबल**

अकबर र वीरबलका किस्साहरू ऐतिहासिक घटनाका अङ्ग मानिन्छन् । शहन्शाह अकबरको दरबारमा भएका नवरत्नमध्ये वीरबल एक हुन् । उनले अकबरका सेनाको नेतृत्व गरेर युद्ध पनि गरेका थिए । उनलाई राजा वीरबल पनि भनिन्छ । उनी आशु कवि थिए भनिन्छ । त्यसैले उनको एक नाम कविवर वीरबल पनि हो । वीरबल शब्द वीरवरको अपभ्रंश रूप हो ।

अकबरको दरबारका हिन्दु र मुसलिम भारदारहरू बीच एक अर्कालाई होच्याउने होडबाजी हुने गर्थ्यो । यस्तो समयमा अन्यायमा परेका हिन्दुहरूको अप्ठ्यारो फुकाउने काम बीरबलले गर्थे भन्ने कुरा यी कथाहरूमा बताइएको छ ।

पश्चिमोत्तर प्रान्त अर्थात् वर्तमान अफगानिस्तानमा भएको पठान विद्रोह नियन्त्रण गर्न राजा बीरबललाई पठाइएको थियो । त्यहाँ उनीसँग ईर्ष्या गर्ने

भारदारहरूले समयमा सैनिक सहयोग नपठाएका कारण विद्रोहीद्वारा उनी मारिएका हुन् भनिन्छ । बीरबलको मृत्युको खबर पाएपछि अकबर व्यथित भए । शोक व्यक्त गर्न दुई दिनसम्म दरबारलाई अन्धकारमा राखे अनि उनी आफूले पनि दुई दिन खाना खाएनन् ।

अकबर बीरबलका कथाहरू ससाना छन् । आजका चुट्किला जस्तै । तर यी कथा चुटकिला होइनन् । पाठकलाई केवल हँसाउँदैनन्, बौद्धिक खुराक पनि दिन्छन् ।

यस कथाको अर्को महत्त्वपूर्ण पक्ष छ । यी कथाले आफूभन्दा धेरै शक्तिशालीका अगाडि सत्यको पक्ष लिनेलाई मनोबल प्रदान गर्छन् । यी कथाहरू जनजीवनमा ज्यादै प्रचलित छन् । कुनै नेपालीले आफ्नो जीवनमा अकबर बीरबलको चुट्का भनेको वा सुनेको नहोस् यो असम्भव छ ।

यी कथाको स्वरूप प्रारम्भ भएको कम्तीमा दुईसय वर्ष भइसकेको छ । झन् पछि झन् गरी यी कथाहरू लोकप्रिय हुँदै गइरहेका छन् र यसमा कथाहरू थपिने क्रम पनि जारी छ । अकबर बीरबलका कथाहरू सफ्ट कपी जस्ता छन् जसमा निरन्तर संशोधन हुनसक्छ ।

हुनत, यी कथाहरू मूल रूपमा हिन्दीमा छन् तर मैले सबभन्दा पहिले पढेको कथा नेपाली भाषामा थियो । मैले पढेको कथाको त्यो पुस्तक सामान्य आकार प्रकारका चार खण्डमा विभाजित थियो । त्यसको सुरूमा अकबर बीरबलको संक्षिप्त जीवनी दिइएको थियो । यो कथा भविष्य पुराणमा आधारित छ । यस अनुसार, अकबर र बीरबल पूर्वजन्ममा दुई जना असल ब्राह्मण मित्रहरू थिए । जुन ब्राह्मणले गाईको दूध नछानिकन खाएको थियो त्यो म्लेच्छ (अकबर) भएर जन्म्यो । तर अर्कोले दूध छानेर खाने भएकोले ब्राह्मण परिवारमा नै जन्म भयो । त्यस कथामा एउटा रमाइलो कुरा के लेखिएको थियो भने बीरबल पाल्पा जिल्ला माडी फाँटमा जन्म भएका व्यक्ति हुन् ।

**अकबर बीरबलको पहिलो भेट**

अकबर बीरबलको पहिलो भेट कसरी भयो यस बारेमा फरक फरक कथा प्रचलित छन् । मैले पढेको पुस्तकमा लेखिएको कथा यस प्रकार छ- अकबर आफ्ना देशवासीको हाल खबर आफैं बुझ्न रातिमा भेष बदलेर हिंड्थे । सहरको भीडभाडमा एक धनी युवा व्यापारीको रूपमा घुमिरहेका थिए । अचानक एक युवतीले आफ्नो पछाडि आउने इसारा गर्दै फुत्त एउटा गल्लीभित्र छिरी । अकबर पछि लागे । उसले सुस्तरी अकबरको परिचय सोधी ।
अकबरले परदेशी व्यापारीको रूपमा आफ्नो परिचय दिए ।

युवतीले भनी- 'मेरो मालकिनका स्वामी विदेश गएका धेरै समय भयो । उनी एक्लै दिन बिताउनु परेकोले कामवेगले पीडित छन् । मलाई एक जना चतुर युवकलाई बोलाएर लिएर आइज भनेकी छन् ।'

अकबर असमंजसमा परे । परदेशी व्यापारीको रूपमा त्यहाँ जानु उचित होला ? के हुँदो रहेछ भनेर जाने निधो गरे ।

एउटा विशाल घरमा लिएर गए पछि त्यस सेविकाले अकबरलाई एक सुन्दर बैठक कोठामा लिएर गई । त्यस वैभवपूर्ण घरको मालकिन कति सुन्दर होली भन्ने कल्पना गर्न थाले । त्यस कोठामा राखिएको सुन्दर बिछ्यौनामा थचक्क बसेर अकबरले गृहस्वामिनीको इन्तजार गर्न थाले । अकबरलाई हेर्दै उसले भनी- 'व्यापारी, तिम्रो राम्ररी परीक्षा नगरिकन मेरो स्वामिनी तिमीलाई भेट गर्ने छैनन् ।'

एक छिन पछि सेविकाले अकबरका लागि एक गिलास तातो दूध लिएर आई ।

सेविकाले अकबरलाई दूध दिंदै सोधी- 'के को दूध हो ?'

अकबरले दूध हेरेर सोचे यति मामूली कुरा किन सोधेको होला ? अनि भने- 'दूध कि गाईको होला कि भैंसीको ?' अनि दूध खान थाले ।

सेविका केही नबोली बाहिर फर्केर गई । अनि एउटा रातो गुलाफको फूल ल्याएर दिई । अतिथि सत्कारका लागि दिएको फूल भन्ने बुझी अकबरले फूल लिएर सुँघ्न थाले ।

यो देखेर सेविकाले रिसाएर भनी- 'युवक, तिमी असभ्य मात्र होइन पटमूर्ख पनि रहेछौं । तिमी जस्तो मूर्ख मेरो मालकिनका प्रेमको लायक छैनौ । तिमी यहाँबाट गइ हाल नत्र शाही रक्षकलाई खबर गरेर तिमीलाई कारवाही गर्छु ।' यति भनेर अकबरलाई गलहत्याएर ढोका बाहिर निकालिदिई ।

बेइज्जत भएर निस्केका अकबरलाई बडो नराम्रो लाग्यो । यो घटना केही नबुझेर रनभुल्ल परेका अकबरले त्यस महल बाहिर झाडीमा लुकेर सही कुरा पत्ता लगाउने निधो गरे ।

त्यो सेविका फेरि बजारतिर निस्की । एक छिनपछि एउटा कालो युवकलाई लिएर आई ।

बीरबललाई पनि अकबर जस्तै कोठामा लिएर गई । कोठामा गएर बीरबल नबसेर यताउता नजर दौडाउन थाले ।

सेविकाले सोधी- 'युवक, के खोजेको ?'

युवकले भन्यो- 'म आफूलाई बस्ने स्थान खोज्दै छु । अरूको बिछ्यौनामा बस्नु अपरिचितलाई शोभा दिंदैन ।'

सेविकाले एउटा कुर्सि लिएर आई । अनि प्रसन्न मुद्रामा दूधको गिलास दिंदै सोधी- ' के को दूध हो ?

बीरबलले गिलासतिर हेर्दै नहेरी जवाफ दियो- 'ब्राह्मणको । म ब्राह्मणको सन्तान हुँ । मेरो नाम बीरबल हो ।'

यति भनेर गिलास हातमा लिएर दूध खान थाल्यो ।

सेविका प्रसन्न भई । भित्र गएर रातो गुलाफको फूल लिएर आई । युवकले त्यस फूललाई हातमा लियो । छातीमा लगायो र सुँघ्दै भन्यो- 'आफ्नी स्वामिनीलाई भनीदिनु यस प्रेमको बारेमा तिमी र म बाहेक अरू कसैलाई थाहा हुने छैन ।'

सेविकाले भनी- 'युवक तिमी मेरो मालकिनका लागि योग्य रहेछौ । अब तिमीले मेरी मालकिनसँग भेट गर ।' भन्दै उसले आफ्नी मालकिनको कोठामा लिएर गई । यही युवक बीरबल थियो । जुन पछि अकबरको नवरत्न मध्ये एक हुन पुग्यो ।

**२. अलफ लैला**

अचम्मका कथाहरूको संग्रह हो अलफ लैला । अलफको अर्थ हुन्छ एक हजार तथा लैलाको अर्थ हुन्छ रात । यो पुस्तक मूलतः फारसी भाषामा छ तर यसको अंग्रेजी संस्करण अरेबियन नाइट्सले नै यसलाई विश्वभर प्रसिद्धि प्राप्त भएको हो । मैले भने हिन्दी प्रचारक संस्थान, बनारसबाट प्रकाशित सहस्र रजनी चरित्रमा यी कथाहरू पढेको हूँ । जसको सम्पादन सरस्वती सरनले गरेका छन् । खलीफाको समयमा यो कथा संग्रह तैयार भएको अनुमान गर्न सकिन्छ । यसको आमुख कथा फारस देशका बादशाह शहरयारको एक उर्दीबाट सुरू हुन्छ ।

शहरयारको भाउजूले दाजुलाई घात गरेको थाहा पाएको शहरयारले आफ्नी पत्नीले नोकरसँग अवैध सम्बन्ध भएको चाल पाउँछ । पत्नीद्वारा घात गरिएका यस्तै अरू घटना पनि उसले आफ्नै आँखाले देख्छ । यसबाट उसलाई सारा महिलाहरू माथि घृणा हुनजान्छ । महिलाहरूसँग बदला लिने उद्देश्यले प्रत्येक दिन दरबारका प्रमुख अमीर उमराका कुमारी कन्यासँग विवाह गर्छ र बिहान मृत्युदण्ड दिन्छ । दरबारका सबै अमीरका छोरीहरू सिद्धिए पछि बगदाद सहरका कन्याहरूको पालो सुरू भयो । देशभरि भय, त्रास र आतंकको वातावरण फैलियो । प्रत्येक घरमा मानिसहरू डाँको छोडी रून थाले । कोही मानिसहरू सपरिवार देश छोडेर बाहिर जान थाले ।

त्यस देशको बजीर दुई विदुषी कन्या थिए । जेठी शहरजाद र कान्छी दुनियाँजाद । शहरजाद आफ्ना सखी र दिदीबहिनीहरूमा सबभन्दा राम्री थिई । यसका साथै उसलाई प्राचीन मनीषीहरूका आख्यान, उक्ति र कविताहरू कण्ठ थिए ।

एक दिन शहरजादले आफ्ना पितालाई भनी– 'बाबा, मैले हजुरलाई एउटा कुरा अनुरोध गर्छु । हजुरले मान्नु पर्छ ।'

अनि उसले आफूले बादशाहसँग विवाह गर्न चाहेको कुरा बताउँछे । यो सुनेर मन्त्री छाँगाबाट खसे सरह हुन्छ । छोरीलाई विचार बदल्न आग्रह गर्छ । शहरजादले नमानेपछि मन्त्रीले बाध्य भएर त्यो कुरा स्वीकार गर्छ ।

विवाह भएको राति शहरजादले बादशाहलाई विनम्रतापूर्वक भन्छे– 'मेरी प्यारी बहिनी छ । भोलि मेरो अन्तिम दिन भएकोले एक रात संगै बस्नका लागि बोलाउँछु ।'

बादशाहले स्वीकृति दिन्छ । आधा रात कटेपछि दुनियाँजादले शहरजादलाई जगाउँछे– 'दिदी मेरो चित्त बडो व्याकुल छ । मनलाई शान्त गराउन एउटा कथा सुनाउनुस न ।'

बादशाहसँग स्वीकृति लिएर शहरजादले कथा सुनाउन सुरू गर्छे । त्यो कथा जब आफ्नो उत्कर्षमा पुग्छ, त्यसबेला बिहान हुन थालेको हुन्छ । शहरजादले निराश स्वरमा भन्छे– 'यो कथा अझै बाँकी छ । तर मैले यसलाई पूरा सुनाउन सकिन । अब घाम उदाउनै लागेको छ । उज्यालो भए पछि मेरो मृत्यु निश्चित छ ।'

बादशाह शहरयारलाई पनि कथा मन पर्छ । कथाको अन्त जान्नका लागि उत्सुक हुन्छ । त्यसैले एक दिनका लागि उसले शहरजादको मृत्युदण्ड स्थगित गरिदिन्छ ।

अर्को आधा रातमा शहरजादकी बहिनीले कथाको अन्त बताउन अनुरोध गर्छे । त्यो कथा सकिनासाथ बादशाहको स्वकृतिले अर्को कथा सुरू गर्छे । तर त्यो कथा पूरा हुन नपाउँदै उज्यालो हुन्छ । कथाको अन्त जान्न उत्सुक राजाले पुनः एक रातका लागि जीवनदान दिन्छ । यसरी उसले लगातार कथा सुनाउँदै आफ्नो जीवन रक्षा गर्छे । यस क्रममा शहरजादले ऐतिहासिक कथा, प्रेम कथा, संयोगान्त, वियोगान्त, समुद्री यात्रा, जादू, बोक्सी, भूत प्रेत र हास्य कथाहरू सुनाउँछे । कथा सुनाएर सकेपछि एक रात दुनियाँजादले फेरि नयाँ कथा सुनाउन आग्रह गर्छे । तर शहरजादले दुखपूर्वक भन्छे– 'मैले जानेका

कथाहरू सिद्धिए त्यसैले भोलि मेरो जीवनको कथा पनि सिद्धिन्छ ।' यति लामो समय पछि राजाको मनोविज्ञानमा पनि सुधार हुन्छ । बादशाहले प्रसन्नतापूर्वक भन्छ- 'बेगम, तिमीले सुनाएका रमाइला कथाले मैले धेरै कुरा जानें । तिम्रो जीवन पनि सुरक्षित हुन्छ र तिम्रा कथाहरू पनि सधैंका लागि अमर हुन्छन् ।' यति भनेर प्रत्येक दिन नयाँ विवाह गर्ने आफ्नो उर्दी फिर्ता लिन्छ । यसरी अन्य कन्याहरूको जीवन सुरक्षित हुनजान्छ ।

अरेबयिन नाइट्सका कथाहरू घटना प्रधान छन् । कथाहरूमा अत्यधिक कल्पनाशीलता पाइन्छ । कथा प्रारम्भ हुना साथ त्यसले पाठकलाई आफूसँग बगाउँदै जान्छ । कथाहरूमा अचानक मोडहरू आउँछन् । प्रत्येक घटनाले पाठकलाई अचम्मित बनाउँछ ।

अरेबयन नाइट्समा कथावाचनको अद्‌भुत सीप सिक्न पाइन्छ । श्रोताहरूमा रूचि कायम राख्ने तरिकाहरू पनि सिक्न पाइन्छ । यसका कतिपय कथाहरू पञ्चतन्त्रका कथाहरू जस्तै छन् । जसमा कथाभित्र जोडिएका कथा र उपकथाहरू छन् ।

**३. पञ्चतन्त्र**

पञ्चतन्त्र कथासंग्रह विश्वको उत्कृष्टतम कथासंग्रहमा पर्दछ । हुनत, यो कथा संग्रह मूलरूपमा संस्कृतमा छ, तर यसको पहिलो पुस्तक मैले अंग्रेजी भाषामा पढेको हूँ । जुन आर्थर रायडरद्वारा अनूदित र जयको पब्लिकेशनबाट प्रकाशित थियो ।

यस कथा संग्रहमा मानिस, पशुपक्षी, कीरा फटेङ्ग्रालाई पात्र बनाइएको छ । कहाँसम्म भने पञ्चतन्त्रमा उडुस र उपियाँलाई पनि पात्र बनाएर कथा रचना गरिएको छ । यसबाट रचनाकारको उत्कृष्ट रचनाशिल्पताको परिचय पाइन्छ । यसका जनावर पात्र आपसमा मात्र होइन मानिसहरूसँग पनि कुरा गर्छन् । इसपका कथाहरूमा झैं प्रश्नोत्तर गर्छन् ।

यस पुस्तकको आमुख कथा अनुसार एउटा राजाका चारवटा छोरा थिए । उनीहरू लोसे र मन्दबुद्धि थिए । त्यसैले युवावस्थामा पाइलो टेक्दा समेत केही सिक्न सकेनन् । यसबाट राजालाई पीर पर्‍यो । यस्तालाई राज्यको उत्तराधिकार कसरी हस्तान्तरण गर्ने । अनि राजाले झ्याली पिटायो- 'जसले मेरा सन्तानलाई एक वर्ष भित्रमा बुद्धिमान बनाउने गरी शिक्षा दिनेछ त्यस आचार्यलाई मागेको धनसम्पत्ति पुरस्कार दिने छु ।'

राज्यमा कुनै पनि आचार्यले यो चुनौती स्वीकार गर्न सकेन । किनभने राजाका सबै छोरा पटमूर्ख थिए । एउटा आचार्यले त्यो चुनौती स्वीकार गर्दै

भन्यो- 'मैले तिनीहरूलाई बुद्धिमान बनाउने जिम्मा लिन्छु । यदि मैले छ महिनामा यिनीहरूलाई बुद्धिमान बनाउन सकिन भने आफ्नो नामको परित्याग गर्नेछु । तर यो कार्य सम्पन्न गरे बापत मैले कुनै पनि पारितोषिक लिने छैन । अब ८० वर्षको उमेरमा मलाई धनसम्पत्तिको कुनै लोभ छैन । त्यसको मलाई आवश्यकता पनि छैन । म एक शिक्षक हुँ । शिक्षा दिनु मेरो कर्तव्य हो ।' यस्तो घोषणा गर्ने आचार्यको नाम विष्णु शर्मा हो । र त्यो नै पञ्चतन्त्रको लेखक पनि हो ।

पञ्चतन्त्रका कथा पढाएर उसले ती बालकहरूलाई छ महिनामा शिक्षित र योग्य बनायो । त्यस पछि उसले राजा कहां लगेर भन्यो- 'महाराज, अब यी चारै जना श्रुति, स्मृति, अर्थशास्त्र लगायत सबै विद्यामा पारङ्गत भइसकेका छन् । अब यिनीहरूलाई इन्द्रले पनि जित्न सक्दैनन् ।

पञ्चतन्त्र कथा पढेपछि आचार्य विष्णु शर्माको भनाइ अतिशयोक्ति लाग्दैन । नीति, ज्ञान र लोकव्यवहारको सजिलो गरी शिक्षा दिन योभन्दा उत्कृष्ट पुस्तक अर्को छैन भन्न सकिन्छ । मूर्ख शिष्यहरूलाई शिक्षा दिइएको घोषणा गरिएकोले यो शिक्षण विधि पनि हो भन्न सकिन्छ । पञ्चतन्त्रको अर्थ हो पाँच प्रकारका तन्त्र वा व्यवस्था । जुन यस प्रकार छन्-

१. मित्रभेद
२. मित्रलाभ
३. काकोलूकीयम्
४. लब्धप्रणाशम्
५. अपरीक्षितकारकम्

मित्रभेदमा गोरूसँग डराएका जंगलका राजाको कथा छ । राजा डराएको कुरा अरू कुनै जनावरले थाहा पाउँदैनन् । दुई जना मन्त्री अर्थात् स्यालले थाहा पाउँछन् । एउटाको नाम करटक र अर्काको नाम दमनक हुन्छ । कुनै कारणले राजा ती मन्त्रीहरूसँग असन्तुष्ट भएको हुन्छ । दुवै जना आफ्नो पुरानो स्थान प्राप्त गर्न प्रयासरत हुन्छन् । राजाले गोरूसँग मित्रता गर्छ । दुवै जना मन्त्रीले गोरू र राजामा फूट पार्न प्रयास गर्छन् र सफल गर्छन् र सफल हुन्छन् । यसै घटनालाई आधार बनाएर उनीहरू फेरि राजाको नजिक हुन पुग्छन् ।

मित्रलाभमा मित्रहरूबाट प्राप्त हुने सहयोग बताइएको छ । यसको मूल कथामा परेवा, काग, कछुवा, र हरिणले एक अर्कोलाई सहयोग गरेर मित्रतालाई

निरन्तरता दिएको कुरा व्याख्या गरिएको छ । लब्धप्रणाश खण्डमा बाँदर र गोहीको मित्रता भङ्ग भएको कथाद्वारा आफूसँग प्राप्त हुन आएको उपलब्धि किन नाश हुन्छ भन्ने कुरा व्याख्या गरिएको छ । गोहीले आफ्नी श्रीमतीलाई खुशी पार्न आफ्नो मित्र बाँदरको मुटु निकालेर खुवाउन चाहन्छ । बाँदरले प्रत्युत्पन्नमति प्रयोग गरी आफ्नो जीवन रक्षा गर्छ । तर त्यस पछि दुवैको मित्रता भंग हुनजान्छ ।

'अपरीक्षितकारकम्' खण्डमा राम्ररी परीक्षा नगरिकन आवेगमा कुनै निर्णय गर्दा कस्तो दुर्घटना हुन सक्छ भन्ने कुरा बताइएको छ । यसमा एक जना ब्राह्मण, उसको शिशु र त्यसको सुरक्षा गर्न राखिएको नेउरी मुसाको मूल कथा छ । जसमा नेउरी मुसाले सर्प मारेर आफ्नो मालिकलाई भेट गर्न जान्छ । नेउरी मुसाको मुखमा रगत लागेको देखी शिशुलाई मारेर देखाउन आएको ठानी रिसको आवेगमा त्यसलाई मार्छ । घर फर्कंदा शिशु सुरक्षित देखे पछि ब्राह्मण पछुताउँछ ।

काकोलूकीयममा काग र लाटोकोसेरोको कथामा बलवान् र बलहीन हुने अवस्थाको सापेक्षिक तुलना गरिएको छ । दिउँसो काग बलियो र राति लाटोकोसेरो बलियो हुन्छ भन्ने कथाको माध्यमबाट कोही पनि एकनास बलियो हुँदैन, सापेक्षिक अवस्थाले को बलियो भन्ने कुरा निर्धारण गर्छ भन्ने कुरा बताइएको छ । नाम अनुसार प्रत्येक खण्डमा एक मुख्य कथा छ । त्यस मुख्य कथा भित्र अन्य कथा र ती कथाभित्र पनि उपकथाहरू उनिंदै गएका छन् । साथै विविध नीतिश्लोकहरू छन् ।

यस ग्रन्थमा सयबढी साना र ठूला कथाहरू छन् । यसका कैयौं प्रसङ्ग, नीति श्लोक र उक्ति रामायण, महाभारत र कौटिलीय अर्थशास्त्रबाट लिइएका छन् ।

अकबर-बीरबल, पञ्चतन्त्र र अलफ लैलाका यी कथाहरू अचेल टी भी धारावाहिकको रूपमा, सी डी मा, र यु ट्युबमा उपलब्ध छन् । कम्प्युटरमात्र होइन हात हातमा रहेका मोबाइलमै यी कथाहरू हेर्न र सुन्न पाइन्छ । तर यिनको मूलस्वरूप भनेको लेख्य हो त्यसैले कथाका यी पुराना पुस्तकहरू खोजेर मूलस्वरूपमा पढ्न पाउँदा मौलिकताको छुट्टै आनन्द हुनेछ । मैले त सबैलाई पुस्तक खोजेरै पढ्नुहोस् भन्ने सल्लाह दिन्छु । स्टीभ जब्सले समेत माइक्रोसफ्ट छोडेर नेपालमा पुस्तक वितरण गर्न हिंडेका हुन् भन्ने कुरा बिर्सनु हुंदैन ।

पाना चार

# विश्वविजयी एलेक्जेन्डर र तक्षशिलाका आचार्य

विश्व इतिहासको प्रामाणिक तिथिमितिका दृष्टिले मात्र होइन, एसिया र युरोपको आपसी सम्बन्धको दृष्टिले पनि एलेक्जेन्डरको विजय यात्रा निकै महत्त्वपूर्ण मानिन्छ । मेसिडोनियाका राजा फिलीपले आफ्ना सन्तान एलेक्जेन्डरको बहादुरीका काम देखेर भनेको थियो- 'बाबु तिमी संसारमा राज्य गर्ने हैसियत राख्छौ । यो मेसिडोनिया तिम्रा लागि धेरै सानो छ ।' अनि उसलाई योग्य बनाउन एरिस्टोटलकहाँ पठाइदियो ।

गुरू एरिस्टोटलले पनि उसलाई विश्वविजय गर्ने प्रेरणा दिए । एलेक्जेन्डर सानैदेखि एक यथार्थवादी र तर्किक युवा थियो । बिना तर्क उसले कुनै कुरा पत्याउँदैनथ्यो । उसकी आमाको नाम थियो- ओलिम्पियास । उसका बहादुरी र तर्कका कुराहरू लगभग त्यस्तै छन् जस्ता कथाहरू जङ्गबहादुरको बारेमा प्रचलित छन् ।

युरोपका ससाना देश जितेपछि एलेक्जेन्डरले भारतीय उपहाद्वीपलाई आफ्नो राज्यमा गाभ्ने उद्देश्यले ठूलो सेनाका साथ विजय यात्रा सुरू गर्यो ।

त्यसबेला ऊ २० वर्षको थियो । ईरान जस्तो शक्तिशाली देशलाई सजिलै जित्न सफल भयो । त्यसपछि ठूलो फौजसहित गान्धार प्रवेश गर्‍यो । त्यसबेला तक्षशिला विश्वको शिक्षा केन्द्र थियो । त्यो गान्धार राज्यमा पर्‍यो । जसको राजा आम्भी  थियो । आम्भीले आफ्नो राज्यको सीमा बाहिर महँगा उपहारसहित स्वागत गर्दै एलेक्जेन्डरको अधीनता स्वीकार गरेकोले तक्षशिलाका आचार्यहरू आम्भीसँग रूष्ट भएका थिए । चन्द्रगुप्त मौर्यलाई यवन शासनको विरूद्ध विद्रोह गर्न तालिम दिने कौटिल्य तिनै रूष्ट आचार्यमध्ये एक थिए ।

गान्धारले अधीनता स्वीकार गरे पनि आम्भीको छिमेकी राज्य पुरूले एलेक्जेन्डरसँग युद्धको घोषणा गरेको थियो । यो युद्ध र यसको विवरण विश्व प्रसिद्ध मानिन्छ । पुरू राज्यलाई आफ्नो नियन्त्रणमा लिएपछि आफ्नो पकड बलियो बनाउन उसले केही प्रयास गरेको थियो । ग्रीक इतिहासकार प्लुटार्कका अनुसार गान्धार प्रवेश गरे पछि एलेक्जेन्डरले निरन्तर स्थानीय मानिसहरूको विद्रोहको सामना गर्नु परेको थियो । स्थानीय क्षेत्रलाई नियन्त्रणमा राख्न उसलाई गाह्रो हुनथाल्यो । उसका सिपाहीहरूले १० जना ब्राह्मणलाई एलेक्जेन्डरको विरूद्धमा मानिसहरूलाई भड्काइरहेको आरोपमा समातेर ल्याएको कुरा प्लुटार्कले उल्लेख गरेका छन् ।

जसरी बुद्धका जीवनीको पहिलो आधिकारिक ग्रन्थ भिक्षु अश्वघोषको बुद्ध चरित्र र विश्वको पहिलो आधिकारिक शब्दकोष अमरसिंह रचित अमरकोष हो, त्यसै गरी एलेक्जेन्डरका जीवनको बारेमा पहिलो आधिकारिक जानकारी दिने व्यक्ति प्लुटार्क हो ।

सम्भवतः ती ब्राह्मण वा बटुकहरू कुनै विशेष आश्रमसँग सम्बन्धित थिए । कुन आश्रम वा कुन ऋषि परम्पराका थिए यो कुरा भने प्लुटार्कले उल्लेख गरेका छैनन् । तर प्लुटार्कले उनीहरूलाई बुद्धिमान ब्राह्मण भनी उल्लेख गरेका छन् । यसबाट उनीहरू आचार्यहरू हुनसक्छन् भन्ने अनुमान लगाउन भने सकिन्छ ।

एलेक्जेन्डरले आफ्नो विरोध गर्नेलाई जुन निर्दयताले दण्ड दिन्थ्यो त्यो देखेर सबै एलकजेन्डरको नाम सुन्दा थर्थर काम्थे । संसार ऊसँग डराउँथ्यो । ती ब्राह्मणलाई सार्वजनिक रूपमा दण्ड दिनका लागि एलेक्जेन्डरले भन्यो– ‘मैले तिमीहरू प्रत्येकलाई एक एक प्रश्न सोध्ने छु, जसले सबभन्दा खराब जवाफ

दिन्छ उसले सबभन्दा पहिले मर्नु पर्नेछ ।' कसको उत्तर सबभन्दा खराब छ, यसको टुङ्गो लगाउन उसले सबभन्दा वृद्ध ब्राह्मणलाई निर्णायक नियुक्त गऱ्यो । पहिलो ब्राह्मणलाई उसले सोध्यो- 'संसारमा जीवित मानिस धेरै छन् कि मृत ?' पहिलो ब्राह्मणले भन्यो- 'जीवित । किनभने मृतलाई गणना गरिंदैन ।'

एलेक्जेन्डरले दोस्रो ब्राह्मणलाई प्रश्न गर्यो- 'कसले धेरै प्राणी उत्पन्न गऱ्यो धरतीले कि समु ले ?'

दोस्रो ब्राह्मणले भन्यो- 'धरतीले । समु  धरतीको केवल एक भाग हो ।'

एलेक्जेन्डरले तेस्रो ब्राह्मणलाई प्रश्न गऱ्यो- 'सबभन्दा सानो जीव कुन हो ?'

तेस्रो ब्राह्मणले भन्यो- 'त्यही, जुन अझैसम्म भेटिएको छैन ।'

एलेक्जेन्डरले चौथो ब्राह्मणलाई प्रश्न गर्यो- 'तिमीहरूले यस्तो के भनेर विद्रोहीहरूलाई उक्साइ हिंडेका छौ ? सबै कात्रो बाँधेर उत्रेका छन् ।'

तेस्रोले भन्यो- 'बाँच्ने भए इज्जतसाथ बाँच नभए इज्जतसाथ मर ।'

एलेक्जेन्डरले पाँचौ ब्राह्मणंलाई प्रश्न गर्‍यो- 'दिन पुरानो हो कि रात ?'

पाँचौंले भन्यो- 'दिन । यो कम्तीमा एक दिन पुरानो छ ।'

एलक्जेन्डरलाई उत्तर चित्त बुझेन- 'हो र ?'

ब्राह्मणले थप्यो- 'प्रश्न जुन प्रकृतिका हुन्छन् । उत्तर पनि त्यस्तै हुन्छन् ।'

एलेक्जेन्डरले छैठौंलाई प्रश्न गर्‍यो- 'सबैको प्यारो हुन के गर्नु पर्छ ?'

त्यस ब्राह्मणले भन्यो- 'अर्कालाई नतर्साइकन शक्ति आर्जन गर्नु पर्छ ।'

एलेक्जेन्डरले सातौंलाई प्रश्न गर्‍यो- 'भगवान बन्न के गर्नु पर्छ ?'

त्यस ब्राह्मणले भन्यो- 'मानिसले गर्न नसक्ने काम गर्नु पर्छ ।'

एलेक्जेन्डरले आठौं ब्राह्मणलाई प्रश्न गर्‍यो- 'जीवन बलियो कि मृत्यु ?'

ब्राहमणले भन्यो- 'जीवन ।  किनभने बाँच्नेले दुखकष्ट सहनु पर्छ ।'

एलेक्जेन्डरले नवौं ब्राह्मणलाई प्रश्न गर्यो- कहिलेसम्म बाँच्नु पर्छ ?

ब्राह्मणले भन्यो- 'अब बाँच्न जरूरी छैन भन्ने नलागुन्जेल ।'

अब एलेक्जेन्डर निर्णायक वृद्ध बाह्मणतिर फर्क्यो । उसले तत्काल भन्यो- 'ऊभन्दा ऊ खराब । प्रत्येकको उत्तर झनझन् खराब छ ।'

एलेक्जेन्डरले भन्यो- 'यस्तो सही उत्तर दिएकोमा सबभन्दा पहिले तिमीले मर्नु पर्छ ।'

ब्राह्मणले भन्यो– 'यदि तपाईं आफ्नो कुरामा वचनबद्ध हुनुहुन्छ भने तपाईंले त के भन्नु भएको थियो भने सबभन्दा खराब जवाफ दिनेलाई पहिले मार्नेछु ।' भनिन्छ, यस्तो निर्भीकता देखेर एलेक्जेन्डर प्रसन्न भयो । उसले सबैलाई उपहार दिएर बिदा गर्‍यो ।

प्लुटार्कका अनुसार, स्वदेश फर्कने समयमा उसले केही ब्राह्मणहरूलाई आफूसँग मेसिडोनिया लग्यो । त्यसमा ती १० जना पनि थिए ।

घरभन्दा टाढा भएको एलेक्जेन्डर उद्विग्न हुन थालेको थियो । उसलाई के लाग्न थालेको थियो भने उसका दिनहरू बिग्रन थालेका छन् । आफ्नो जन्मभूमि छोडेको १० वर्षभन्दा बढी भइसकेको थियो ।

जब ऊ ईरान पुग्यो । ऊसँग गएका ब्राह्मणमध्ये एक जसको नाम प्लुटार्कले केलानस लेखेका छन्, ले भन्यो– 'अब मेरो अन्तिम समय आयो । त्यसैले मैले अब प्राण त्याग गर्छु ।' अनि ऊ आफैंले सबै सर्जाम तैयार गरी सारा अन्तिम संस्कार गर्‍यो । सबैसँग विनम्रतापूर्व औपचारिक रूपमा बिदा लिएर चिता बनाएर त्यसमा शान्तिपूर्वक त्यसबेलासम्म बस्यो जबसम्म ऊ खरानी भएन । यो घटना ३२४ वि.पू. को हो । त्यस घटनाको एक वर्षपछि दुई हप्ता ज्वरोले थलिएर विश्वविजेता एलेक्जेन्डरको मृत्यु भयो । अन्तिम समयमा उसले निकै धेरै रक्सी सेवन गर्न थालेको थियो । शारीरिक बेचैनी र मानसिक अशान्ति कम गर्ने त्यही एक उपाय ऊसँग थियो । उसले आफ्ना सहायकहरूलाई भनेको थियो– 'मेरा दुई हात कफन बाकस बाहिर सबैले देखिने गरी राख्नु । मर्ने बेलामा विश्वविजयी एलेक्जेन्डर रित्तो हात थियो यो कुरा संसारलाई देखाइ दिनु ।'

ज्ञान बाटिका, स्मारिका २०७५, न्यु इन्भारन्मेन्ट अंग्रेजी मा.वि., वि.सं. २०७५

पाना पाँच

# प्रेम, निष्ठा र सुन्दरताको प्रतीक पर्वः तीज

तीजको दिन आउन बाँकी नै रहँदा सबै नेपालीलाई तीज लागिसकेको हुन्छ। अमेरिकादेखि अष्ट्रेलियासम्म फेसबुकमा मेरा मित्र र उनका पनि मित्रहरूका जुन स्टेटस छन्, ती सबैमा तीजको सुन्दरता र मनमोहकता छरिएको हुन्छ। चेलीबेटीका समूह फोटोहरू टन्न अपलोड गरिएका हुन्छन्। लरक्क लर्केको रातो साडी, रातै चोलो वा ब्लाउज, थरिथरिका पोते, नयाँ डिजाइनमा कुँदिएका गहना र सुन्दर केशराशिले सजिएका फोटो। फुलबारीमा भएका हरिणका बथान जस्तै चञ्चलता र सुन्दरताको प्रतिस्पर्धा गरिरहेका चेलीबेटीहरूको समूह।

पर्वको अंग्रेजी समानान्तर शब्द हो- फेस्टिवल। यसको अर्थ हो धार्मिक अवसर। धर्म र चाडपर्वले मानिसको सौन्दर्य चेतना विकसित हुन्छ। चाडपर्वसँग गीत, संगीत, चित्रकारिता, सुन्दरता यी सबैको कलात्मक प्रयोग गाँसिएको हुन्छ। यस दृष्टिले तीज पूर्णतया सौन्दर्य चेतनाको चाड हो।

पति-पत्नीको प्रेमलाई संस्कारयुक्त बनाउन, पारिवारिक सम्बन्ध दिगो राख्न र सुखी दाम्पत्य जीवनका लागि हाम्रा पुर्खाहरूले अक्षय तृतीया, गौरा, छठ,

तीज, विवाह पञ्चमी, वट सावित्री, स्वस्थानी जस्ता अनेक चाडपर्वहरू निर्माण गरेका छन् । प्रायः सबै तिथिमा आधारित छन् । तिथि चन्द्रकलामा आधारित हुन्छ ।

यी सबैमा प्रमुख एक चाड हो- हरितालिका तीज । तीजका अनेक रूप छन् । यसलाई पञ्जाबी, गुजराती र मारवाडी समुदायले समेत मनाउँछन् । तर यी सबैमा नेपाली परम्पराको तीज बढी चर्चित र रमाइलो छ । नाचगान, भूला, रमाइलो र सामूहिक भेटका कारणले सबै नेपालीहरू यसमा सहभागी हुनसक्छन् । वर्ण, जात, उमेर, भाषा, समुदाय जस्ता कुराले यसमा सहभागितालाई छेक्दैन । त्यसले यस पर्वलाई राष्ट्रिय पर्वको दर्जा प्रदान गर्छ । हरितालिकाको एउटा अर्थ हुन्छ- दुबो । हरियाली प्रसन्नताको प्रतीक पनि हो । यसको अर्को प्रतीक पनि छ । लामो खडेरीले पनि दुबो मर्दैन सुक्छ । अलिकति पानी पाउनासाथ फेरि मौलाउँछ । दाम्पत्य जीवन पनि त्यस्तै हो । एक्लो मानिस दुखी रहन्छ । तर पतिपत्नी दुवै जना साथ हुँदा दुवैलाई प्रसन्नता प्राप्त हुन्छ । दाम्पत्य जीवनमा सानातिना अप्ठ्यारा आउन सक्छन् तर यसमा दुबो जस्तो एक आन्तरिक शक्ति रहिरहनु पर्छ । यसो भयो भने थोरै अनुकूलता पाउनासाथ त्यो फेरि आफ्नो मौलिक रूपमा विकसित हुनजान्छ । तीज जस्तै गरी सुदूर पश्चिममा मानिने पर्व हो गौरा । दुवैको समयमात्र होइन ऐतिहासिक र पौराणिक आधार पनि एउटै छ । सतीको आत्महत्या पछि एक्लो बनेर निराश भएका भगवान शिवसँग विवाहको अठोट गरेकी पार्वतीको प्रेमसँग यसलाई सम्बन्धित गरिएको छ । पार्वतीका पिताले भगवान् विष्णुलाई वाग्दान गरिसकेपछि असन्तुष्ट बनेकी पार्वतीलाई सहयोग गर्न उनका अलि अर्थात् सखीहरूले हरित अर्थात् लुकाएर राखेको दिनको सम्झनामा हरितालिका तीज मानिन्छ ।

तीजलाई शिव पार्वतीसँग सम्बन्धित गर्नाको एउटा रहस्य सभ्यतासँग गाँसिएको छ । शिव पार्वती सभ्यताको पहिलो उद्बोधन पनि मानिएका छन् । सबभन्दा पहिलो मानव अवशेषलाई सुरूमा मानवशास्त्रीहरूले शिवपिथेकस भन्ने गरेका थिए । सिन्धु सभ्यता विश्वमा सर्वाधिक पुरानो सभ्यता मानिएको छ । चीनियाँ यात्रु इत्सिङ्गका अनुसार सिन्धु भन्ने शब्द इन्दुबाट बनेको छ । इन्दु र पार्वती एक अर्काका पर्याय पनि हुन् ।

लगभग १२०० वर्ष पूर्व शैव संस्कृति उत्तरमा अफगानिस्तानदेखि दक्षिणमा श्रीलङ्कासम्म फैलिएको थियो । यदि पार्वतीले शिवसँग विवाह नगरेको भए यो

सभ्यता विकसित हुन पाउने थिएन । त्यसैले तीजको चाड मानव सभ्यताको प्रतीक पनि हो ।

विष्णु जस्तो रूपवान्लाई छोडेर एक विधुरसँग विवाह गर्न पार्वती किन तैयार भइन् ? यसका पछाडिको कथा स्वस्थानीमा विस्तृत वर्णन पाइन्छ । नेपालमा रामायण पछि नेपालीमा सबभन्दा बढी पढिने पुस्तक हो स्वस्थानी कथा । यसमा भएको वर्णन अनुसार, देवताहरू असुरहरूको अन्याय, अत्याचार र मनपरीबाट आजित थिए । त्यस असुरको मृत्यु केवल शिवको सन्तानबाट हुनसक्थ्यो । तर शिव विधुर थिए । सती वियोगले दुखी र वीतराग भइ कठोर तपस्यामा मग्न थिए । शिवको मनोविज्ञानलाई तीनलोकको सबभन्दा सुन्दर र सुशील कन्याले मात्र परिवर्तन गर्नसक्थ्यो । त्यसैले आसुरी शक्तिलाई समाप्त गरी दैवी शक्तिको रक्षा गर्न पार्वतीले एक अठोट गरिन् । योगदान गरिन् । उनले यो विवाह लोककल्याणका लागि गरेकी हुन् । सृष्टिको स्थायित्वका लागि गरेकी हुन् । देवताहरूको अनुरोधका कारण गरेकी हुन् ।

विवाहका तीन उद्देश्य मानिन्छन्, धर्म, प्रजा र रति । तर भगवान शिव र पार्वतीको विवाह लोककल्याणका लागि भएको थियो । त्यसैले भगवान शिवको विवाहमा सारा चराचर जगत प्रसन्न थियो भन्ने कथा स्वस्थानीमा वर्णित छ । स्वस्थानीमा लेखेको छ- यति विचित्रको विवाह तीनलोकमा यस अघि कहिल्यै भएन र अब भविष्यमा पनि त्यो हुने छैन । यदि कसैले लोककल्याणका लागि विवाह गर्छ भने त्यो विवाह अनुपम हुन्छ नै । शिवका लागि विवाहको उद्देश्य न प्रजा थियो, न रति । विवाहको एक मात्र उद्देश्य थियो धर्म अर्थात् लोककल्याण । शिवले विवाह अघि नै काम विजय गरिसकेका थिए भनेर कथामा स्पष्ट गरिएको छ । प्रजाका लागि मदनले काम बाण चलाउनु परेको थियो । त्यसैले तीज लोककल्याणको प्रतीक पनि हो ।

यस पर्वको अझ एउटा प्रतीक पनि छ । पार्वतीका बाबुआमाले कन्याका लागि उत्कृष्ट वर खोजी गर्छन् । उनीहरूले सुन्दर, नाम चलेका, सम्पन्न वरको खोजी गर्ने क्रममा विष्णुलाई उचित ठान्छन् तर पार्वतीले शिवलाई नै मन पराउँछिन् । कथामा भनिए अनुसार त्यस समयमा पार्वती जति सुन्दर अर्को कोही थिएन । यस लोकमा मात्र होइन तीनै लोकमा । तर उनले मन पराइन् यस्तो वरलाई जो कुनै पनि कुरामा विष्णु बराबर देखिंदैनथे । सूरतमा न सीरतमा । एकातिर नङ्गा शिव अर्कातिर तीन लोकका स्वामी, सुन्दरताका खानी

विष्णु । त्यस्ता शिवसँग फूलको शैयामा हुर्केकी कन्या विवाह गरीदिन बाबु आमा तैयार थिएनन् ।

पार्वतीको चाहना आमाबाबुले पूरा नगर्ने । बाबु आमाको इच्छा अनुसार गर्दा उनको इच्छा पूरा नहुने । उनले एक सौम्य विद्रोह गरिन् । पार्वतीका सखीहरूले उनलाई लुकाइ दिए । बाबुआमा छोरीको चाहना पूरा गर्न राजी भए पछि उनी फर्केर आइन् । यसरी उनले आफ्नो अधिकार पनि प्राप्त गरिन् र बाबु आमासँग समन्वय पनि मिलाइन् । आफ्नो अधिकारका लागि उनले सम्झौता पनि गरिनन् तर पारिवारिक मर्यादा पनि भङ्ग गरिनन् । विद्रोह पनि सन्तुलित र केवल अधिकार प्राप्तिका लागि मात्र गरिन् । त्यसैले पछि बाबुआमाले पनि त्यो कुरा स्वीकार गरे । अनि शिवपार्वतीको विधिपूर्वक विवाह भयो । त्यसैले तीज महिला अधिकारको पर्व पनि हो ।

तीजमा चेलीबेटी लिन जाने परम्परा थियो । यसका लागि माइतीबाट दाजुभाइहरू दिदीबहिनीलाई लिन टाढाटाढा जान्थे । केवल खबरका भरमा चेलीबेटी आउन मान्दैनथे । त्यसैले गीत बने- 'कागजको चिर्कटाले जान्न बरिलै ।' यातायात र सञ्चार आफ्नो अधिकतम उचाइमा पुगेको वर्तमान समयमा लिन जाने परम्परामा परिवर्तन आइसकेको छ । अचेल कागजको चिर्कटो होइन एस एम एस गर्ने चलन आइसकेको छ ।

तीज पर्वका दुई भाग छन् । एउटा दरखाने र अर्को उपवास गरी नाच गर्ने । दरखाने कुरा मिठो खानपानसँग सम्बन्धित छ । तीजको दर एक दिन अघिको कुरा हो । सबै परिवार मिलेर खानाको आनन्द लिन्छन् । अर्को दिन अनुशासनपूर्वक उपवास गर्ने । तीजको दिन पार्वती र शिवको दर्शन गरेर मानव सभ्यताका प्रवर्तकलाई सम्मान प्रकट गरिन्छ । त्यसपछि चेलीहरूले आफ्ना सखीहरूसँग बाल्यकालका सम्झना ताजा गर्छन् । माइतीमा आफ्ना मातापिता दाजुभाइसँग भलाकुसारी गर्छन् । सार्वजनिक स्थानमा जम्मा भई मनको बहको रूपमा गीत गाइने हुँदा यस जमघटमा सबै समावेश हुन्छन् । पचास वर्ष अघि चेलीबेटीले दुख पाएका, मनको बह पोखेका गीत आज सुन्न दुर्लभ हुन थालेको छ । त्यसैले केही लेखिकाहरूले टिप्पणी गर्दै यसरी भनेका छन्- 'अघि दुख साट्ने गीतका भाका हुन्थे आज मस्ती र सुख साट्ने गीतका भाका छन् ।'

ऋषिपञ्चमीमा सभ्यता प्रवर्तक ऋषिहरूप्रति महिलाहरूले सम्मान व्यक्त गरेर पनि गीत गाउँछन् तर त्यसमा एउटा सीमा हुन्छ । केवल प्रार्थना र ऋषिसभ्यताका लागि त्यो गीत रचना गरिएको हुन्छ । तीजमा त्यस्तो छेकबार

केही छैन । प्रेम र बिछोडका, सुख र दुखका, ख्यालठट्टा र छेंड व्यङ्ग्यका सबै गीत स्वीकृत भइसकेका छन् । गीत र भिडियोलाई मर्यादित बनाउन केही गायक गायिकाहरूले आह्वान पनि गरिरहेका छन् तर यूट्युबमा तीजका रोजा गीत भाइरल भइरहेका छन् । यसका नकारात्मक पक्ष भएपनि सहभागिता वृद्धि भएको कुरालाई नकार्न सकिंदैन ।

नेपालका कतिपय स्थान जस्तै पोखरा, कपिलवस्तु इत्यादि स्थानहरूमा मुस्लिम नारीहरूले तीज गीतको भाका र तालमा साथ दिएका मात्र नभई गीत नै रचना गरेको र भाका हालेर गाएको पनि देख्न पाइन्छ ।

खानपानका चक्र पनि पहिलेका जस्ता छैनन् । नेपाली चेली संसारभरि फिंजिएका र माइत पुग्न धेरै लामो कार्यक्रम बनाउन पर्ने झमेलाले गर्दा नजिकैका मित्र, दिदीबहिनी, साथीभाइ वा नेपाली संगठनहरूले तीज मिलन कार्यक्रम गरेका छन् । उहिले चेलीबेटीले घरको दिक्क लाग्दो उत्तरदायित्वबाट मुक्त हुन पनि तीज मनाउँथे अब त्यस्ता उत्तरदायित्वको चक्रको दिशा विस्तारै परिवर्तन भएको छ । पाकापुस्ताको बढ्दो जनसंख्याले गर्दा अब सासुआमाहरूका हैरानीका दिन आइसकेका छन् । छोरीले बोलाइदिएमा एक छाक मीठो खान पाइन्थ्यो भनी आमाहरूले पो आश गर्न थालेका छन् ।

यस पर्वलाई अखण्ड सौभाग्यको पर्व भनिन्छ । पत्नीको कारणले नै पतिको भाग्य असल वा खराब हुनसक्छ । सावित्रीले गर्दा सत्यवानले पूर्णायु प्राप्त गरेका हुन् । नलले आफ्नो ऐश्वर्य र राज्य दमयन्तीको प्रेम शक्तिले गर्दा प्राप्त गरेका हुन् ।

यस्ता अनेक उदाहरण आज पनि पाइन्छन् । नेल्सन मण्डेलाले जेलमा २८ वर्ष सजिलो गरी बिताउनुमा उनकी पत्नी बिन्नी मण्डेलाको हात थिएन भन्न सकिन्छ ? पत्नी हिलारीले छाती नथापिदिएको भए अमेरिकाका राष्ट्रपति बिल क्लिन्टनले संसदमा महाभियोग झेल्नु पर्थ्यो । बी पी कोइरालाले स्पष्ट शब्दमा भनेका छन्- 'उनी मेरा लागि ठूलो निधि भएकी छिन् । उनी भित्र रहेको आध्यात्मिक गुणले मलाई संघर्ष गर्न आत्मबल प्रदान गरेको छ ।'

बुटवल टु डे, २८ भदौ, वि.सं. २०७२

पाना छ

# बी पी का आध्यात्मिक विचारको समीक्षा

साहित्यकारहरूले बी पी कोइरालालाई एक उत्कृष्ट मनोवैज्ञानिक कथाकार मान्दछन् । राजनीति गर्ने व्यक्तिहरूका लागि बी पी आदर्श राजनीतिज्ञ हुन् । नेपालका प्रमुख राजनीतिक नेताहरूले आआफ्ना अन्तर्वार्ताहरूमा सर्वाधिक प्रभावकारी नेपाली राजनीतिज्ञको रूपमा बी पी कोइरालाको नाम ससम्मान उच्चारण गरेका छन् । वि.सं २०४९ मा दिएको अन्तर्वार्तामा मदन भण्डारीले र वि.सं. मा २०६३ मा प्रचण्डले आफ्नो भनाइमा बी पीको नाम सादर उच्चारण गरेका छन् । मनमोहन अधिकारीले त २०३६ सालमा बी पी को नेतृत्वमा आन्दोलन गर्ने कुरा समेत व्यक्त गरेका थिए । वि.सं. २०४६ मा नेपाली कांग्रेसले वाममोर्चासँग मिलेर आन्दोलन गर्दा त्यस बेलाका सत्ताधारी राजनीतिज्ञहरूले बी पी को दुहाइ दिएर आन्दोलन गलत भएको बताएका थिए । यद्यपि बी पी कोइरालाको राजनीतिक र साहित्यिक देन ज्यादै महत्त्वपूर्ण मानिन्छ तर यस लेखमा बी पीका राजनीतिक वा साहित्यिक योगदानको चर्चा गरिएको छैन केवल धार्मिक र आध्यात्मिक विचारहरूको मात्र सामान्य चर्चा गरिएको छ ।

वि.सं १९७१ सालमा पिता कृष्णप्रसाद कोइराला र माता दिव्या कोइरालाका प्रथम सन्तानको रूपमा बी पीको जन्म बनारस निर्वासन कालमा भएको थियो । बनारसका आराध्य देव भगवान विश्वेश्वर (शिव) को प्रसाद स्वरूप मानिएकाले उनको बी पी अर्थात् विश्वेश्वर प्रसाद भनिएको हो । तर बी पीको न्वारानको नाम भने चूडामणि हो । जन्म हुँदा शल्य क्रियाद्वारा निकालिएको थियो । त्यसैले बी पी ले भन्ने गर्थे- मेरो जन्मजात स्वभाव नै विद्रोही हो ।

अत्यन्त गरिबीमा बाँचेको अवस्थामा एक दिन एक जना भविष्यवक्ता घर आउँदा दिव्या कोइरालाले बी पीको चिना देखाइन् । उसले चिना हेरेर बी पीलाई अत्यन्तै उच्चतम कुण्डली योग रहेको कुरा बताएको थियो । बी पीले आफ्नो आत्म वृत्तान्तमा अत्यन्त रूचिपूर्वक र गर्वसाथ यस कुराको उल्लेख गरेका छन् ।

आमा दिव्या कोइराला पनि एक असाधारण स्त्री थिइन् । उनी नेपालमा १०० वर्षभन्दा बढी शासन सञ्चालन गरेको राणा परिवारमा हुर्केकी ब्राह्मण कन्या थिइन् । दिव्या कोइरालालाई धेरै कुरामा असाधारण मान्नु पर्छ । जसका लागि एउटा उदाहरण रूचिकर होला । पहिलो पटक बी पीलाई राणा शासकहरूले पक्रेर जेल हालेपछि जेलबाट मुक्तिका लागि उनले आमरण अनशन गरे । मरणासन्न हुने अवस्था आए पछि दिव्यालाई जेल बोलाइयो र मृत्युको मुखमा पुगेको बी पीलाई देखाउँदै उसको जीवन बचाउनु छ भने माफी माग्न लगाउनु पर्छ भनिएको थियो । मरणासन्न सन्तान देख्दा साधारण स्त्री भए निकै विचलित हुने थिई । तर दिव्याले के भनिन् भने यस जेलबाट मैले मेरो लोग्नेको लास लिएर गएको हो । यदि अब छोराको लास लिएर जानु पर्ने भए म तैयार छु । तर माफी माग्न भन्न सक्दिनँ । यस्ती आमाका चरित्रको पूरा प्रभाव बी पी कोइराला माथि परेको थियो ।

यहाँ एउटा रमाइलो कुरा के छ भने हिन्दु ज्योतिष शास्त्रमा उच्चतम कुण्डली योग हुने व्यक्तिलाई चक्रवर्ती सम्राट अथवा सन्यासी मध्ये एउटा हुन्छ भन्ने मानिन्छ । अझ सन्यासीलाई चक्रवर्ती राजाभन्दा पनि उच्च स्थान दिने हिन्दुहरूको अनौठो परम्परा छ । त्यस्ता कैयौं विवरणहरू हिन्दु संस्कृतिमा पाइन्छन् । उदाहरणका लागि भगवान बुद्धको बारेमा सर्वप्रथम भविष्यवाणी गर्ने असित ऋषिले यो बच्चा कि त चक्रवर्ती सम्राट हुन्छ र पृथ्वीभरि राज गर्छ अथवा ठूलो सन्यासी हुने छ भनी घोषणा गरेका थिए ।

बी पीको मुख्य उद्देश्य कुनै पनि प्रकारको निरङ्कुशताको समाप्ति र जनतालाई सार्वभौमसत्ता सम्पन्न बनाइ स्वस्थ प्रजातान्त्रिक राजनीतिक संस्कार

बसाउनु थियो । यसैले बी पीका विचारहरूमा राजनीतिक चिन्तनले प्रमुख स्थान पाउनु स्वाभाविक हो । बी पीका आध्यात्मिक विचार अत्यन्तै कम पाइने कारण पनि यही हुन सक्छ । तर जति पाइन्छन् त्यसले बी पीको उच्च आध्यात्मिकताको परिचय दिन्छन् ।

श्रीमद्भगवद्गीताको बारेमा बी पीले के भनेका छन्- यस पुस्तकलाई पढेर मेरो मनलाई शान्ति भएन ।

यसको अर्थ उनी शान्तिको खोजीमा थिए । कुन पुस्तकलाई पढेर बी पीले शान्ति प्राप्त गरेका थिए ? यो कुरा भने कहीं उल्लेख पाईंदैन । के साहित्यको अराजकतामा उनले शान्ति पाएका थिए ? यो कुरा स्पष्ट छैन । महात्मा गान्धीले भने गीताको बारेमा भनेका छन्- 'गीता पढेर मलाई असीम शान्ति प्राप्त हुन्छ । जहिले पनि कुनै समस्या आइपर्छ भने मैले गीताको पुस्तक खोल्छु । त्यसको कुनै एउटा श्लोकले मेरो समस्याको समाधान गरिदिन्छ ।' बी पीले भगवद्गीताबाट शान्ति नपाउनुको दोष भने गीतालाई दिएका छैनन् । उनले भनेका छन्- सायद मैले गीता राम्ररी बुझ्न सकिन । हुनसक्छ गीताको बारेमा बी पीले सुरू मै नकारात्मक धारणा राखेर पढेको होस् । बी पीका प्रमुख राजनीतिक शत्रुहरू राणा शासकका प्रमुख जुद्ध शम्शेरले गीतामा असीम भक्ति देखाएकाले यस्तो हुनसक्छ । अथवा गीताको कुनै उत्कृष्ट पुस्तक वा भावार्थ नपाएर यस्तो भएको हुनसक्छ । किनभने स्वयं बी पीलाई संस्कृत भाषाको ज्ञान थिएन । जबकि महात्मा गान्धीले गीताका श्लोकहरूको अर्थ आफैं लगाउँथे । उनले कुनै अरूको श्लोकार्थ वा व्याख्या पढ्नु पर्दैनथ्यो । स्तरीय पुस्तक नपाउँदा पनि कुनै पुस्तकमा अरूचि हुन जान्छ । स्वयं यस लेखको लेखकलाई कतिपय स्तरीय पुस्तकहरू अनुवादको दुरूहताले गर्दा अरूचिकर हुन गएको अनुभव छ । अर्को कुरा धार्मिक पुस्तकहरूको अनुशीलन बी पीले गरेका थिएनन् । गान्धीलाई प्रभावित गर्ने बालगंगाधर तिलक धार्मिक पनि थिए र क्रान्तिकारी पनि । तर बी पीको सङ्गतमा त्यस्तो कुनै व्यक्ति आएको थिएन । जति आध्यात्मिक विचार उनका प्रकट भएका छन् तिनीहरू उनको निजी अनुभवमा आधारित छन् । उदाहरणका लागि बी पीले मोदिआइन उपन्यासमा कृष्णले महाभारत युद्ध नरोकेको कुरामा आफ्नो असहमति व्यक्त गर्न एक नारी पात्रलाई प्रयोग गरेका छन् । जसमा के भनिएको छ भने कृष्णले युद्ध रोक्न सक्थे तर रोक्न चाहेनन् । जबकि महाभारतमा कृष्णले युद्ध रोक्न भरमग्दूर प्रयत्न गरेका थिए भन्ने कुरा उल्लेख छ । हिटलर र यहुदी पुस्तकमा युद्ध विरोधी धारणा

राखेका भए तापनि बी पीले राणा शासनको विरोधमा युद्ध नै गरेका थिए । सम्झौता गरेका थिएनन् ।

पाठकहरूको जानकारीका लागि बी पीका केही धार्मिक विचारहरू प्रस्तुत गरिएका छन् । यी विचारहरू भोला चटर्जी, वक्षु साप्ताहिक राष्ट्र पुकारका तात्कालिक अङ्क तथा देवचन्द मिश्रको पुस्तकबाट उद्धृत गरिएका छन् ।

भारतीय पत्रकार भोला चटर्जीले बी पीका थुप्रै अन्तर्वार्ताहरू पुस्तकाकारमा प्रकाशित गरेका छन् । त्यस मध्ये एउटा पुस्तक नेपाली अनुवादमा पनि प्रकाशित छ । यसको नाम हो 'क्रान्तिकारी बी पी कोइराला ।'

त्यसको एक ठाउँमा अन्तर्वार्ता दिंदै बी पी ले भनेका छन्- 'मानिस न त जनावर हो, न देवता नै । ऊ यी दुवैका बीचको केही हो । उसमा मानवत्व पनि छ र देवत्व पनि ।'

अर्को एक ठाउँमा भोला चटर्जीले सोधका छन्- तपाईं नास्तिक, आस्तिक वा अज्ञेयवादी के हुनुहुन्छ ?

बी पीले भनेका छन्- 'भगवान भन्नाले के बुझिन्छ भन्ने कुरा कसैले मलाई परिभाषित गरी दिएको छैन । तर जब मानिसले विराट कविता रच्न थाल्छ, जब ऊ त्यस्तो ब्रह्माण्डको व्यापकता देख्छ, यसको सौन्दर्य नियाल्छ र फूलहरू हेर्दछ, मानिसका अस्तित्वको त्यही अंश नै ईश्वरको र ईश्वरीयताको अनुभूति हो । मानिस एकपेट खाएर मात्र बाँच्न सक्दैन । जीवनका अरू पक्षहरू पनि छन् जुन उत्तिकै वा शायद अझ बढी महत्त्वपूर्ण हुन्छन् । ती जीवनका अनुत्तरित रहस्यहरू हुन् । यस्ता रहस्यहरू छन् भन्ने थाहा नपाउनेहरू यिनबाट उद्वेलित नहुनेहरू पूर्ण जीवन बाँचेका हुन्नन् ।'

बी पी प्रधानमन्त्री हुँदा पं. रविशंकर संगीत प्रस्तुत गर्न नेपाल आएका थिए । त्यस कार्यक्रममा बी पी लाई पनि निम्तो दिइएको थियो । तीन घण्टाको संगीत हेरेर उनले पं.रविशंकरलाई भनेका थिए- मेरा निम्ति यो ईश्वरसंगको निकटतम अनुभूति थियो । उहाँले सितार बजाउनु भएको सुन्दा त झन् ईश्वरको ज्यादै नजिक भएको मैले अनुभव गरें । रविशंकर जस्ताले बजाएको संगीत सुन्दा वा सुन्दर चित्रकला अवलोकन गर्दा कहिलेकाहीं यस्तो अनुभव हुन्छ ।' संगीतबाट प्राप्त आनन्दको व्याख्या रामकृष्ण परमहंसले यसरी गरेका छन्- तीनप्रकारका आनन्द हुन्छन्, विषयानन्द, भजनान्द र ब्रह्मानन्द । संगीतको आनन्द विषयको आनन्दभन्दा उच्चकोटिको आनन्द हो ।

बी पी ले अन्तार्वार्तामा भनेका छन्- 'प्रकृतिलाई नियाल्दा फूलहरू, वृक्षहरू, नीलो आकाश, तारा आदि हेर्दा कहिले काहीं त म त्यही पूर्ण वस्तुको अंश भइदिन्छु । ती सबैमा सजीवता देख्छु । सम्पूर्ण ब्रह्माण्ड नै जीवन्त पाउँछु र म त्यसैमा समाहित हुन्छु ।

'मलाई एक प्रकारको अध्यात्मवादी भन्न सक्नु हुन्छ । प्रकृतिमा भएका केही यस्ता तत्त्व पनि छन् जसको वैज्ञानिक व्याख्या वा विश्लेषण गर्न सकिन्न भन्नेमा म विश्वास राख्छु । तपाईं समग्र रूपमा यसको अध्ययन गर्न सक्नुहुन्छ तर अंश-अंशमा यसलाई बुझ्न कठिन हुन्छ । सबभन्दा ठूलो समस्या के हो भने मानव मस्तिष्कले विचारधाराको यसै रूपरेखाभित्र रहेर मात्र ज्ञान हासिल गर्नसक्छ । तर जसै तपाईं यसलाई सोचाइको घेरामा पार्नु हुन्छ सत्यको अनुभूति स्वतः हराउँछ । केवल तर्कशक्तिमा मात्र भर पर्ने हो भने मानिसको ज्ञान अपर्याप्त हुन्छ ।'

यी भनाइहरू भित्र ठूलो आध्यात्मिकता लुकेको छ । आध्यात्मिक आचार्यहरूका प्रवचनमा यस्ता भनाइहरू धर्मको व्याख्याका लागि बारम्बार प्रयोग हुने गरेका छन् ।

ईश्वर भक्तिका गीतहरू लेखेर कहिल्यै नथाक्ने कवि, गीताञ्जलीका लेखक रवीन्द्रनाथ ठाकुरका कविता पढ्नका लागि मात्र आफूले बङ्गाली सिकेको कुरा बी पी ले बडो उत्सुकतापूर्वक भनेका छन् । यस कुराले उनीभित्रको सुषुप्त आध्यात्मिकताको नै झलक दिन्छ । स्वयं रवीन्द्रनाथ ठाकुर ब्रह्म समाजी थिए, जसको प्रभावमा सुरूमा स्वामी विवेकानन्द पनि परेका थिए । रवीन्द्रनाथका आध्यात्मिक विचारसंग महात्मा गान्धी समेत प्रभावित थिए । समाजवादी विचारक सी के प्रसाईंले आफ्नो अनुभव बताउँदै के भनेका छन् भने उनले एक पटक बी पी कोइरालालाई डायरीमा एक वाक्यमा एउटा सन्देश लेखिदिन आग्रह गर्दा उनले लेखे- 'लिभ डेन्जेरसली ।' कवि ठाकुरले यही कुरालाई कलात्मक रूपमा व्यक्त गरेका छन्- 'जीवनलाई कालको छेउमा यसरी नाच्न देऊ जसरी शीतको थोपा पातको टुप्पामा नाच्छ ।'

भोला चटर्जीको अन्तर्वार्तामा बी पी ले भनेका छन्- 'मैले कान्ट, हेगेल र मार्क्सको द्वन्द्वात्मक भौतिकवाद माथि विश्वास गर्दिन । म यसलाई सरासर अस्वीकार गर्छु तर यसमा सत्यता पटक्कै छैन भन्दिनँ । मानिस बहुआयामिक व्यक्तित्व हो । मार्क्सले गरेको भूल के हो भने उनले आर्थिक जीवनमा मात्र सरोकार राख्ने आर्थिक प्राणीका रूपमा मानिसलाई प्रस्तुत गरे । त्यसमा सत्यता

छैन भन्ने मेरो भनाइ होइन । तर त्यो मानिसको बिलकुलै अधूरो चित्र हो । मानिस आर्थिक प्राणी हो तर ऊ त्यसभन्दा पनि बढी केही हो । त्यस्तो बढी के हो त ? तपाईं भन्न सक्नुहुन्छ मानिस ईश्वरको सिर्जना हो । अवश्य हो । तर ऊ यसभन्दा पनि बढी केही हो । सबै कुरा पूर्व निर्धारित हुन्छन् भन्ने ऐतिहासिक नियतिवाद माथि विश्वास गर्ने हो भने हाम्रा सबै उद्यमहरू अर्थहीन अभ्यासमात्र हुन जान्छन् । मार्क्सको दर्शनले मानिसको सोचाइ स्वतन्त्र हुन्न भन्ने विचार प्रतिपादित गरेको छ । उनले मानिसको सोचाइ पूर्वनिश्चित हुन्छ र ऊ आफू सम्बन्धित भएको सामाजिक वर्गबाट प्रभावित हुन्छ भनेका छन् । अर्को कुरा के हो भने मार्क्स एक ठूलो पर्चाबाज थिए । यदि मानिसको विचार स्वतन्त्र नहुँदो हो त मार्क्सको आह्वान कुन कर्ताका लागि रचित हुन्थ्यो ?' यी भनाइ कता कता करपात्री महाराजको भनाइसँग मिल्छन्, जुन उनले 'मार्क्सवाद और रामराज्य' पुस्तकमा उल्लेख गरेका छन् । जसले बी पी पूर्ण भौतिकताका पक्षधर नभएको संकेत गर्छ ।

मार्क्स बारेका बी पीका टिप्पणीहरू अध्ययन गर्दा पनि बी पीका विचारमा आध्यात्मिकताको झलक पाइन्छ । यी भनाइहरू दार्शनिक ओशो रजनीशका भनाइसँग जस्ताको तस्तै मिल्छन् ।

नैतिकता र आदर्शलाई बी पीले समाजका लागि आवश्यक र मार्गदर्शक मानेका छन् । उनले स्पष्ट शब्दमा भनेका छन्- 'नैतिकता, आचारशास्त्र र विवेकको आदेश जस्ता कुराहरू मानिसको सामाजिक व्यवहार निर्धारण गर्न मार्गदर्शक हुन सक्छन् ।'

नेपालको आर्थिक, सामाजिक र राजनीतिक संरचना र स्वरूपका बारेमा बी पीको गहिरो अन्तर्दृष्टि रहेको थियो । उनले भनेका छन्- 'मलाई लाग्छ, हाम्रो देशको राजनीतिको आधारभूत स्वरूप राजनीतिकभन्दा बढी आध्यात्मिक छ ।' निश्चित रूपमा यहाँ बी पीले भनेको आध्यात्मिक शब्द धार्मिकताका लागि प्रयोग भएको हो । किनभने यसको अंग्रेजी शब्द स्प्रीचुअलको भावार्थ र शब्दार्थ धार्मिक नै हो र यो अन्तर्वार्ता अङ्ग्रेजीबाट रूपान्तरित गरिएको हो ।

आफ्नी पत्नी सुशीला कोइरालामा रहेको धार्मिक भावनालाई बी पी कोइरालाले अत्यन्त उच्च सम्मान गरेका छन् । यस सम्मानलाई उनले निम्नलिखित शब्दमा व्यक्त गरेका छन्- 'उनी मेरा लागि ठूलो निधि भएकी छिन् । उनी भित्र रहेको आध्यात्मिक गुणले मलाई संघर्ष गर्न आत्मबल प्रदान गरेको छ ।'

ईश्वरको सम्बन्धमा बी पीको विचार अलि भिन्नै प्रकारको छ । यस सम्बन्धमा उनले वि.सं. २०३९ मा चक्षु साप्ताहिक र वि.सं. २०४१ मा राष्ट्र पुकारमा दिइएका अन्तर्वातामा भनेका छन्- मैले देवता छन् पनि भनेको छैन र छैन पनि भनेको छैन । मैले के भन्न खोजेको हो भने देवता होलान् तर म उनको विशेष पात्र हूँ भन्ने मलाई लाग्दैन । म देवताको सम्बन्धमा चूप छु ।'

दुई हजार वर्ष अघि भगवान बुद्धलाई उनका शिष्यले भेटेर ज्ञानको विषयमा जिज्ञासा गर्दा बुद्धले एउटा शर्त के राख्नुहुन्थ्यो भने मलाई तपाईंले ईश्वर छन् कि छैनन् भनेर नसोध्नुस् । अरू जे कुरा सोधे पनि मैले बताउँछु । तर यसो भन्दैमा बुद्धलाई अधार्मिक भनिंदैन । बुद्धलाई त हिन्दुहरूले ईश्वरको अवतार नै मान्दछन् । सारा बौद्ध धर्मावलम्बी देशहरूको आधार बुद्धका विचार हुन् ।

बी पी कोइराला मन्दिर जाने गर्थे । यस कुरालाई सहजरूपमा स्वीकार गरेका छन्- 'म काशीको विश्वनाथको मन्दिरमा पनि जान्छु र काठमाडौंको पशुपतिनाथको मन्दिरमा पनि जान्छु । तर मन्दिरमा गएर केही मागेको छैन । मन्दिरमा गएर माग्दैमा केही पाइन्छ भन्ने कुरामा मलाई विश्वास छैन ।' उनले भनेका छन्- जन्म मृत्युको चक्रमा दुख छ । त्यसैले यस चक्रबाट मुक्ति प्राप्त गरेमा मोक्ष हुन्छ भन्ने धर्म प्रवर्तकहरू भन्दछन् तर जन्म लिए पछि मर्नु पर्छ, यस कुरामा मलाई दुख जस्तो कुनै कुरा लाग्दैन ।

भोला चटर्जीले सोधेका छन्- 'तपाईंलाई इतिहासले कसरी सम्झोस् भन्ने चाहनुहुन्छ ?'

यसको उत्तरमा बी पी को भनाइ छ- 'मेरा कामको आध्यात्मिक पक्षले मलाई इतिहासमा स्थान मिल्नुपर्छ भन्ने माग राख्दैन ।' यो भनाइ गीताको कर्मयोग नै हो-

अफलाकांक्षीभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥१७.११॥

'यस्तो गर्नु नै कर्तव्य हो भन्ने दृढ भाव लिई, विधिपूर्वक र फलको आकाङ्क्षा नराखेर गरिएको यज्ञ (सामूहिक कल्याणका लागि गरिएको काम) सात्त्विक हुन्छ ।'

पाना सात

# भानुभक्त, रामकथा र त्यसको सामाजिक–ऐतिहासिक परिवेश

भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् र समय बित्दै जाँदा नेपाली भाषामा उनको योगदानले भारत, भूटान र सिक्किमका नेपालीहरूलाई संघर्षको ऊर्जा प्रदान गरेको सबैलाई थाहा भएको कुरा हो । दार्जिलिङ्, असम, मेघालय, शिलोंग र सिक्किमका नेपालीहरूले भानुको सालिक र भानुको रामायण र उनले बताइदिएको भाषालाई केन्द्रमा राखेर आन्दोलन गरे र भारतमा नेपाली भाषालाई मान्यता प्राप्त भयो । आज भारतका विभिन्न ठाउंमा नेपाली भाषाका उत्कृष्ट रचनाहरू तयार भइरहेका छन् । यसको श्रेय भानुलाई नै छ ।

**रामकथाको विश्वव्यापीकरण**

रामायण ज्यादै लोकप्रिय कथा हो । यसको जीवन्तता रामलीला नाटक तथा रामायण टी भी शृङ्खलाहरूमा विश्वव्यापी रूपमा देखिएको उत्साहले पनि स्पष्ट भएको हो । रामायणमा राम र सीताको प्रेम र एक अर्काका लागि गरेको त्याग, भाइहरू भरत, लक्ष्मण र शत्रुघ्नको प्रेम; बरू मर्न तयार हुने तर आफ्नो वचनको पालना गर्ने दशरथ, दासी मन्थराले केकयी मार्फत् गरेको षडयन्त्र,

मन्दोदरी, कौशल्या आदि महिलाहरूको चरित्र, रावणको चरित्र यी सबैलाई आज पनि हामीहरूले जीवन्त देख्छौं । आज पनि नेपाली समाजमा हामीले कसैलाई राम जस्तो, कसैलाई लक्ष्मण जस्तो, कसैलाई भरत जस्तो, कसैलाई हनुमान जस्तो, कसैलाई विभीषण जस्तो देख्छौं । राम कथाको आधारमा कैयौं उखानहरू प्रचलित छन् । यी सबै कुराले हाम्रो समाजमा रामकथाको जीवन्तता प्रमाणित हुन्छ ।

बौद्ध, जैन र सिख ग्रन्थहरूमा पनि रामकथा उल्लेख गरिएको छ तर तिनीहरूमा कथा प्रस्तुति थोरै फरक छ । बौद्ध ग्रन्थमा दशरथलाई बनारसको बताइएको छ र सौता पत्नीहरूबाट आफ्ना सन्तानको सुरक्षाका लागि तीन जनालाई दशरथले नै वनवास गरिदिएका हुन् भनिएको छ । जैन ग्रन्थ अनुसार रावणको हत्या रामले नभई लक्ष्मणले गरेका हुन् । गुरूग्रन्थ साहेबमा राम, सीता र लक्ष्मणको प्रतीकात्मक अर्थ लगाइएको छ । यस अनुसार रावण भनेको अहंकार हो, सीता बुद्धि हो, लक्ष्मण मन हो, राम भनेको आत्मा हो । रावण माथिको जित भनेको अहङ्कार माथिको जित हो ।

स्वामी रामकृष्ण परमहंसले रामको वनवासको उदाहरण दिएर ईश्वर दर्शनको व्याख्या यस प्रकार गरेका छन्– राम र लक्ष्मणका बीचमा सीतामाता हिंडेकी छन् । लक्ष्मणलाई राम देखिनु हुन्छ । त्यस्तै जीव र परमात्माका बीचमा माताको मायाशक्ति रहेको छ ।

रामकथाको परम्परा नेपाल र भारतमा मात्र होइन एसियाका अन्य देशहरूमा पनि पाइन्छ । इन्डोनेशिया, कम्पुचिया, फिलिपाइन्स, थाइल्याण्ड, मलेशिया, लाओस, भियतनाम र मालद्वीपमा आआफ्ना परम्पराका रामकथा पाइन्छन् । जावामा सीतालाई 'शिन्ता' भनिएको छ । थाइल्याण्डमा रामाकीन नाचको परम्परा छ ।

अङ्ग्रेजी, संस्कृत र हिन्दीका प्रकाण्ड विद्वान् फादर कामिल बुल्केका अनुसार भारतमा मात्र ३०० प्रकारका रामकथा प्रचलित छन् । यी सबैको मूल वाल्मीकि रामायण हो । वाल्मीकिको मूल थलो वर्तमान नेपाल मानिन्छ । उत्तर भारतमा वाल्मीकि बाहेक तुलसीदासको रामायण पनि प्रसिद्ध छ । दक्षिण भारतको प्रसिद्ध रचना 'कम्ब रामायण' हो । यसै गरी बङ्गालीमा कृतिवास, ओडीयामा बालारामदास, मराठीमा श्रीधर, मैथिलीमा चन्दा झा, तेलुगुमा रङ्गनाथ, कन्नडमा नरहरि आदिका रामकथा प्रचलित छन् ।

नेपालीमा पनि भानुभक्तीय रामायण बाहेक पनि रामायणका कृतिहरू छन् जसमध्ये रविकृत रामायण र कवि गौतमको रामायण कुञ्ज प्रचलित छन् । चक्रपाणि चालिसेको गद्यात्मक संक्षिप्त रामायण पनि यस सम्बन्धी एक महत्त्वपूर्ण कृति हो । नेवारी भाषामा सिद्धिदास र मैथिलीमा चन्दा झाको रामायण प्रसिद्ध छ । नेपाल सीताको जन्मभूमि भएको देश हो त्यसैले यहाँ जुन रामायण प्रचलित छन् ती सबैमा सीतालाई अत्यन्त उच्च स्तरको देखाइएको छ । नेपाली लेखकहरू सीताहरण गर्न सक्ने सामर्थ्य रावणमा नभएकोले केवल सीताको छायाँमात्र हरण गरेको विश्वास राख्दछन् ।

**रामायणको मौलिकता**

एक अर्थमा कुनै पनि रामायण मौलिक छैन । स्वयं वाल्मीकिले सीताको मुखबाट रामायणको घटना सुनेका हुन् । रामायण कथाको पहिलो वक्ता लवकुश हुन् । वाल्मीकि रामायणको विवरण अनुसार यसको असली रचयिता सीता हुन् र ग्रन्थमा मुख्य चरित्र सीता भएकोले 'सीतायन' अझ उपयुक्त नाम पनि हुन सक्छ । अर्को अर्थमा प्रत्येक रामकथा मौलिक हो । किनभने प्रत्येकले यसको रचना मौलिक शैलीमा गरेका छन् अनुवादको शैलीमा होइन ।

**सुगौली सन्धि र भानुभक्तको उदय**

भानुको जन्म जुन बेला भएको थियो देशमा सुगौली सन्धिको प्रभावित देखिन थालेको थियो । शाहवंशी राजाहरूले प्रारम्भ गरेका नेपाल विस्तारको काम त्यस सन्धिबाट रोकिएको मात्र होइन आजको भन्दा पनि ठूलो क्षेत्र नेपालसँग खोसिएको थियो । काङ्डा, दार्जिलिङ् र देहरादून जस्ता विकसित स्थानमा नेपाली सेना ब्रिटिश सेनासँग हारेको थियो । सिख सेनाबाट नेपाली सेनालाई सैनिक सहयोग प्राप्त हुन सकेन । महाराजा रणजीत सिंहको बलियो सिख सेना र नेपाली सेना दुवैको मार खेप्नु परेको भए वर्तमान इतिहास, भूगोल र राज्यसीमा अर्कै पनि हुनसक्थ्यो । तर सुगौली सन्धि नेपाली समाजका लागि एक वास्तविक पीडा थियो । जसको पीडादायक यथार्थ इतिहासको परिवेशमा समाज सुधारक भानुभक्त र राजनीतिज्ञ जङ्गबहादुरको सँगसँगै उदय भयो । भानुलाई मोतीराम भट्टले प्रकाशित गरिदिएका हुन् ।

यी दुई जनाको उदय हुँदासम्म आफ्नो राज्यको सुरक्षाका लागि नेपालीहरूले भोकभोकै पनि कैयौं दिनसम्म युद्ध गरेको इतिहास नेपालीहरूको मनमा ताजा

थियो । करिब २५ वर्ष लगाएर गरेको राज्य विस्तार दुई वर्षको युद्धमा गुमाउनु पर्‍यो । युद्धका लागि होमिएका सैनिकहरू, सेनानायकहरू पराजित मनस्थिति लिएर काठमाडौं फर्के । देशको सुरक्षाका लागि ८० वर्ष नाघेका वीर भक्ति थापाले ज्यान गुमाएका थिए । अन्य युवाहरू त कति मरे, मरे । देहरादूनमा बहादुरी साथ लडेका नेपाली युवा युवती र बालबालिकाहरूको सम्मानमा हडसनले एक स्मारक नै बनाइदिएका थिए ।

नेपालका अनेक बहादुर योद्धा सन्धिको विपक्षमा थिए । युद्धको मर्ने मार्ने मनस्थिति लिएका योद्धाहरू काठमाडौं खुम्चिए । निराश, हतास र अपमानित मानसिकता भएका मानिसहरूबीच जे हुनु थियो त्यही भयो । नेपालमा त्यसपछि निरन्तर अशान्ति कलह र एक आपसमा षडयन्त्रको लामो शृङ्ला सुरू भयो । जुन कोतपर्वमा गएर मात्र अन्त भयो । यिनै जङ्गबहादुरले देशको खोसिएको केही भूभाग पछि फिर्ता ल्याएका थिए । जसलाई नयाँ मुलुक भन्ने गरिन्थ्यो । सुगौली सन्धि पछि ठूलो देशका नागरिक हुने सौभाग्यमा रमाइरहेका मानिसहरूको निराशाको स्थिति अनुमान गर्न सकिन्छ । कुनै देशको सीमाना खुम्चिंदा त्यसको इतिहास खुम्चिन्छ, त्यसको संस्कृति खुम्चिन्छ, त्यसको धनसम्पत्ति खुम्चिन्छ, त्यसको जनसङ्ख्या खुम्चिन्छ, त्यसको भौगोलिक क्षेत्र खुम्चिन्छ । त्यसबाट केवल शासक मात्र खुम्चिंदैन, त्यहाँका जनता पनि खुम्चिन जान्छन् । उनीहरूको मन पनि खुम्चिन्छ । यी सबै कारणले देशवासीको गौरव खुम्चिन्छ । यहुदीहरू एक हजार वर्षभन्दा बढी समयसम्म दास हुन पुगेको इतिहास छ । यसबाट उनीहरूको गौरवमा खिया लागिसकेको थियो । एक दासले स्वामीपनको गौरव भाव कसरी अभिव्यक्त गर्ने ? अब्राहमले निकै प्रयास गरेर उनीहरूको गौरव जाग्रत गर्ने प्रयास गरे । हिटलरले पददलित गरेको यहुदीहरूको गौरवलाई आइन्स्टाइनले पुनरूद्धार गर्न सकेका हुन् । भारतमा मुगल साम्राज्य स्थापित भए पछि हिन्दुहरूको संस्कृति खुम्चिन पुग्यो । यस सांस्कृतिक गौरवलाई बचाउन अनेक सन्त महात्माहरूको अवतरण भयो । गुरू नानक, सूरदास र तुलसीदास जस्ता सन्त कविहरूले कविता मार्फत त्यस गौरवलाई पुनर्जागरित गर्न निरन्तर प्रयास गरे ।

उनीहरूले कविताहरू मार्फत् सर्वप्रथम गौरवमय अतीतको व्याख्याद्वारा व्यक्ति व्यक्तिको आन्तरिक गौरव पुनर्जागरित गरे र यसरी समाजलाई नै जगाउने

काम गरे । त्यसो नगरेको भए आज एउटा संस्कृति नै लोप हुन सक्थ्यो ।

**नेपालमा रामकथाको विशिष्ट महत्त्व**

नेपाली संस्कृति र परम्पराको गौरव बचाउनमा भानुभक्तीय रामायणको ठूलो योगदान छ । उनका यस रामकथाको माध्यमबाट नेपालीहरूले सुगौली सन्धिको पराजित मानसिकतालाई संभाल्न मद्दत मिल्यो । उनले भनेको पहिलो श्लोकले के स्पष्ट हुन्छ भने उनले लोकको कल्याणका लागि रामकथा रचना गरेका हुन् ।

निश्चित रूपमा रामकथा यस काममा सफल छ । विज्ञान, गणित र तथ्याङ्कका अनेक सिद्धान्तहरू पछि गएर सान्दर्भिक प्रमाणित भएका छन् । कोपर्निकसको पृथ्वीको परिभ्रमण सिद्धान्त, प्रायिकताको गणितीय परिकलन, थोमस बेको तथ्याङ्कीय सिद्धान्त । यी सिद्धान्त पछि अझ विकसित भएका हुन् । यसै गरी भानुको रामायणले नेपाली भाषाको माध्यमबाट नेपालमा रहेका र सन्धिपश्चात् छुट्टिएर विदेशी भएका नेपालीसँग पुनः सम्बन्धित गराइदियो । पुनः सबैले एकता अनुभव गर्न थाले । जस जसले रामायण पाठ गरे, उनीहरूमा एकत्व भावना अनुभव भयो । साँझको समयमा जब नेपाली सीमाना भित्र र इस्ट इन्डिया कम्पनी भित्र एकसाथ नेपालीमा रामायण पाठ हुन्थ्यो, निश्चित रूपमा प्रत्येक नेपालीले आफ्नो विशालता अनुभव गरेका होलान् । यसरी विशाल नेपालको गौरव अनुभव गर्ने स्थिति सिर्जना गर्न रामायण सफल भयो । भानुभक्तको रामायणमा स्वाभाविकता छ, सरलता छ र नेपालीपन छ । त्यसैले यो विशिष्ट छ ।

**उपसंहार**

आज विश्व नै एक सानो गाउँ हो । नेपाली युवायुवतीले हिब्रु, कोरियन, जापानी लगायत अनेक भाषा सिकेर विदेश गइरहेका छन् । यस्तोमा नेपाली भाषाको गौरव राख्ने कामको महत्त्व कति हुन्छ ? स्वामी ईश्वरानन्दले गीता तात्पर्यमा भनेका छन्- समाज सुधारका ठूला काम गर्न जत्तिको कुलाभिमान तथा जाति अभिमानले काम दिन्छ त्यत्तिको देशाभिमानले दिदैन । त्यसै गरी देश सुधारको काम जत्तिको देशाभिमानले दिन्छ त्यत्तिको विश्वाभिमान अर्थात् वसुधैव कुटुम्बकम्ले दिन सक्दैन । यिनै स्तरवाट क्रमशः चढ्दै विश्वाभिमान उच्चस्तरमा पुग्नुपर्दछ । अतएव विश्वका प्रत्येक व्यक्ति र समाजलाई के बोध

हुनुपर्दछ भने आफ्नो स्तरबाट हामीले उन्नति लाभ गर्दै प्रगतिशील भएर अन्तमा मानव सङ्घसँग गएर नदीहरू समुद्रमा मिले झै मिल्नु छ । आफ्नोमा गौरव राख्नु खुट्टा टेक्ने पहिलो ठाउँ हो । मडीबाले सबभन्दा पहिले कालो हुनुमा गौरव गरे र त्यही सिद्धान्त अन्तमा जातिभेद विरूद्धको आन्दोलन बन्यो । उनी आज विश्ववन्द्य बने ।

आफ्नो देश, कुल, संस्कृति, परम्परा, ज्ञान, भाषा, बहादुरी इत्यादिको गौरव वास्तवमा तपाईंसँग भएको एक रित्तो बाकस हो । एलेक्जेन्डरले विश्वविजय गरेको कुरा मेसिडोनियाका नागरिकलाई अर्थ नलाग्न सक्छ, ब्रिटिश साम्राज्यमा घाम अस्ताउँदैनथ्यो भन्दाभन्दै पनि इङ्ल्याण्ड अमेरिकासँग झुक्नु पर्ला, विगतमा फ्रेन्च कलामा पारखी थिए भन्ने कुरा कुनै फ्रेन्चले नाक चिम्राउला । तर पनि यस गौरवको निकै ठूलो मूल्य हुन्छ । किनभने यो आत्मविश्वासको बलियो धरातल हो । त्यसैले गौरवको यो बाकस रित्तो हुँदाहुँदै पनि कैयौं भरी बाकसभन्दा पनि धेरै गहुङ्गो हुन्छ ।

यस कुरालाई भी एस नेपालले निम्नलिखित शब्दमा बयान गर्न भ्याएका छन्, 'महान कार्यका लागि तपाईंको जन्म पनि महान सभ्यतामा भएको हुनु पर्छ । तपाईंको जन्म पनि गौरवशाली अतीत भएको भूमिमा हुनु पर्छ । त्यसो भयो भने तपाईंको स्मृति भण्डारमा अनादि कालदेखिको गाथा सुरक्षित हुन्छ, पुराकथाले, किंवदन्तीले, अग्रजहरूका कृत्यहरूले, अनि उनीहरूकै तेजले पनि तपाईंको बाटो उज्यालो हुन्छ ।' (द वुन्डेड सिभिलाइजेशन) जसले विद्याधर सुर्जे प्रसाद नेपालको यस भनाइलाई अनुभव गर्न सक्छ उसले भानुभक्त रामायणको भाषिक, सामाजिक र सांस्कृतिक महत्त्वलाई हृदयङ्गम गर्न सक्छ ।

हाम्रो पुरूषार्थ वर्ष ३१, अंक १, भानु विशेषाङ्क, कार्तिक पुस २०७०

पाना आठ

# वधूशिक्षाः भावी जीवनको प्रशिक्षण

**पृष्ठभूमि**

वधू शिक्षा निश्चित पृष्ठभूमिका कारण तयार भएको बुझिन्छ । तसर्थ यो निश्चित समस्याको समाधानका लागि रचना गरिएको कृति हो । त्यसैले यो उद्देश्यमूलक कृति हो । 'स्वान्तः सुखाय' लेखिएको होइन । यो मुख्यतः सुखी गृहिणी निर्माण गर्ने उद्देश्यले आजभन्दा दुईसय वर्ष अघि लेखिएको कृति हो । सुखी पतिको अर्थ सुखी पत्नी हो । पति वा पत्नीमा एक जना पनि बेचैन छ भने यो बेचैनीको प्रभाव दुवैलाई पर्छ । छोराछोरीलाई पर्छ । घरका अन्य सदस्यलाई पनि पर्छ । घरपालुवा पशुपक्षीलाई पर्छ । बोट बिरूवालाई पर्छ । भानुभक्तले बताए अनुसार यो प्रभाव घरमा आउने अतिथिलाई पनि पर्छ । रातभरको दन्तबभानले उनलाई अनिदो बनाइदियो र यस अनिदोपनले गर्दा फुरेको कविता हो यो । भानुले भनेका छन्-

सून्याँ दन्तबभान आज घरको कर्कर्‌गर्‌याको जसै,
भर्राति जाग्रन भैं भयो मकन ता लागेन आँखा कसै ।

वधू शिक्षा भावी गृहस्थ जीवनलाई सजिलो बनाउनका लागि दिइएको अभिमुखीकरण प्रशिक्षण पनि हो । जब जीवन सजिलो हुन्छ, त्यो सुखी पनि हुन्छ । जीवनलाई सजिलो वा अप्ठ्यारो अरूले मात्र बनाउँदैनन्, हामी आफैंले पनि बनाएका हुन्छौं ।

विवाह जीवनको एक संक्रमण बिन्दु पनि हो । विवाह पूर्व र विवाह पश्चात्को जीवनलाई छुट्ट्याउने ठाउँ । विवाह पश्चात् र विवाहपूर्वको जीवन दृष्टिकोणमा अन्तर हुन्छ । नयाँ घरमा नयाँ वातावरणमा के गर्ने, के नगर्ने, के गर्दा परिवारमा आफ्नो र पूरै परिवारको मर्यादा बढाउन सकिन्छ ? यस्तो अलमलमा भानुका कविताहरू मार्गदर्शक हुनसक्छन् । उनले गृहिणीको दैनिकी समेत सविस्तार वर्णन गरिदिएका छन् । केही उदाहरणहरू यस प्रकार छन् ।

**व्यक्तिगत र पारिवारिक स्वास्थ्य**

बिहान उठ्नु र नुहाइ धुवाइ गर्नु व्यक्तिगत सरसफाइ र स्वास्थ्य दुवै दृष्टिले लाभदायक मानिन्छ । यो केवल सांस्कृतिक वा धार्मिक परम्परामात्र होइन यो चिकित्सकीय दृष्टिले पनि उचित छ । दैनिक सरसफाइ सबैको दायित्व हो भनेर विश्व स्वास्थ्य संगठनले समेत मान्यता दिएको छ । स्वस्थ गृहिणी नै घरको वास्तविक पूँजी हो । स्वस्थ रहन गृहिणी आफैंले पनि जान्नु पर्छ । खानपिन रहनसहन सबै स्वास्थ्यका आधार हुन्छन् । तर बिहान सूर्योदय अघि उठ्नु र शरीर सफा गर्नु स्वास्थ्यका लागि सर्वोत्तम मानिन्छ ।

गृहिणीको दिनभरिको क्रियाशीलता उसको आफ्नो स्वास्थ्यमा भर पर्छ । त्यसैले स्वस्थ रहनु गृहिणीको अधिकारमात्र होइन कर्तव्य पनि हो । स्वस्थ गृहिणीले मात्र आफ्नो परिवारलाई स्वस्थ राख्न सक्छन् ।

रोगी, वृद्ध, विकलाङ्ग र बालकको स्वास्थ्य तथा पोषण आवश्यकता अनुसार खाने, लगाउने, बस्ने इत्यादि आवश्यकता पूरा गर्ने जिम्मेवारी पनि गृहिणीको हुन्छ । यस्ता पारिवारिक आवश्यकतालाई पोषण र सुरक्षा आवश्यकता भनिन्छ । उनले भनेका छन्,

रोगी बालक वृद्ध कोही घरमा हुन्छन् त तिन्को पनी,
घत् (मौका) जानीकन तम्तयार चिज् गरून् खान्या छ यस्ता भनी ।

**मानसिक शक्ति प्राप्त गर्नु**

गृहिणी शारीरिक रूपले मात्र होइन मानसिक रूपमा पनि स्वस्थ रहनु पर्छ । बिहान उठेर ध्यान पूजा गर्नु भनेको दिनभरिका लागि शान्ति र शक्ति प्राप्त गर्नु हो । गृहिणीहरूको दैनिक जीवन परिवारभित्र बिताइएको होस् वा सार्वजनिक जीवनमा, संघर्षपूर्ण हुन्छ । नयाँ र आकस्मिक परिस्थितिहरूबाट संघर्ष गर्नसक्ने शक्ति उनीहरूलाई निरन्तर चाहिन्छ । आफ्नो जीवन र मनलाई निरन्तर सामान्य बनाई राख्न ईश्वरको शक्ति र मानसिक ध्यान बाहेक अन्यत्र औषधि छैन । खाना खुवाइ स्कुल पठाइ दिएका बच्चा, कार्यालय र व्यवसायमा

पठाइदिएका श्रीमान्, दाजुभाइ, विदेश भएका छोराछोरी, नातेदार इत्यादिको दिनभर वा वर्षभर प्रतीक्षा गर्न जुन मानसिक शक्ति चाहिन्छ, त्यो यस कृत्यले प्राप्त हुन्छ । भानुले भन्छन्,

प्रातःकालमहाँ उठेर पहिले ध्यान् ईश्वरैको धरून् ।

**मनोवैज्ञानिक आवश्यकता पूरा गर्नु**

मानिसका अनेक आवश्यकता हुन्छन् । पोषणको आवश्यकता, सुरक्षाको आवश्यकता, शारीरिक आवश्यकता, मनोवैज्ञानिक आवश्यकता इत्यादि । मनोवैज्ञानिकहरूले मानिसको एउटा आवश्यकता- एस्टीम नीडको बारेमा चर्चा गर्छन् । प्रत्येक मानिसले सम्मान पाउनु उसको एक मनोवैज्ञानिक आवश्यकता हो । यसको पूर्ति उसलाई उचित सम्मान दिनाले प्राप्त हुन्छ । वृद्धवृद्धामा यो आवश्यकता केटाकेटीभन्दा अलि बढी हुन्छ । अन्यत्र कतै सम्मानको अनुभव नगर्नेले पनि घरभित्र यो आवश्यकता परिपूर्ति गरी सन्तुष्टि प्राप्त गर्छन् । वास्तवमा सबैले यथोचित सम्मान प्राप्त गर्ने संस्थाहरूमा घरपरिवार नै सर्वोत्तम संस्था हो । जहाँ निर्धो, अशिक्षित, निर्धन सबैले सम्मान प्राप्त गर्न सक्छन् । अन्यत्र त्यो सम्भव छैन । त्यसैका लागि भानुले भनेका छन्,

मान्ने छन् घरका सबै जति जना तिन्लाई ढोग्भेट् गरी ।

गृहिणीले पोषण, सरसफाइ, र सुरक्षाका आवश्यकता पूरा गरिदिए जस्तै ढोगभेटद्वारा नजानीकन पारिवारिक एस्टीम नीड परिपूर्ति गरिदिएका हुन्छन् ।

**व्यवस्थापकीय योग्यता**

घरको आन्तरिक व्यवस्थापन गृहिणीको सर्वाधिक महत्त्वपूर्ण र व्यस्त बनाइराख्ने काम मध्ये एक हो । जो यस काममा जति सिपालु हुन्छ उसको घर ऊ आफैंलाई त्यति नै सजिलो, आरामदायक र सुखकारक हुन्छ । पहिलो कुरा व्यवस्थापक जाँगरिलो हुनु पर्छ । अल्छी व्यवस्थापकले राम्रो व्यवस्थापन गर्न सक्दैन । अनि शारीरिक र मानसिक रूपमा जो स्वस्थ हुन्छ त्यो अल्छी हुँदैन, त्यो पनि सत्य कुरा हो । त्यसैले भानुले भनेका छन्-

अल्सी दूर गरेर नारीहरूले थान्को र मान्को गरी गरी
काम्काम्का परिवार लायक विचार गर्दै रहुन् दिन् भरी ।

घरका सामान ठीक ठाउँमा राख्नु पर्छ । उचित प्रयोग गर्नु पर्छ । यो व्यवस्थापनको सामान्य सिद्धान्त हो । यसबाट अन्य प्रयोग कर्ताहरूलाई सजिलो हुन्छ । यदि अरू कसैले सामान यता उता गरिदिएका छन् भने त्यसलाई अल्छी नगरी मिलाइ राख्नु वधूको कर्तव्य हो किनभने ऊ पारिवारिक व्यवस्थापनको सर्वोच्च निर्देशक हो । वेदमा भनिएको छ-

त्वं सम्राज्ञ्येधि पत्युरस्तं परेत्य ॥ अथर्ववेद १४.१.४३ ॥

गृहिणी परिवारको साम्राज्ञी हो । उसलाई परिवारको आन्तरिक सार्वभौमसत्ता दिनुपर्छ ।

एक व्यवस्थापकको रूपमा पत्नीको काम सबैको इच्छा पूरा गर्नु हो तर पत्नीको प्रथम कर्तव्य पतिको इच्छा पूर्ति हो । किनभने पति परिवारको जोखिम वहनकर्ता हो । पतिको जोखिम कम गराउनु पत्नीको कर्तव्य हो । साथै पतिका जीवनको सफलता पूर्णतया पत्नीको व्यवहारमा भर पर्ने कुरा हो । भानुले भन्छन्-

जो इच्छा पति को छ बुझि उसै माफिक् सबै काम गरून् ।

जुन स्थान हो चिज्को उहीं लगि उ चिज् राख्न्या स्वभाव् पो धरून् ।

जसको घरमा नोकर चाकर हुन्छन् उनीहरूले नोकर मार्फत् पनि काम गराउनु पर्छ । तर सबै काम नोकरलाई गराउनु हुँदैन । जसका घरमा नोकर छैनन्, उनीहरूले सबै आफैं गर्छन् । तर उनले पनि यी कुराहरू ध्यानमा राख्नुपर्छ । घरको मूल स्थान जस्तै भान्सा, भण्डार, सेफ, दराज, बेडरूममा ज्यादै नजिकका बाहेक अरूलाई प्रवेश गराउनु हुन्न । त्यहाँबाट केही कुरा निकाल्नु छ भने त्यहाँ आफैं जानुपर्छ । अरूलाई लगाउनु हुँदैन । त्यहाँको गोपनीयता आफूसँग सुरक्षित राख्नु राम्रो हुन्छ । भानुले भन्छन्-

भान्छाको सरजाम चाकर गरून् भाँडा सफाई गरी

खान्या चीज भँडारमा पसि झिकुन् आफैं अगाडि सरी ।

काम गर्ने कर्मचारी वा नोकरलाई अह्राउने तरीका पनि भानुले सिकाएका छन् । प्रसन्न मन चित्तले उसलाई प्रेमपूर्वक अह्राउनु पर्छ भनेका छन् । झर्केर होइन । नोकर अर्थात् घरको भित्र काम गर्ने मानिस पनि आफ्नै परिवार हो । उसलाई मायाँ गर्नुपर्छ । हेलाँ होइन । त्यसैले,

चाकर्लाई अह्राउनू, खुशि हुँदै मीठा वचन्ले गरि ।

**घरेलु शिल्पमा योग्यता हासिल गर्नु**

धागो कात्नु, बत्ती बटार्नु, दूना टपरी, गुन्द्री इत्यादि बनाउनु यो वास्तवमा विशिष्ट नेपाली हाते शिल्प हो । नेपाली परम्परा हो । नेपाली मौलिकता हो । आधुनिक आर्मचेयर शिक्षाले यस्ता हाते शिल्पमा दिदीबहिनीहरूलाई घृणा उत्पन्न गराइदिएको छ । बत्ती कात्न जान्ने भन्दा नजान्ने प्रगतिशील ठानिन्छ । यो हाम्रो संस्कृतिका लागि हानिकारक संस्कार हो । शिक्षाको प्रसारले नेपाली मौलिकता जरैसम्म हराउने खतरा बढेको बेलामा भानुको यो शिक्षा मननीय र सान्दर्भिक हुन आएको छ । बत्ती कात्न, दुना टपरी गाँस्न सिकाउने कुनै शिक्षालय छैन । पाठ्यक्रम छैन । त्यसको जाँच हुँदैन । पारिवारिक परम्परामा

चलि आएको सीप हो । यदि यसलाई अशिक्षित महिलाको काम भनेर छोडियो भने नेपाली समाजबाट नेपालीको यो मौलिक सम्पत्ति हराएर जानेछ । यो सबैले जान्नु पर्ने सीप हो । यसमा शिक्षाले तगारो हाल्नु हुँदैन । यसलाई आधुनिक प्रविधिले बिगार्नु हुँदैन । यस हस्तशिल्पलाई मौलिक रूपमा सुरक्षा गर्नु नै सर्वोत्तम पूंजी हुनेछ । भानु भन्छन्,

धागा बत्ति समेत काति टपरी दूना बोहोता पनी
सिन्का साफ चिरेर राखनु अनी चाहिन्छ काम्मा भनी ।

**अनुशासित जीवन बिताउनु**

महिलाको अनुशासित जीवनमा सारा परिवारको शक्ति हुन्छ । आफ्ना बाबु आमाको नैतिक र चारित्रिक जीवनबाट ससाना बच्चाहरूले जीवनभर शक्ति प्राप्त गरेका हजारौं उदाहरण छन् । आमाको जीवन देखेर महात्मा गान्धीको जीवनमा व्रत, उपवासप्रति श्रद्धा जागेको हो । आमाको उपदेश मण्डेलाले जीवनभर बिर्सेनन् । आमाको स्वाभिमानी स्वभाव र श्रीमतीको धार्मिक जीवनबाट संघर्षको शक्ति प्राप्त गरेको बी पी कोइरालाले उल्लेख गरेका छन् । त्यसैले महिलाको जीवन सबैका लागि मार्गदर्शक हुनजान्छ । भानुले त्यसैलाई उल्लेख गरेका छन्,

पूजा व्रतादिका जति तीथि पर्छन्
सम्झेर गर्नु सब पाप हर्छन् ।

**घरेलु चाडबाड उत्साहपूर्वक मनाउनु**

चाडबाड घरेलु जीवनमा आनन्दका सर्वोत्तम आधार हुन् । हजारौं किलोमिटर टाढाका मानिसहरूले पनि घरेलु चाडबाडका दिन गनेर बसेका हुन्छन् । घरमा भएकाले त्यस दिन अन्य दिनभन्दा बढी खुशी प्राप्त गर्छन् । बालबालिकाहरूको सारा उल्लास चाडबाडका लागि नै जम्मा भएको हुन्छ । त्यसैले चाडबाड मनाउँदा आफ्नो संस्कृतिलाई सर्वोच्च मानेर मौलिक रूपमा मनाउनु पर्छ । त्यस भित्र ठूलो शक्ति हुन्छ । धेरै खर्च गरेर चाडबाड मनाउनु पर्छ भन्ने छैन थोरै खर्च गरेर पनि त्यसलाई पूर्णता दिन सकिन्छ । त्यस भित्रको धार्मिक तत्वलाई मूल मानेर चाडबाड मनाउनु पर्छ । यस्तोमा बालबालिकाले केही नयाँ खानेकुरा खोज्छन्, केही लगाउन खोज्छन् । सधैं भन्दा थोरै नयाँपन दिएर मनाउनका लागि गृहिणी सधैं तयार रहनु पर्छ । सो भएमा अरूसँग चाडबाडमा संगै समावेश हुन पाइन्छ । यदि त्यसो भएन भने चाडबाडको दिनमा सबभन्दा मर्का उनै गृहिणीलाई पर्छ । सो कुरा भानुले भनेका छन् ।

चाडबाडका चिजहरू पहिल्यै तयार गरेर राख्नु

**परिवारको सुरक्षा र विकासमा ध्यान दिनु**

गृहिणी आफ्नो घरको सुरक्षा र विकास गर्न सक्ने योग्यता भएको हुनु पर्छ । त्यसका लागि उचित अनुचित छुट्टयाउन सक्ने र सो छुट्टयाएर निर्णय गर्नसक्ने हुनुपर्छ । यस्तोमा केही योग्यता त उनीहरूले माइतमा सिकेर आएका हुन्छन् तथा केही योग्यता घरको परिस्थिति अनुसार आफैं सिक्नुपर्छ । किनभने सबै कुरा बताउने योग्य पनि हुँदैनन् र कुनै घटनामा आकस्मिक निर्णय पनि गर्नु पर्ने हुन्छ ।

मान्य जनलाई मान्नु, घरलाई ठग्न खोज्नेलाई चिन्नु

परिवार एक प्रजातान्त्रिक संस्था हो । यसमा तानाशाहीको कहीं कतै गुञ्जायश हुंदैन । हरेक निर्णय सरसल्लाहले गर्नुपर्छ । कसैले कुनै निर्णय गरेको भए पनि उसले के मान्यता गरेको हुन्छ भने अरू पनि सहमत हुनेछन् । त्यसैले घरमा अरूसँग सहमति लिएर निर्णय गर्नुपर्छ । आफूलाई कुनै विशेष निर्णय गर्नु छ भने आफूले निर्णय गर्नुभन्दा अरूबाट निर्णय गराउनु पर्छ । यो एक प्रकारको विशेष सीप हो । अलिकति सिकेपछि सबै यसमा पारंगत हुन सक्छन् ।

'राखोस् इष्ट कुटुम्ब मित्रहरूमा अमृत सरीको रवाफ् ।' भन्दै भानुले विनम्र, आज्ञाकारी, मिलनसार, सबको भलो चाहने, मधुर वाणी बोल्ने गृहिणीको कल्पना गर्दा कमजोर गृहिणीको कल्पना गरेका छैनन् । उनले परिवारलाई आवश्यक परेमा कठोर हुनसक्ने योग्यता गृहिणीमा हुनपर्छ भनेका छन् ।

पाउन् पापि कठोर चोरहरूले सोही बमोजिम जवाफ् ।

**उपसंहार**

गृहिणीलाई प्रशिक्षण दिने दृष्टिले भानुको योगदान अप्रतिम छ । जबसम्म परिवार संस्थाको सान्दर्भिकता छ त्यस बेलासम्म वधूशिक्षाको सान्दर्भिकता रहने छ । नाटककार समले वधूशिक्षाका लागि एक अप्रत्यक्ष सन्देश दिएका छन्, 'पतिभक्ति त मर्दैन पापी पति भए पनि ।'

अनि महाकवि लक्ष्मीप्रसाद देवकोटाले भने- 'खोज्छौ सुख भनी सुख त्यो कहाँ छ ? आफू मिटाई अरूलाई दिनु जहाँ छ ।' परिवारमा प्रत्येक सदस्यले अर्काको सुखका लागि आफूले त्याग गर्न तैयार भएर बसेको हुन्छ । अझ गृहिणीले त सबै कुरा त्याग गर्न, सबैको सेवा गर्न जति योगदान गर्छन्, त्यसको सही मूल्याङ्कन कसले गर्न सक्छ ?

रजस्थल भानुभक्त विशेषाङ्क, १७ (५७), माघ-चैत वि.सं. २०७०

पाना नौ

# शब्दहरूको अर्थ विस्तार र अर्थ सङ्कुचनः केही उदाहरण

कुनै शब्दका तीन अर्थ हुन्छन्- अभिधा, लक्षणा र व्यञ्जना । अभिधा अर्थात् सोझो अर्थ, वाच्यार्थ, आशय, सार कुरा, नियत, उद्देश्य, गूढ अभिप्राय । लक्षणा भनेको एउटा अभिप्रायलाई लिई अर्को अर्थ प्रकट गर्ने शब्दको शक्ति हो । कुनै शब्दको अर्थ प्रकट गर्ने अर्को तरिका हो व्यञ्जना । व्यञ्जना भनेको अभिधा र लक्षणाभन्दा फरक व्यङ्ग्यार्थ वा चमत्कारिक आशय बुझाउने अर्थ हो । यी तीनवटा अन्तरलाई स्पष्ट गर्न एउटा रमाइलो उदाहरण दिन सकिन्छ- 'जता मल्कू, उतै ढल्कू ।' यहाँ मल्कू भनेको मकैको च्याख्ला हो । प्रेमिकाको पछि ढल्किने प्रेमीका लागि यो वाक्यांश प्रयोग हुन्छ । तर अचेल व्यङ्ग्यार्थमा बोली फेर्ने र कमजोर मानसिकताको पुरूष वा महिला सबैलाई यस उखानको प्रयोग हुने गरेको छ ।

नेपाली भाषा आज केवल साहित्यिक भाषामात्र रहेन । यो प्राविधिक भाषा पनि बन्न पुगेको छ । सामाजिक विषयका सिद्धान्त पनि यसै विषयमा अभिव्यक्त गरिन्छ । यस भाषामा केवल कविता, कथा, समालोचना, उपन्यास वा गजलमात्र

लेखिंदैन, समाचार पनि लेखिन्छ । फेसबुक, ट्वीटर र विकीपिडिया आदि सोसल नेटवर्कमा प्रयोग गरी विश्वव्यापी सम्प्रेषण हुन्छ । मोबाइल च्याटिङ्ग पनि गरिन्छ । गुगलको विश्वव्यापी अनुवाद समेत नेपाली भाषामा उपलब्ध छ ।

विश्वविद्यालयहरूमा अध्ययन अध्यापन हुने प्राचीन र आधुनिक विषयहरू पनि यसै भाषामा सिकाइन्छ, सिकिन्छ । सीप विकास र व्यक्तित्व विकासका तालीमहरूको भाषा पनि नेपाली हो । रोगीले समस्या बताउने र चिकित्सकले निदान दिने भाषा पनि नेपाली हो । घरको वास्तुशास्त्रको कल्पना गर्ने र त्यसलाई मूर्त बनाउन खर्च गर्ने गृहस्थ, र त्यसमा संलग्न कामदार र ठेकेदारको भाषा पनि नेपाली हो । गणित, मेडिकल, इञ्जिनीयरिङ्ग, कम्प्युटर, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र आदिको विषयगत ज्ञान प्रवाह गर्ने भाषा नेपाली नै बनेको छ । नेपाली भाषाको क्षेत्र आज कल्पनातीत रूपमा विस्तृत भएको छ । त्यसैले नेपाली भाषाका शब्द, व्याकरण, र संरचनामा अनावश्यक छेडखानी गर्दा अन्य क्षेत्र र विषयहरूलाई पनि असर पर्छ भन्ने कुरा नेपाली विषयलाई चलाउने गुरूहरूले सोच्नु पर्छ । यो भाषा केवल नेपाली विषयको मात्र सम्पत्ति रहेन सबै आधुनिक विषयहरूको समेत सम्पत्ति हुन पुगेको छ । त्यसैले कुनै शब्दमा परिवर्तन गर्दा नयाँ अर्थ लगाउँदा अन्य विषयमा यस परिवर्तनले के असर पर्छ भन्ने कुरा ध्यानमा राख्नु पर्छ । नेपाली भाषा र व्याकरणमा ल्याउने परिवर्तनले यसलाई सुन्दर, बोधगम्य, आधुनिक र व्यावहारिक बनाउनुका साथै उसको विगतका जराहरू अझ बलियोसँग मूलभूमिमा सम्बन्धित गराउनु पर्छ । कुनै बिरूवाको जरामा गोडमेल गर्ने परिवर्तन सकारात्मक हो तर जरा उखेल्ने गरी गरिएको परिवर्तनले त्यसलाई पुष्पित र पल्लवित हुन बाधा पुर्‍याउँछ । यही नियम भाषामा पनि लागु हुन्छ ।

नेपालीमा एक पटक चर्चित बनेको (तर एक हदसम्म नेपाली भाषाको वैज्ञानिकतामा हानि गरेको) झर्रोवादले नेपाली भाषाको जरैमा छेडखानी गर्‍यो । दार्शनिक सुकरातले छलफल र वादविवाद विधिको प्रयोग गरेर आफ्ना शिष्यहरूलाई उपदेश दिने गर्थे । 'झर्रोवादीले सुकरातको विशेषता यसरी लेखे- 'कुरौटे दार्शनिक सुकरात ।' त्यसपछि नेपालका विद्यालयहरूमा कक्षा कोठाहरूमा शिक्षक र विद्यार्थीहरूले सुकरातलाई कुरौटे भन्न थाले । त्यस दिन झर्रोवादीको तर्कमा सबै तर्कशास्त्रीहरू कुरौटे हुन पुगे । अध्यापनको छलफल विधि कुरौटे विधि बन्यो । तर प्रचलनमा कुरौटे शब्दको अलि सङ्कुचित अर्थ लाग्छ । अनावश्यक,

कम महत्त्वका र गैरजरूरी कुराहरू गर्नेलाई कुरौटे भनिन्छ । भाषाशास्त्रीहरूले प्रयोग गरेपछि केही समयसम्म त्यो शब्द चल्यो । पछि के भयो कुन्नी ? त्यो शब्द हटाइयो । त्यस पछि झर्रोवादीहरूले त्यसको वैकल्पिक शब्द प्रयोग गर्न थाले- 'बोलक्कड दार्शनिक सुकरात ।' तर बोलक्कड वा कुरौटे शब्दको प्रयोगले कुनै पनि विचारकको दार्शनिक व्यक्तित्व प्रकट हुँदैन । कुनै दार्शनिकलाई त्यस्तो सङ्कुचित शब्द प्रयोग गर्ने भाषाको पनि गरिमा रहँदैन । झर्रोवादको अर्थ संस्कृत मिसिएका शब्द बहिष्कार गर्ने थियो । त्यसैले संस्कृतका तत्सम र पारिभाषिक शब्द मिल्काउँदा झर्रोवादीहरूले प्रसन्नता अनुभव गरे । यसबाट नेपाली भाषालाई उपलब्धि कम र हानि केही बढी भयो ।

परिवर्तन जीवन्त भाषाको परिचायक हो तर यस परिवर्तनले उसको जीवन्ततालाई दीर्घजीवी र व्यापकता दिने हुनुपर्छ । यसबाट भाषाको सम्मानमा पनि वृद्धि हुनुपर्छ । भाषाको मौलिकता पनि सुरक्षित हुनुपर्छ । अहिले नेपाली भाषामा पुनः एक प्रयोग हुँदै छ, बुद्धलाई बुद्ध, विद्वानलाई विद्वान्, विद्यालाई विद्याको प्रयोग । यस नियम अनुसार त्रिशूललाई तिर्सूल, कक्षालाई कक्सा, धर्मलाई धर्‌म लेख्नु पर्छ । किनभने जुन समस्या विद्या र विद्वान्मा छ, त्यस्तै समस्या अन्य अनेक शब्दहरूमा पनि छ ।

पुस्तान्तरलाई अझ फराकिलो बनाउने यो पनि एक तरिका हो । पुरानो पुस्ताले गरेको नयाँ पुस्ताले नबुझोस् र नयाँ पुस्ताले गरेको काम पुरानो पुस्ताले मन नपराओस् । एकले अर्काको विचार नै नबुझे पछि अझ छिटो पुस्तान्तर हुन्छ । सामाजिक परिवर्तन कुनै पर्दैन । यस्ता प्रयोगले भविष्यमा आउने थप समस्या आजै अनुभव गर्न सकिन्छ । त्यसैले होला भाषाविद्हरू पाणिनीको कृत्य प्रति नतमस्तक हुन्छन् । जसले ३००० वर्ष पूर्व बनाएको व्याकरण उनको समयमा पनि पूर्ण थियो र उनको मृत्यु पछि पूर्ण रह्यो । जुन व्याकरणमा प्रत्येक नियमको एउटा व्याख्या छ । कुनै नियममा पनि पाणिनी अपवाद भनेर पन्छिएका छैनन् । यो गुण आधुनिकतम र वैज्ञानिक भनिएका भाषाहरूमा पनि पाउन सकिंदैन । त्यसैले त्यो ग्रन्थ संस्कृतको मात्र होइन अङ्ग्रेजी भाषाशास्त्रीहरूका लागि समेत वन्दनीय छ । यसलाई जानेपछि हजारौं वर्ष पुराना पुस्तकहरू आज सजिलै बुझ्न सकिन्छ । तर आज नेपाली भाषाको स्थिति के बनेको छ भने पाँच वर्ष अघि नेपालका विश्वविद्यालयको व्याकरणको उत्कृष्ट ठहरिएको पुस्तक 'राम्रो रचना, मीठो नेपाली' आज अप्रचलित र अस्पष्ट हुन पुगेको छ ।

यस विवरणबाट हामीले बनाएको व्याकरणको क्षणभङ्गुरता र पाणिनीय व्याकरणको सार्वकालिकता र सार्वजनीनता नै पुष्टि हुन्छ । जीवन्तताको अर्थ थप हो, सुधार हो । जुन पुरानोको सुन्दरतामा अभिवृद्धिका लागि गरिएको हुन्छ । भाषामा सम्पूर्ण क्रान्तिले भाषाको जीवन्तता र नियमितता रहँदैन । कुनै समयमा रूसमा अङ्ग्रेजी गडको जीलाई क्यापिटल लेख्नु अशुद्ध मानिन्थ्यो भने गभर्नमेन्टको जीलाई स्मल लेख्नु अशुद्ध मान्ने व्याकरण सिर्जना गरिएको थियो । त्यसमा वि.सं. २०४७ पछि फेरि सुधार गर्नु पर्‍यो ।

हामीले 'भात खाने' भन्छौं, 'पानी खाने' भन्छौं । हिन्दीमा 'भात खानें भने पनि 'पानी पिउने' भन्छन् । तर हिन्दीमा 'चुरोट पिउने' भन्छन् । यसका लागि हिन्दीमा कुनै विशेष शब्द छैन । अङ्ग्रेजीमा भातलाई 'इटिङ्ग', पानीलाई 'ड्रिकिङ्ग', चुरोटलाई 'स्मोकिङ्ग' भनिन्छ । नेपालीमा 'चुरोट तान्ने' भन्ने नयाँ शब्दको प्रचलन सुरू भएको छ । यो प्रयोग ग्राह्य पनि भइसकेको छ ।

अर्थशास्त्र एक साहित्यिक विषय होइन प्राविधिक विषय हो । यस विषयमा प्रयुक्त शब्दहरूको विशेष अर्थ हुन्छ । स्वयं अर्थशास्त्र नै एक पारिभाषिक शब्द बनेको छ । 'इकोनोमिक्स' अङ्ग्रेजीको 'इकोनोमाइजिंग' भन्ने शब्दबाट आएको छ जसको अर्थ हो 'किफायत गर्नु ।' तर पनि नेपालीमा 'किफायत शास्त्र' भनिंदैन । हामीले जसलाई 'अर्थमन्त्री' भन्छौं त्यसको अङ्ग्रेजी अनुवाद 'वेल्थ मिनिस्टर' हुनु पर्ने हो किनभने अर्थ धनको पर्याय हो तर अङ्ग्रेजी अनुवाद 'फाइनान्स मिनिस्टर' हुन्छ ।

अर्थशास्त्र विषयका नेपाली शब्दहरूको जग लगभग ५० वर्ष अघि बसिसकेको छ । यस विषयका शिक्षक र विद्यार्थीहरूले धन, वस्तु, उपयोगिता, भूमि, श्रम, पूँजी, उद्यम, लागत, आम्दानी, आय, लगान, ज्याला, ब्याज, नाफा, बजार मूल्य, स्थिर मूल्य, प्रचलित मूल्य, महँगी, दुर्लभता इत्यादि शब्दहरूको अलग अर्थ बुझ्दछन् । यी मध्ये केही शब्द प्राविधिक आधारमा प्रयोग गरिएका छन् भने केही शब्द सामान्य बोलीचालीबाट ल्याइएका छन् । युरोपमा अर्थशास्त्रको नामकरण हुन मात्र पनि ११४ वर्ष लागेको थियो भन्ने कुरा बिर्सनु हुँदैन । एडम स्मिथले सन् १७७६ मा 'एन इन्क्वाइरी इन्टु द वेल्थ अफ नेशन्स' भनेको यो विषय सन् १८९० मा मात्र 'प्रिन्सिपल्स अफ् इकानोमिक्स' हुन सक्यो । जेभन्स र जे एस मिलले सुरू गरेको 'सीमान्त उपयोगिता' गणितको 'अवकलज' (डेरिवेटिभ) को रूपमा परिभाषित हुन लगभग १०० वर्ष लाग्यो । अर्थशास्त्रमा

दुर्लभता भनेको थोरै होइन पूर्तिको तुलनामा माग बढी हुनु हो भन्ने कुरा स्पष्ट हुन १६० वर्ष लागेको हो । नेपालीमा उपयोगिता भनेको 'फाइदाजनक' हो तर अर्थशास्त्रमा यसको अर्थ 'सन्तुष्टि दिने गुण' हो । चुरोटखाने उपभोक्ता पनि अर्थशास्त्रमा विवेकशील हुन्छ यदि उसले अधिकतम सन्तुष्टि (उपयोगिता) प्राप्त गर्छ भने । 'तटस्थ' भनेको 'निरपेक्ष' हुनु वा मतलब नराख्नु हो तर अर्थशास्त्रमा 'तटस्थ हुनु' भनेको 'बराबर महत्त्व दिनु' हो । पूँजी शब्दको अर्थ केवल त्यो धन हो जुन उत्पादक हुन्छ । अहिले आएर पूञ्जी (ह्रस्व) लेख्ने चलन सुरू भएर कसैले 'पुँजी' र कसैले 'पूँजी' लेख्न थालेका छन् । औसतलाई कसैले औषत लेख्ने गरेको पनि पाइएको छ । त्यसै गरी सीमालाई कसैले सिमा, सीमान्तलाई सिमान्त लेख्ने गरेका छन् । यसलाई लेखाइको लोकतन्त्र भन्ने कि अराजकता ? नेपाली विषय बाहेकका अन्य विद्यार्थी (र शिक्षक समेत) मा के भ्रम छ भने शुद्धता नेपालीका गुरूहरूको जिम्मेवारी हो । यसरी त नेपाली भाषामा दण्डहीनताको स्थिति हुन जानेछ । जसले जे लेखे पनि छूट । यसलाई नियमित गर्न सामाजिक र प्राविधिक विषयका शिक्षकहरूको भूमिका पनि महत्त्वपूर्ण छ । उनीहरूले नेपालीका पारिभाषिक शब्दहरूको उच्चारण र लेखन शुद्ध रूपमा गर्नु पर्छ । पारिभाषिक प्रयोगमा एकरूपता ल्याउनु पर्छ । प्राविधिक शब्दहरूको सम्बन्धमा विचार विमर्श गरिरहनु पर्दछ ।

यस गन्थनको सार के भने एक एक शब्दको विकास हुन एक एक सय वर्ष लाग्छ । अर्थ विस्तार हुन्छ, अर्थ परिवर्तन हुन्छ । अर्को कुरा, नेपाली भाषाको क्षेत्र कति व्यापक भइसकेको छ भने यसका शब्दहरूमा नेपाली विषयका गुरूहरूको मात्र अधिकार रहेन । चाट बेच्नेदेखि च्याटिङ्ग गर्ने सम्मका मानिसहरूको अधिकार छ । त्यसैले भाषिक संरचनामा लहडमा परिवर्तन गर्नु उचित हुँदैन । सबै विषय, सबै प्रविधि र आफ्नो आजसम्मको परम्परालाई ध्यानमा राखेर नै परिवर्तनलाई संस्थागत गर्नु पर्छ । लगातार भाषामा संरचनागत परिवर्तन गर्दै लैजाने हो भने आजको नेपाली भाषा पचास वर्ष पछिका नेपाली पुस्तालाई बुझ्न त्यतिकै समस्या हुने छ जति समस्या आज अशोक स्तम्भ, लुम्बिनीमा लेखेको भाषा अध्ययन गर्ने पुरातत्त्वविद्‌लाई हुने गर्छ ।

दैनिक पत्र, फागुन १४, वि.सं. २०६८

पाना दस

# जैसीले नजानेको तर अल्छीले जानेको

कसैले कुनै काम नगर्न थोरै बहाना बनायो कि नेपाली मुखबाट प्वाक्क निस्कन्छ- जैसीले नजानेको अल्छीले जान्दछ । बोलक्कड होस् कि बुभक्कड सबले यस उखानलाई प्रयोग गर्छन् । तर यस उखानको यी दुवै वाक्यांशका सहसम्बन्धको वैज्ञानिकता परिक्षण कसैले गरीदिएको छैन । न उखानका बखानकर्ताहरूले, न उखानका विश्लेषणकर्ताहरूले । न उनीहरूले जैसीको जस्तो कुनै गणितीय विश्लेषण नै प्रस्तुत गरे । न अल्छी जस्तो सैद्धान्तिक अवधारणा प्रस्तुत गरे । सबै अल्छी देखिए यस कुरामा । आउनुहोस् आज यस उखानको तार्किक र वैज्ञानिक विश्लेषण गर्दै दुवैमा गणितीय सहसम्बन्ध स्थापना गरौं ।

यदि दुई वाक्यांश सम्बन्धित छन् भने दुवैको सापेक्षिक सम्बन्धलाई दुई प्रकारले विश्लेषण गरिन्छ- एकोहोरो सम्बन्ध (बायाँबाट दायाँ) र दोहोरो सम्बन्ध (बायाँबाट दायाँ र दायाँबाट बायाँ दुवैतर्फको सम्बन्ध) । जस्तै गणितमा दुई र तीनलाई गुणा गर्दा छ हुन्छ तथा तीन र दुईलाई गुणा गर्दा पनि छ हुन्छ । त्यसैले दुई गुणा तीन र तीन गुणा दुई आपसमा बराबर हुन्छन् । गणितको भाषामा यो सम्बन्ध दुवैतर्फबाट सत्य छ ।

अर्थशास्त्रको एउटा उदाहरणले एकोहोरो र दोहोरो सम्बन्धलाई स्पष्ट गर्न सकिन्छ । अर्थशास्त्रमा मागको नियम छ- 'मूल्य घट्दा माग बढ्छ ।' यसमा दुई वाक्यांश छन्- (क) मूल्य घटनु र (ख) माग बढ्नु । त्यसर्थ, यस वाक्यको दोहोरो सम्बन्ध यस प्रकार हुन्- (क) मूल्य घट्दा माग बढ्छ र (ख) माग बढ्दा मूल्य घट्छ । मूल्य घट्दा माग बढ्छ भन्ने सम्बन्ध सत्य छ । तर अर्को तर्फको सम्बन्ध सत्य छैन । माग बढ्दा मूल्य घट्ने प्रश्नै हुँदैन । त्यसैले यो कथन एकोहोरो सत्य छ तर दोहोरो सत्य छैन ।

कसैकसैले यस उखानमा प्रयुक्त शब्द जैसीलाई जातिवाचक बुझ्छन् । यदि 'जैसी' शब्द जातिवाचक हो भने अर्को शब्द 'अल्छी' पनि जातिवाचक हुनुपर्छ । किनभने दुई विजातीय कुराको तुलना कही पनि  हुँदैन- न गणितमा, न भाषामा यस दृष्टिले 'अल्छी' शब्द उपाध्यायका लागि प्रयोग गरिएको हुनुपर्छ भन्ने शंका उत्पन्न हुन्छ । तर जैसीलाई पेसागत शब्द मान्दा जैसीको अर्थ हो चिना हेर्ने र उपाध्यायको अर्थ हो वेद पढ्ने । जसले वेद जानेको हुन्छ उसले ज्योतिष जान्दैन । यो अर्थ लगाउँदा यस शब्दका पर्यायवाचीतिर पनि ध्यान दिउँ । यदि जैसीको पर्यायवाची ज्योतिषी हो भने चन्द्र शाखा न्यायले अल्छीको पर्याय वेद पढ्ने उपाध्याय हुन गयो ।

अर्कोतिरबाट विश्लेषण गर्दा, यदि अल्छी भनेको उपाध्याय हो भने जैसी भनेको जाँगरिलो हुनुपर्छ । तर कुनै पनि शब्दकोश वा पर्यावाचीकोशमा यस्तो अर्थ दिइएको छैन । त्यसैले के कुरा पक्का भन्न सन्किछ भने अल्छी भनेको उपाध्याय होइन र जैसी भनेको जाँगरिलो पनि होइन ।

तर यसको अर्थ के होइन भने ज्योतिषी भने पछि जाँगरिलो हुनै पर्छ । ज्योतिषी पनि अल्छी हुनसक्छ । ज्योतिषी पनि दुई प्रकारका हुन्छन्- गणित ज्योतिषी र फलित ज्योतिषी । दुवैका आआफ्ना जाँगर र अल्छीपन हुन्छन् । जैसी भन्नाले धेरैले फलित ज्योतिषी नै बुझ्छन् । त्यसैले यस उखानमा जैसी भनेको वर्गीय शब्द हो । अर्थशास्त्रको साधारण श्रमविभाजन वा पेसागत विभाजन । तर अल्छी भनेको निष्क्रिय र जाँगर नभएको मानिस हो । कुनै काम नगर्नेको कुनै वर्गपनि हुँदैन । त्यसैले जैसी वर्गहीन हुन्छ ।

जैसीले नजानेको अल्छीले जान्दछ यस सामान्य सम्बन्धको आजसम्म सबैले बुझेको अर्थ के हो भने अल्छीले काम नगर्नका लागि अनेक बहाना बनाउँछ । ऊ जाँगरमरूवा छ । त्यसैले एकभन्दा एक बहाना बनाउन सक्छ । काम गर्ने बहाना होइन, काम नगर्ने बहाना । जैसीले गणित वा फलितको हिसाब

गर्न जति दिमागी मेहनत गर्छ अल्छीले काम नगर्न त्यो भन्दा बढी दिमाग लगाउँछ ।

यदि काठमाडौं जानु छ अर्को उपाय छैन भने जाँगरिलो हिंडेर जान पनि तैयार हुन्छ । भन्छ, जाउँ हिंडेर । आखिर पैदल संसार भ्रमण गर्ने मानिस पनि त छन् ।

शिवपुरीबाबाले एक्लै करीब ४० हजार किलोमीटर पैदलभ्रमण गरेर पृथिवीको परिधि पूरै फन्को मारे । पृथिवी फन्को मार्ने आँट भएर त होला एराउन्ड द वर्ल्ड इन एटी डेज भनेर उपन्यास पनि लेखेका छन् । हामी हिंडेर तीन सहर नेपाल कसो नपुगौंला ?

अल्छीले भन्छ- होइन, हिंडेर त कहाँ जान सकिन्छ ? यातायात सुविधा नभए पो हिंड्नु । बाटो छ । साधन छन् । साइकिल छ । मोटर साइकल छ । दिउँसो हिंड्ने गाडी छन् । राति गुड्ने गाडी छन् । रेलगाडी पो छैन, बाटो खराब भए आकाशमार्ग छ । अल्छीसँग कति हो कति विकल्प हुन्छन् । यो पनि हुन्छ, त्यो पनि हुन्छ । यस विश्लेषण अनुसार अल्छीले निकै धेरै जान्दछ र त्यसले जति जान्दछ, जैसीले त्यो भन्दा केही कम जान्दछ । यदि अल्छीले ज्यादै कम जान्दछ भने जैसीको ज्ञान शून्य हुन्छ । यस दृष्टिले अल्छीको ज्ञान शून्य हुन सक्दैन किनभने जैसीले केही त जानेकै हुन्छ ।

अब अर्कोतर्फबाट विश्लेषण गरौं । अल्छीले जानेको जैसीले जान्दैन । यदि यो कुरा सही हो भने प्राविधिक दृष्टिले अल्छीलाई प्रविधि विकासको परिकल्पनाकार भन्न सकिन्छ । वैज्ञानिक आविष्कारको जनक भन्न सकिन्छ । इलियास हावेलाई सियोले कपडा सिलाउन अल्छी नलागेको भए सिउने कलको आविष्कार हुने थिएन । मसि र कलम बोकेर हिंड्न अल्छी नगरेको भए वाटरम्यानले फाउन्टेन पेनको आविष्कार गर्नसक्ने थिएन । जेम्स वाटको अल्छीपनले नै बाफको इन्जिन आविष्कार भएको हो । आज जेम्सवाटलाई पहिलो इन्जिनीयर भनिन्छ । पैदल हिंड्ने जाँगर गरेको भए हेनरी फोर्डले जीपको आविष्कार गर्ने थिएनन् । यदि औंलामा गनेर हिसाब गर्न मानिसले अल्छी नमानेको भए एबेकस, क्यालकुलेटर र कम्प्युटरको आविष्कार हुने थिएन । लेख्न अल्छी गर्नेले छापा मेसीनको आविष्कार गरेको हो भन्नेमा दुईमत नै छैन । डेस्क टप कम्प्युटरमा काम गर्न अल्छी नमानेको भए ल्यापटप, र ट्याबलेटको आविष्कार हुने थिएन ।

वस्तु विनिमयमा लेनदेन गर्न अल्छी मानेर नै कुनै अल्छीले मुद्राको आविष्कार गरेको हो । धातुका भारी सिक्का बोकेर हिंड्न अल्छी गर्नेले कागजी मुद्राको आविष्कार गरेको हो । पैसा गन्न अल्छी गर्नेले चेकको आविष्कार गरेको होला भन्ने अनुमान गर्न पनि गाह्रो छैन । गोजीमा पैसा राखेर हिंड्न झ्याउ मान्नेले नै क्रेडिट कार्डको आविष्कार गरेको हो । त्यसै गरी रकम घरमा राख्न झ्याउ मान्नेले ए टी एम आविष्कार गर्‍यो । इतिहास के कुराको साक्षी छ भने ज्ञान विज्ञानका ठुल्ठूला आविष्कार अल्छीहरूले गरेका छन् । डार्विन, आइन्स्टाइन, मार्क्स यी सबैलाई एकभन्दा एक ठूला अल्छी भन्दा हुन्छ ।

त्यसर्थ अल्छी भनेको त्यो हो जसले सजिलो अझ सजिलोका लागि खोजी गर्छ, जैसीले त्यो गर्दैन । जैसी यथास्थितिवादी छ, अल्छी सुधारवादी छ । यस दृष्टिले हरेक इञ्जिनीयर वा प्राविधिक अल्छी हुनु उसको पेसाको उत्कृष्टताका लागि जरूरी छ । किनभने ऊ जति अल्छी हुन्छ उसले समाजलाई त्यति नै उत्कृष्ट विकल्प प्रस्तुत गर्नसक्छ ।

अकबरलाई आफ्नो देशका अल्छीहरूले खान नपाएको देख्दा पीर पर्‍यो । अनि उसले झ्याली पिटाएछ, आगरामा जति पनि अल्छी छन् उनीहरूका लागि शहन्शाहले दरबार नजिक बस्ने खाने व्यवस्था गरिदिएका छन् ।

सुरूमा दुई चार जना आए । उनीहरूले भने हामी यस देशका एक नम्बरका अल्छी हौं । हामी भोकै मर्न तयार छौं तर कुनै पनि काम गर्ने जाँगर हामीलाई छैन । हात हल्लाउने के कुरा, जिब्रो हल्लाउने जांगर पनि छैन । शाही कर्मचारीहरूले उनीहरूलाई बस्ने र खाने व्यवस्था गरिदिए । त्यसपछि त्यहाँ दिनक्कै एक दुई जना मानिस थपिन थाले । केही गर्न नपर्ने । शाही भोज सधैं खान पाइने । आरामले दरबारको नजिक बस्न पाइने । एक महिनामा असली अल्छीभन्दा नक्कली अल्छीहरूको भीडले कोठा अटाइनसक्नु भयो । आगराका आधा मान्छेहरू त्यहाँ जम्मा हुन थाले ।

अकबरका भान्सेहरूले अल्छीहरूलाई पेट भराउन नसक्ने भए । शाही आदेशको त्रुटि सच्याउने उपाय खोजी गर्न बीरबललाई बोलाएर असली अल्छी छनौट गरिदिन अकबरले आग्रह गरे । बीरबलले भने- चिन्ता नगर्नुस् जहांपनाह, मैले एक हप्तामा सक्कली अल्छी छुट्ट्याइ दिन्छु ।

अनि अल्छीहरूको सभाहलमा आधारातमा जब सबै मस्त निदाएका थिए बीरबलले त्यस घरमा आगो लगाइ दिए । बाहिर मानिसहरू कराउन थाले- आगो, आगो । भाग, भाग । गुहार, गुहार ।

आफू बसेको घरमा आगो लागेको हल्ला सुन्ना साथ अधिकांश जाँगरिलाहरू जो नक्कली अल्छी भएर आएका थिए तिनीहरू भागाभाग गरे । जो अलि अलि अल्छी थिए तिनीहरूले एक छिन कसैले आगो निभाइदिन्छ कि भनेर कुरे । अर्को उपाय नदेखेपछि उनीहरू पनि कुलेलम ठोके । घर गएर कामै गरी खाउँला भने । दुई जना भने त्यहीं बसिरहे । एउटाले भन्दै थियो आधा घर जलिसक्यो । अर्काले भन्दै थियो, हुन दे, अझै आधा बाँकी छ । किन आत्तिने हो र ?

बीरबलले उनीहरूका कुरा सुनिरहेका थिए । अनि ती दुई जनालाई देशको वास्तविक अल्छी घोषणा गरेर शाही खानाको व्यवस्था गरिदिए । अल्छी हुन सजिलो छैन ।

बीस वर्षको उमेरमा सारा संसार जित्न हिंडेको एलेक्जेन्डरलाई संसार कै एक नम्बरको सक्रिय र जाँगरिलो मानिन्छ । त्यो पनि एक जना अल्छीको कारणले तक्षशिलाबाट अगाडि नबढेको ग्रीक इतिहासकार अनुमान गर्छन् । चन्द्रगुप्तले एलेक्जेन्डरलाई धपाएको इतिहास पाईंदैन । एलेक्जेन्डर आफ्नै निर्णयबाट फिर्ता भएको थियो । तर ऊ तक्षशिलाबाट नै किन फिर्ता गयो यसबारे इतिहासकारहरू स्पष्ट छैनन् ।

तक्षशिलामा आए पछि एलेक्जेन्डरले अचम्मका मानिसहरूलाई देख्यो । कपाल पालेका । काम केही नगर्ने । कपडा नलगाउने । बथानमा १०-१५ जना सँगै बस्ने । कसैले दिएमा खाने । नभए जङ्गलमा मस्त बसिरहने । यस्तालाई युरोपेली भाषामा अल्छी भनिन्छ । उनीहरू कति अल्छी थिए भने एलेक्जेन्डर र उसको सेनालाई हेर्न पनि आएनन् । त्यस्ता मानिसलाई के भन्ने उनीहरूलाई थाहा थिएन । हामीहरू त्यस्तालाई नागा साधु भन्छौं । सारा गाउँ अलेक्जेन्डरलाई हेर्न गयो ती अल्छीहरू गएनन् ।

एलेक्जेन्डर क्रोधित भएर आफैं कुरा बुझ्न आयो । भन्यो- 'सम्राटले लिन पठाउँदा पनि तिमीहरूले मानेनौ ? के सम्राटको अवज्ञा गरेको हो । यसरी अल्छी गरे बापत तिमीहरूलाई मृत्युदण्ड पनि हुनसक्छ ।'

अल्छीहरूको नाइके डैन्डेमिस (दण्डी ?) निर्भयतापूर्वक हाँस्यो र भन्यो- 'मैले केवल एक ईश्वरप्रति श्रद्धा राख्छु । एलेक्जेन्डर ईश्वर होइन । त्यो त म जस्तै मरणशील मान्छे हो । म त्यस सम्राटसँग डराउँदा पनि डराउँदिन र उसले केही अनुग्रह गरोस् भन्ने इच्छा पनि मलाई छैन । उसले मलाई जे दिनसक्छ त्यो सब मेरा लागि निरर्थक छ । मेरो दृष्टिमा त्यसको कुनै मूल्य

छैन । मैले जुन कुरालाई वास्तवमा मूल्यवान् ठान्छु तिनीहरू यहीं छन् । यी वृक्ष, पात, चराचुरूङ्गी, पुष्प, ससाना बिरूवा । यिनले मलाई स्वादिष्ट भोजन प्रदान गर्छन् । वायु दिन्छन् । आनन्द दिन्छन् । मसँग यस्तो कुनै कुरा छैन जसको रक्षा गर्नु परोस् । त्यसैले म ढुक्क भएर निदाउँछु । निद्रा नलाग्दा म यहाँको प्रकृतिमा रमाउँछु । यदि मसँग रक्षा गर्नु पर्ने कुनै कुरा हुन्थ्यो भने मलाई राति राम्ररी निद्रा लाग्दैनथ्यो । मृत्युसँग किन डराउने ? मृत्यु भनेको मेरा लागि एउटा बेमेल साथीसँगको बिछोड हो । र मेरो यो बेमेल साथी भनेको मेरो यही शरीर हो ।'

त्यस अल्छीलाई अलेक्जेन्डरले सजायँ दियो कि माफी माग्यो ? त्यसको के भयो ? एलेक्जेन्डरको प्रतिक्रिया कुनै पनि ग्रीक इतिहासकारले लेखेको छैन ।

शायद, आफूभन्दा निर्भीक मनुष्य देखेपछि एलेक्जेन्डर भित्रबाटै तर्सिएको होला । त्यहींबाट फिर्ता हुने निश्चय गर्नुमा त्यो घरबार छोडेको र जङ्गलमा केही नगरेर बस्ने डैन्डेमिस अल्छी नै कारण थियो । यदि एलेक्जेन्डर त्यहींबाट फर्केर नगएको भए यस आर्यावर्तको इतिहास आजको जस्तो हुन्थ्यो कि हुँदैनथ्यो कसले भन्नसक्छ ?

भनिन्छ, त्यस राति एलेक्जेन्डरले अफ्ना सैनिक प्रमुखलाई आफ्ना कक्षमा बोलाएर भन्यो– 'सारा सैनिकहरूलाई भनिदेऊ । भोलि बिहानै हामी घर फिर्ता हुँदैछौं ।' अनि आफ्नो एक प्रतिनिधिलाई मगध राज्यमा छोडेर आफू सारा सैनिक सहित फर्क्यो । इतिहासमा के अङ्कित छ भने मर्ने बेलामा उसले भनेको थियो– 'मेरा यी दुई हात कफन बाकस बाहिर संसारले देख्ने गरी राखिदिनु । विश्वविजयी एलेक्जेन्डर पनि खाली हात संसार छोडेर गयो भनेर संसारलाई सन्देश दिनु ।' एलेक्जेन्डरले भनेको कुरा र त्यस अल्छीले भनेको कुरामा कुनै न कुनै सम्बन्ध छ । अनि त, दक्षिण एसियाको इतिहास र संस्कृतिको रक्षक एक अल्छी थियो भन्न सकिंदैन र ?

मिर्मिरे असार साउन वि.सं. २०७२

पाना एघार

# श्रीकृष्णः पुत्र, प्रेमी र पति

कृष्णको अर्थ हुन्छ आकर्षक व्यक्तित्व भएको । कृष्णको मूर्ति बनाउँदा गाढा नीलो बनाइन्छ । विन्डोज स्क्रीनको रङ्गबारे अनुसन्धान गर्दा ९८ प्रतिशत मानिसले नीलो रङ्ग रूचाएको पाइयो । अन्य रङ्ग छनौट गर्नेको प्रतिशत केवल दुई थियो । यसबाट पनि कृष्णको नीलो रङ्गको रहस्य थाहा हुन्छ । नीलो रङ्ग भगवान कृष्णका अथाह ज्ञानको प्रतीक पनि हो । जुन भगवद्गीता, अनुगीता, र उद्धव गीतामा प्रकट भएको छ । महाभारतको विवरणबाट के स्पष्ट हुन्छ भने भगवान श्रीकृष्ण एक ऐतिहासिक व्यक्तिको नाम हो । श्रीकृष्णको नाम अगाडि भगवानको उपाधि उनकै समकालीन अवतार पुरूष व्यासले दिएको कुरा महाभारतको श्रीमद्भगवद्गीताको विवरणले स्पष्ट हुन्छ । त्यसको विश्वरूपदर्शनयोग त्यसको आधिकारिक प्रमाणको रूपमा प्रस्तुत गरिएको छ । दृढ निश्चयी महात्मा भीष्मले पनि कृष्णको अवतार स्वरूप चिनेको बताएका छन् । यसका लागि उनले विष्णु सहस्रनामको रचना गरेका छन् । विष्णुको एक हजार नाममध्ये ५७ औं नाम कृष्णको रूपमा उल्लेख हुनुले भीष्मले त्यो परिचय पाएको स्पष्ट हुन्छ । विदुरले उनलाई ईश्वरीय शक्तिको रूपमा चिनेका थिए । अर्जुनले भने विश्वरूप पछि मात्र अवतार स्वरूपको चाल पाएका हुन् ।

ऋग्वेदमा कृष्ण अवतारको प्रसङ्गलाई यस प्रकार व्यक्त गरिएको छ– 'एक यस्तो गोठालो जो कहिल्यै च्युत हुँदैन, मित्रवत् छ, सुन्दर वस्त्रले सजिएको छ । र यो समय समयमा पृथ्वीमा अवतरित भइरहन्छ ।' (ऋग्वेद १.२२.१६४) जसरी क्राइस्टको स्वरूप एक भेडागाठालोको रूपमा अभिव्यक्त हुन्छ भगवान् श्रीकृष्णको रूप गाईगोठालोको रूपमा नै सुन्दरतम हुन्छ । छान्दोग्य उपानिषद् (९०० वि.सं. पूर्व) मा देवकीपुत्र, पाणिनी अष्टाध्यायी (वि.सं. ५०० शताब्दी पूर्व) मा अर्जुन, वासुदेव, कौटिलीय अर्थशास्त्र (३०० वि.सं. पू.) मा विशेष पूजित कृष्ण, पातञ्जली महाभाष्य (१५० वि.सं. पूं) मा वासुदेव कृष्ण र अर्जुनको नाम दिइएको छ । सेल्युकसको दूत मेगास्थनीजको इन्डिका पुस्तकमा ह्रीक्लियस शब्दको उल्लेख छ । जुन शब्द हरिकृष्ण वा हृषिकेशका लागि प्रयोग गरिएको हो । यूरोपको इतिहासको यो प्रामाणिक ग्रन्थ हो । यसका आधारमा पश्चिमी इतिहासका तिथिमितिहरू तय गरिन्छन् । यसका अतिरिक्त मेगास्थनीजले मैथोरा र क्लीइसोबोरा (कृष्णपुर) भनी दुईठूलो सहरको नाम पनि उल्लेख गरेका छन् । बौद्ध ग्रन्थहरूमा कृष्णलाई कान्ह शब्द प्रयोग गरिएको छ । पाकिस्तान सिन्ध प्रान्तको लरकाना जिल्लामा रहेको मोहन–जो–दारोको उत्खननमा एक बालकले दुई वृक्षहरू उखेलेको र त्यसबाट दुई व्यक्तिहरू उत्पत्ति भएको चित्र अङ्कित छ । यो चित्र भागवत कथाको यमलार्जुन उद्धारको हो भनी मानिएको छ ।

कृष्णको जन्म जेलमा भएको हो । भाद्रकृष्ण अष्टमीको आधा रातमा जेलमा आठौं गर्भ जन्माउनका लागि थुनिएकी देवकीबाट उनको जन्म भएको हो । तर उनको गर्भलाई सामान्य गर्भ मानिंदैन । क्राइस्ट कुमारी मरियमको गर्भमा प्रवेश गरेका थिए र यसको संकेत बेथलहेमको ताराले दिएको थियो । बुद्धकी आमा मायावतीले बुद्ध गर्भमा आउनु अघि सेता हात्ती मुखबाट शरीर भित्र प्रवेश गरेका देखेकी थिइन् । श्रीकृष्णको जन्म हुनु धेरै अघि आठौं गर्भको रूपमा धराको अन्याय र अत्याचार नाश गर्न ईश्वरको अवतार हुने आकाशवाणी भएको घटना भागवत कथामा उल्लेख छ । आठौं गर्भ ज्यादै विशेष भएकोले सातौं गर्भमा त्यसको पूर्व तैयारी गरिएको थियो । तर पछि त्यस गर्भलाई ईश्वरीय विधिले रोहिणीको गर्भमा बलरामको रूपमा स्थानान्तरण गरिएको थियो । कृष्णलाई यशोदाको गर्भको बालिकासँग साटिएको थियो । वास्तविक जन्मको रूपमा कृष्णलाई आठौं गर्भ भन्न मिल्दैन तर एउटी बालिकाको बलिदान समेतलाई

हिसाब गर्दा उनी आठौं नै हुन्छन् । यसरी भगवान् कृष्ण एक असाधारण गर्भ र असाधारण जन्म थिए ।

जन्म हुनासाथ आमाको दूध मुखमा राख्न नपाइ छुट्टिनु परेको घटनालाई ध्यान दिने हो भने कुनै पनि दूध खाने बालकलाई यो भन्दा दुर्भाग्यको घटना अर्को हुन सक्दैन । जुन बालक जन्मनु अघि असुरक्षित छ र जन्मिसकेपछि पनि निरन्तर असुरक्षित छ भने उसको जीवनको संघर्षको जटिलतालाई शब्दमा बयान गर्न सकिंदैन । जीवनका अत्यधिक असुरक्षित क्षणहरूलाई नाचेर, गाएर, अर्काको घरमा आफ्नो घरमा भन्दा प्रिय वातावरण बनाएर हुर्कने बच्चाको असाधारण क्षमतालाई सामान्य मानवको आँखाले हेर्न सकिंदैन ।

भगवान कृष्णको जीवनमा दम्भ, अहङ्कार, र अनिर्णयताको सानो गन्ध पनि कहीं पाईंदैन । पाण्डवहरू सधैं अनिर्णयको शिकार हुने हुँदा प्रत्येक चरणमा उनीहरूलाई निर्णायक भइ सहयोग गरेको पाइन्छ । अर्जुनले लक्ष्यवेध गरेपछि द्रौपदी स्वयंवरमा सारा क्षत्रियगणबाट अर्जुनको सुरक्षा तथा पाँच पतिकी पत्नीको रूपमा बस्नु पर्ने बाध्यता भए पछि कृष्णले पाण्डव, द्रौपदी र कुन्ती सबैलाई चित्त बुझाइ दिएका थिए । सुभद्रा हरणमा सहयोग, उत्तराको अभिमन्युसँगको विवाह, जयद्रथ वध, भीष्म वध, कर्णवध, र दुर्योधन वधमा अर्जुनको अनिश्चयात्मिका बुद्धिलाई निर्णय गर्न कृष्णले सहयोग गरेका छन् ।

कृष्णमा क्राइस्ट जस्तो सौजन्य, मोहम्मद जस्तो निश्चयात्मिकता र बुद्ध जस्तो तार्किकता एकै ठाउँमा पाइन्छ । कुनै कुराको निर्णय गर्नु र गराउनु भनेका जिम्मेवारी लिनु हो । त्यस कर्मको फलको भागी हुनु हो तर कृष्णले कर्म गर्ने तर कर्मफलसँग निःसङ्ग रहने कर्मण्येवाधिकारस्ते... को नीति प्रत्येक पदमा अवलम्बन गरेका छन् । कृष्णलाई पूरै बुझ्न गीताको प्रत्येक श्लोकको अर्थ बुझे पुग्छ । अथवा कृष्णको जीवनको गहिरो अध्ययन गरे पछि गीता स्वतः नै अवतरित हुन सक्छ ।

देवकी र वसुदेवको पुत्रको रूपमा तथा यशोदा नन्दनको रूपमा कृष्णको भूमिका अद्वितीय छ । उनले आफ्ना पितामाताको उद्धार मात्र गरेनन् नन्दको पुत्रको रूपमा व्रजमा नन्दवंशको गौरवमा निरन्तर अभिवृद्धि गरे । पुत्रको रूपमा उनले गरेका कामले गर्दा नै उनको नाम देवकीनन्दन, यशोदानन्दन, र वासुदेव प्रसिद्ध भएको छ । यो पनि आफैंमा एक असामान्य घटना हो ।

कृष्णको गोपिकाहरूसँगको प्रेम र सोह्र हजार रानीहरूको घटनालाई यदाकदा चर्चाको विषय बनाउने गरिन्छ । गोपिका र राधासँगको प्रेम निश्चय पनि एक विशेष घटना हो र यदि कुनै प्रेमी र प्रेमिका त्यस उच्च कोटिमा पुगेका छन् जहाँ कृष्ण र गोपिकाहरू थिए भने त्यस प्रेमको वर्णन उनीहरूले गर्न सक्छन् । श्रीकृष्ण एक पूर्ण पुरुष थिए । उनी आकर्षक थिए । बहादुर थिए । निर्णायक थिए । असल रक्षक थिए । समाजका हित चिन्तक थिए । योग्य पुत्र थिए । योग्य मित्र थिए । गायक थिए, संगीतज्ञ थिए । नर्तक थिए । घिउदूधमा बालबालिकाहरूको पहिलो अधिकार स्थापना गरेर बाल अधिकारका प्रतिपादक बनेका थिए । त्यस्ता विशेष पुरूषलाई प्रेम गर्ने गोपिकाहरू धन्य भएका थिए । कृष्ण जस्ता अतिमानवको प्रेम पाएर गोपिकाहरू पनि धन्य भएका थिए । भागवत ग्रन्थको रासलीलामा त्यो प्रेम ज्यादै सुन्दर र पवित्ररूपमा प्रकट गरिएको छ । राधाको चरित्र भागवतमा पाईंदैन । जयदेवको गीतगोविन्द पछि यो चर्चित भएको हो । राधा र कृष्णको प्रेमको अभिव्यक्ति पनि ज्यादै सुन्दर छ । कंसको निम्तोमा मथुरा जाने समयमा प्रेमी कृष्णले प्रेमिका राधासँग अन्तिम विदाइ लिएका छन् । बिदाइमा कृष्णले आफ्नो संगीतको आधार मुरली राधालाई दिन चाहन्छन् र राधालाई भन्छन् आजसम्म मेरो यो बाँसुरीको गीत केवल तिम्रा लागि थियो । अब म बिदा हुँदै छु र अब यो गीत अरू कसैका लागि बज्ने छैन । एक संगीतकार र गायकले आफ्नो प्रेमीका लागि दिने यो भन्दा ठूलो उपहार हुन सक्दैन । त्यस पछि कृष्णको ओंठमा कहिल्यै पनि मुरली बज्न पाएन ।

ब्रज छोडे पछि कृष्ण फेरि कुनै गोपिकासँग भेट गर्न कहिल्यै पनि फर्केनन् । यसबाट कृष्णको प्रेमको पवित्रता स्पष्ट हुन्छ । कृष्णको प्रेम त्यागमा रूपान्तरित हुने प्रेम थियो वासनामा रूपान्तरित हुने प्रेम थिएन । गोपिकाले कुन स्तरको प्रेम गरेका थिए भन्ने उदाहरण मीराको कृष्ण प्रेमले दिन्छ । मीराले संसारमा एक कृष्ण बाहेक अरू कसैलाई पनि पुरुष देख्दैनथिन् । तर कृष्णले कुन स्तरको प्रेम गरेका थिए स्वयं कृष्ण बाहेक त्यो देखाउने उदाहरण छैन ।

कृष्णका आठ पटरानी थिए । रूक्मिणी जेठी थिइन् सत्यभामा कृष्णलाई विशेष प्रिय थिइन् । जाम्बन्ती स्यमन्तक मणिको चोरीको दोष लागे पछि त्यसको मुक्तिपछि पाइएकी रानी थिइन् । जाम्बतीका सन्तान कृष्णलाई विशेष प्यारा थिए । कृष्णका मृत्युको कारण पनि जाम्बतीका १० सन्तानमध्ये एक साम्बको

चञ्चलपना भनिएको छ । आठवटा पटरानीबाट उनका ८० सन्तान थिए । मोहम्मदले अरबमा फैलिएको चरम व्यभिचार हटाउन आफूले १० वटा विवाह गरेको र अरूलाई चारवटासम्म गर्नु भन्ने नियम बनाएको घटनाको समानता के हो भने दुवै घटनामा कुनै पनि पत्नी आफ्ना पतिको व्यवहारबाट असन्तुष्ट भएको विवरण पाईंदैन । यसबाट कृष्ण एक उच्चकोटिका पति थिए भन्न सकिन्छ । सोह्र हजार श्रीमती हुने घटना एक यस्तो घटना हो जसले श्रीकृष्णको चरम उदारता र समाजलाई मार्गदर्शन गर्ने क्षमता देखाउँछ । पतितको उद्धारका लागि समाजसँग लड्ने एक बहादुरको परिचय दिन्छ ।

नरकासुर नाम गरेको एक पतित र व्यभिचारी राजा थियो । जसले कन्याहरूलाई जबरजस्ती ल्याउँथ्यो र यौनपिपासाका लागि जेलमा थुनेर राख्थ्यो । यसरी उसले हजारौं कन्याहरूलाई दूषित गरेका थियो । ती कन्याहरूलाई कसैले मुक्त गर्न सकेको थिएन । भगवान् श्रीकृष्णले नरकासुर वध गरेर सबै कन्याहरूलाई मुक्त गरे अनि सबैका घरघर पठाइ दिए । घर गएका कन्याहरू एक दिन रुँदै कृष्णकहाँ आइ पुगे । अनि के भन्न थाले भने उनीहरूलाई न त समाजले स्वीकार गर्‍यो न परिवारले । कसैले विवाह गर्न पनि मानेन । यस्तै घटनामा आधारित एक सिनेमा थियो 'उमराव जान', जसमा एक वेश्याले सामान्य जीवन बिताउन प्रयास गर्दा उसलाई आफ्नै आमाबाबुले नस्वीकार्दा पुनः ऊ वेश्या गृहमा फर्कन्छे ।

कन्याहरूको त्यो आर्त पुकारपछि कृष्णले तत्काल निर्णय गरे– 'यदि तिमीहरूको परिवारले, समाजले स्वीकार गर्दैनन् भने तिमीहरू आजदेखि कृष्ण पत्नी भयौ । र कृष्ण पत्नी भए पछि तिमीहरूको सम्मानको जिम्मेवारी पनि मेरो भयो ।' यसरी कृष्णका सोह्र हजार एक सय आठ पत्नी भएका हुन् ।

कृष्णको राजनीतिक र आर्थिक व्यक्तित्वको चर्चा प्रायः हुँदैन । कृष्ण पशुपालन अर्थव्यवस्थाका पक्षपाती थिए र पशुपालनबाट देशको सम्पन्नता र रोजगारीको सुरक्षा ठान्दथे । प्राचीनकालको कृषि अर्थव्यवस्थाका लागि यो एक क्रान्तिकारी प्रयोग हो । राजनीतिक व्यवस्थामा पनि कृष्णले नौलो प्रयोग गरेका थिए । अन्यायी शासकको वध गरेपछि त्यहाँको जनतालाई न्याय र आफ्नो पुरानै परम्परा सधैं प्राप्त भइरहोस् तथा त्यस देशको सार्वभौमसत्ता अक्षुण्ण रहोस् भन्नेमा उनले ध्यान दिएका थिए । शासकको वध गरे पछि वा कुनै राज्यलाई जिते पछि जित्नेले राज्यको शासनभारा स्वतः पाउने प्राचीनकालको परम्पराका बिलकुल विपरीत आफूले कुनै पनि राज्यमा आफ्नो दावी गरेनन् ।

आफूले एक छुट्टै राज्यको स्थापना गरे । त्यसको राजनीतिक प्रणाली त्यसबेला सञ्चालित कुनै पनि प्रणालीभन्दा फरक थियो । कंसवध गरे पछि कंसका पितालाई नै राज्याभिषेक गर्नुले कृष्णलाई कुनै पनि घटनामा आफ्नो केही स्वार्थ नभएको स्पष्ट हुन्छ ।

उनको शासन सामूहिक निर्णय प्रक्रियामा आधारित थियो जसको तात्कालिक निर्णयमा दुनै जना दाजु भाई भए पनि त्यसलाई प्राचीन ग्रन्थमा कुलसंघ राज्य, द्वैराज्य वा वैराज्य प्रणाली भनिंदैन । त्यसलाई ग्रन्थहरूमा वृष्णिवंशको शासन प्रणाली भनिएको छ । जसले सामूहिक शासन प्रणाली भन्ने बुझाउँछ ।

कृष्ण भक्ति धारामा मीरा, सूरदासका साथै अनेक मुस्लिम कविहरू पनि छन् जस्तै रसखान, रहीम, मलिक मोहम्मद जायसी । नेपालमा वसन्त शर्मा, विद्यारण्य केशरी, विद्यापति मिश्र, इन्दिरस यस धाराका कवि हुन् । कृष्णका सम्प्रदायमा निम्बार्क, रामानुज, वल्लभ छन् भने बालागुरू षडानन र स्वर्गद्वारी महाप्रभुले पनि कृष्णभक्ति सम्प्रदायमा योगदान गरेका छन् । स्वर्गद्वारी कृष्णको गोपालन प्रविधिका लागि प्रसिद्ध छ । त्यहाँको गोवर्धन पर्वत मेला भारत र नेपालमा प्रसिद्ध छ । यसलाई गोवर्धन अर्थात् गाई बढाउने भनिन्छ ।

वर्तमान समयमा कृष्ण भक्तिधारा विश्वव्यापी भएको छ । अनेक हाँगा-बिगामा फैलिँदै विश्वव्यापी बनेको छ ।

तिलोत्तमा दैनिक, २५ साउन वि.सं. २०६९

पाना बाह्र

# सम्पादनको पहिलो अनुभव

मणिग्राममा रहेको रूपन्देही कै सबभन्दा पुरानोमध्ये एक विद्यालय शान्ति मा.वि.को रजत वार्षिकोत्सव वि सं. २०४१ बैशाख १ गते मनाउने निर्णय भएको थियो । त्यस उपलक्ष्यमा एक महिनासम्म गरिने विविध आकर्षक र भव्य कार्यक्रम बाहेक एउटा पत्रिका निकाल्ने निधो गरिएको थियो, जसको नाम थियो- नानी । र त्यसको जिम्मा लिने दुई जनामा म एक थिएँ । जसलाई सामग्री संकलन, सम्पादन, शुद्धाशुद्धि कुनै कुराको ज्ञान थिएन, उसैलाई यी सबै कामको जिम्मेवारी आइपरेको थियो ।

**टिपन, टापन र स्थान निर्धारण**

पत्रिकाका लागि विद्यार्थी र शिक्षकका लेख रचना र सम्पादकीय मैले संकलन गर्ने र बाह्य विशिष्ट व्यक्तिका रचना, शिक्षा मन्त्री, अञ्चलाधीश र जि पं स आदिका शुभकामना अर्जुन ज्ञवालीले जम्मा गर्ने सल्लाह भयो । शिक्षा मन्त्रीको शुभकामना लिन काठमाडौं नै जानु पर्‍यो । आजको जस्तो इन्टरनेट सुविधा त्यसबेला थिएन ।

रजत जयन्ती अङ्क भएकोले नयाँ सामग्रीको रूपमा केही अन्तर्वार्ताहरू

राख्ने विचार राखें । तर, हामीसँग अन्तर्वार्ता रेकर्ड गर्ने कुनै विद्युतीय उपकरण थिएन । मलाई शर्ट ह्याण्डको छिटो लेख्ने विधि आउँदैनथ्यो । त्यसैले उत्तरदाताहरूले भनेका कुराहरूको सार छिट्छिटो टिप्थें र पछि आरामले सबै कुरा संभँदै सम्पूर्ण अन्तर्वार्ता तयार गर्थें । पहिलो अन्तर्वार्ता शान्ति विद्यालयका संस्थापक मध्ये एक कृष्णहरि धितालको लिन गयौं । उनलाई मुखिमा बाजे भनेर चिनिन्थ्यो । आजको जस्तो फोनको पूर्व जानकारी दिने सुविधा थिएन । हामी घर पुग्दा गीता पढ्दै थिए । हामीले सोधेका केही कुरा मौखिक जानकारी दिए जुन मैले छिट्छिटो टिपें । अरू कुरा लिखित दिन्छु भने भयो ।

दोस्रो अन्तर्वार्ता शान्ति मा वि को विकासकर्ता मध्ये एक सुब्बा माधव प्रसाद धितालको लियौं । लामो प्रशासनिक अनुभव बटुलेका सुब्बा निकै कानूनची थिए । सोह्रछत्तिस र भारतीय नहरको निर्माणको ठूलो झगडामा वि.सं.२०२४ मा समाधान दिएर कुलोको मोहोडा ताराप्रसाद मोहोडा निकालेर समाधान दिने व्यक्ति पनि हुन् । उनले एक एक शब्दलाई निकै तौलेर बोल्थे । मौखिक अन्तर्वार्ता नदिएर लिखित जवाफ दिए । गुणाकर भट्टराई राजनीतिक व्यक्ति थिए । उनीसँग अर्जुन सरले अन्तर्वार्ता लिए । यी अन्तर्वार्ताहरू पत्रिकालाई नौलो बनाउने उद्देश्यले लिइएको थियो । तर त्यसको महत्त्व करीब बाह्र वर्ष पछि थाहा भयो । जब विद्यालयमा मूर्ति स्थापनाको बेलामा तिथि मितिको विवाद निस्क्यो र त्यसको समाधान नानी पत्रिकाले गर्यो ।

प्राप्त लेख, अनुसन्धान, कविता, निबन्ध आदि मध्ये त्रि.वि.मा शिक्षा विषयका प्राध्यापक इन्द्र विलास अधिकारीको लेखलाई अग्रलेख बनायौं । उहांले नेपालीका रामायणकार भानुभक्त र बङ्गालीका रामायणकार आदिदासको बारेमा शोध लेख दिए । बङ्गाल विश्वविद्यालयका विद्यार्थीहरूले यी दुवैको विषयमा तुलना गरेर विद्यावारिधि गर्छन् भन्ने कुरा उल्लेख गरेका थिए । एक जना पूर्व शिक्षक लक्ष्मीनाथ ज्ञवालीले नानी शीर्षकको सुन्दर कविता दिए । विद्यालयमा सम्पादन र लेखनका लागि समय हुँदैनथ्यो । हप्ताको तीस पैंतीस पिरियड पढाएर सम्पादन गर्ने समय पाईंदैनथ्यो । त्यसैले मैले एउटा डायरी सधैं आफूसँग राख्थें । त्यसमा पत्रिकाका लागि चाहिने सामग्री सङ्कलन गरिरहन्थें ।

वि.सं. २०४१ ताका पुस्तक प्रकाशनको प्रक्रिया आजको जस्तो थिएन । एक सामान्य पुस्तक छपाउन वर्षभरि लाग्थ्यो । सारै छिटो तयार गर्ने प्रेसले पनि तीन चार महिना लगाइदिन्थ्यो । सामग्री सङ्कलन, साफी, क्रममा राख्ने,

र सम्पादकीय लेख्ने काम सके पछि त्यसको एक चरणको काम समाप्त भयो । पत्रिकाको पाण्डुलिपि तयार भयो ।

**पखेटे मेसीनको ढ्याक-ढ्याक छपाइ**

एक महिना भित्रै तयार गरेर वार्षिकोत्सवमा वितरण गर्न कहाँ छपाउने, यसको निर्णय गर्नु थियो । काठमाडौं बाहिर छपाइको स्तरीय काम हुँदैनथ्यो । (त्यसबेलाको) मणिग्राम जस्तो ग्रामीण क्षेत्रमा स्तरीय छपाइको कल्पना नै गर्न सकिंदैनथ्यो ।

बनारसमा थुप्रै नेपाली प्रेस थिए जसले नेपाली भाषाका पुस्तक एक महिना भित्रै प्रकाशन गरिरहन्थे । नेपाली भाषा साहित्यका लागि बनारसको योगदान अतुलनीय छ । विद्या हराए काशी जानु भन्ने उखान त्यत्तिकै बनेको होइन । मोतीरामले नेपाली भाषाको जगका ढुङ्गा थप्ने सुरूआत त्यहींबाट गरेका थिए । एक जना कुमायुँ (गढवाल) बाहुनको प्रेस थियो गोरखपुरमा- शारदा प्रेस । छिटो पुस्तक तयार गर्न पत्रिका त्यसै प्रेसमा लैजाने कुरा भयो । सो काममा मलाई खटाइयो । तर यस अघि कहिल्यै प्रेसमा गएर काम गरेको थिइन । गोरखपुर मेरा लागि बिलकुल अपरिचित मात्र होइन केही डरलाग्दो ठाउँ थियो । त्यसैले एक महिना नेपाली लजमा बसेर सम्पादन कार्य गरेको थिएँ । त्यहाँबाट यताउता कहीं पनि गइनँ । चिया लजमा खान्थें । बिहान आठ बजे उठेर सोझै प्रेसमा जान्थें । लज नजिकै एउटा शाकाहारी होटेलमा खाना खान्थें । अनि दिनभरि काममा व्यस्त रहन्थें । साँझ फर्कंदा आठ-नौ बजिसक्थ्यो । सम्पादन कार्य गर्दा मलाई बडो आनन्द आउँथ्यो । वि.सं.२०४० सालको चैत महिनाको गर्मी र गोरखपुरका लामखुट्टेको टोकाइ कुनै कुरा थाहा पाइन । सहरका लामखुट्टे टोक्नका लागि विशेष तालीम प्राप्त हुँदा रहेछन् भन्ने कुरा त्यहाँ देखें । बिछ्यौनामा सुतेपछि केले टोक्यो भनेर म सधैं असमञ्जसमा पर्थें । डोरमेटरीमा सँगै वास बस्न आइ पुगेको एकजना मानिसले हाँस्दै भन्यो- 'गोरखपुरका लामखुट्टे बाठा हुन्छन् । माथिबाट उडेर टोक्दैनन् तल खाट मुनिबाट लुकेर टोक्छन् ।'

सीलिङ्गमा पङ्खा चल्थ्यो त्यसैले लामखुट्टे पलङ्ग मुनि लुकेर बस्थे । मानिस सुते पछि तलबाट घस्रिंदै पलङ्गको बीटमा आएर हात, खुट्टा र शरीरमा टोक्थे । अनि अघाए पछि सुस्त घस्रिंदै पलङ्ग मुनि गएर बस्थे । उड्न सिपालु मानिने लामखुट्टे गोरखपुर आएर हिंड्न पनि सिपालु भइसकेछन् ।

**कम्पोज, प्रुफ, फर्मा र सेटिङ्**

त्यस समयका छापाखाना वास्तवमा प्रेस हुन् । आजको अफसेट प्रेस र पुरानो अक्षर छापाखाना (ल्याटर प्रेस) को प्रविधिमा ठूलो अन्तर छ । यस्तो छापाखानामा तीन चार जना मानिसहरूले अक्षर मिलाउँथे । अर्थात् कम्पोज गर्थे । प्रत्येक मानिसहरूको वरिपरि थुप्रै ससाना कोठा भएका काठका चौकी हुन्थे । प्रत्येक कोठामा अ देखि ज्ञ का सीसाका उल्टा अक्षरहरू छुट्टाछुट्टै राखिन्थे ।

नानी भन्ने शब्दको टाइप मिलाउनु पर्यो भने सीसाको 'न', 'ा', 'न', 'ी' छुट्टा छुट्टै कोठाबाट ल्याएर जोड्नु पर्थ्यो । अझ स्पष्ट शब्दमा 'न' को कोठाबाट सानो चिम्टीले टिपेर टीनको प्लेटमा त्यसलाई ठड्याएर राख्ने अनि फेरि कान्दानी मात्रा 'ा' खोजेर चिम्टीले टिपेर 'न' अक्षरसँग जोडेर ठड्याउनु पर्थ्यो । यसरी 'ना' पूरा हुन्थ्यो । त्यसै गरी 'नी' शब्द बनाउने गरिन्थ्यो । एक एक क्यारेक्टर-सग्ला अक्षर, मात्रा, आधा अक्षर, विराम आदि चिन्ह र खाली ठाउँ (स्पेस) चिम्टीले समातेर मिलाउनु पर्थ्यो । ए-फोर आकारको एक पृष्ठ कम्पोज गर्न निकै सिपालुलाई पनि दिनभरि लाग्थ्यो ।

सिंहदरबारको कुनै कुनामा जङ्गबहादुरले नेपाल भित्र्याएको पहिलो प्रेस भेटिएला । त्यो नेपालको पहिलो सरकारी प्रेस हो । यसको नाम गिद्धे प्रेस राखिएको छ। कालो र ठूलो पखेटासितको भएकोले यो नाम पाएको होला । निजी स्तरको पहिलो प्रेस जोर गणेश प्रेस (वि.सं. २००७) हो ।

त्यस मेसीनको आकार ठूलो चराले पखेटा फिंजाए जस्तो हुन्छ । त्यसमा दुई पखेटा, रोलर, मसीको प्लेट, पिस्टन आदि कुरा हुन्छन् । मेशीन चल्न थाले पछि रोलर चल्छ र फर्माका अक्षरमा कालो मसी पोत्न थाल्छ । एउटा पखेटा स्थिर हुन्छ अर्को आएर जोडले थिच्छ र छुट्टिन्छ । यसरी जोडसँग ढ्याक्क गरेर एक आपसमा थिचिंदा अक्षर छापिने हुन्छ । त्यही भएर त्यसको नाम प्रेस (थिच्नु) भएको होला ।

छाप्नु पर्ने सामग्रीलाई फर्माबाट निकालेर साँचामा कसेर पखेटा भित्र राखिन्थ्यो । पखेटा माथि जाँदा रोलरले मसीको गोलो प्लेटबाट कालो पोतेर ल्याउँछ र प्लेटको अक्षरमा मसी पोतिदिन्छ । लगत्तै कागजमा गएर त्यो फर्मा थिचिन्छ । अक्षर छापिनासाथ मेसीनमा बसेको मानिसले छापेको कागज एउटा हातले फुत्त बाहिर निकाल्छ र सँगै अर्को हातले फुर्तिसाथ एउटा कागज

राख्छ । यी सबै काम फटाफट मेसीनको तालमा भइरहेका हुन्छन् । कागज राख्ने र निकाल्ने काममा बडो सतर्क रहनु पर्थ्यो । अलिकति लापरवाही हुनासाथ दुर्घटना हुने डर हुन्छ ।

चीनमा ३००० वर्ष अघि काठमा अक्षर कुँदेर छाप्ने प्रविधिको जुन आविष्कार भएको थियो त्यही परम्परामा अक्षर प्रेसले काम गर्छ । अक्षर छापाखानामा फलामका प्रविधिको सुरूआत वि.सं.१४९७ मा एक जर्मन व्यक्ति जोन गुटेनबर्गले गरेको भनिन्छ । वि.सं. १८५७ सम्म सर्वत्र काठको छापाखानामा छपाइ हुन्थ्यो । त्यस पछि फलामको प्रयोग हुन थालेको हो ।

रङ्गीन छपाइको प्रविधि धेरै पछि सुरू भएको हो । रङ्गीन प्रविधि दुई रङ्ग र चार रङ्गको हुन्छ । कालो मसीको एक रङ्गको प्रविधिलाई छापाखानाको भाषामा कालो काम भनिन्छ । अरूलाई रंगीन काम । दुई रङ्गको प्रविधिमा दुई पटक छाप्नु पर्छ भने चार रङ्गको प्रविधिमा अफसेट प्रेसमा पनि चारवटा प्लेट बनाएर चार पटक छाप्नु पर्छ । अहिले त रङ्गीन छपाइको पनि हाइटेक प्रविधि आइसकेको छ । एकै पटकमा चार रङ्गमा छापिन्छ । नेपालमा जगदम्बा प्रेसले सबभन्दा त्यो भित्र्याएको हो । अहिले त्यो प्रविधि धेरै स्थानमा छ ।

अचेलको अफसेट प्रेसको छपाई लिथो छपाइसँग मिल्छ । थोरै प्रति निकाल्न लिथो छपाइको पनि एक समयमा प्रचलन थियो । लिथो छपाइका लागि सुरूमा टाइपराइटरमा रिबन नराखीकन एक विशेष कागजमा टाइप गरिन्थ्यो । त्यस कागजमा अक्षरहरूको ठाउँमा प्वाल पर्छ । त्यस कागजलाई लिथोमा राखेर रोलरमा मसी लगाउँदै मेसीन घुमाउँदै छाप्दै जाने हो । अफसेट प्रेसमा छपाइ गर्दा कम्प्युटरबाट ट्रेसिंगपेपरमा छापेर त्यसको निगेटिभ निकालिन्छ । त्यसको प्लेट बनाइन्छ । अफसेट प्रेसमा राखे पछि घरर्रर गर्दै प्रेसले आफैं छाप्न थाल्छ । जति प्रति निकाल्ने हो त्यो अह्राए (कमान्ड) पछि प्रेसले आफैं गनेर छाप्न थाल्छ ।

छाप्न सुरू गरेपछि प्रेसमा बसेर शुद्धाशुद्धि (प्रुफ) हेर्ने काम गरिन्थ्यो । फर्मामा अक्षर मिलाए पछि सबभन्दा पहिले त्यसलाई धागोले बाँधेर अनि हातले थिचेर पहिलो खेस्रा प्रुफ निकालिन्थ्यो । त्यसको शुद्धाशुद्धि हेरेर दिए पछि कम्पोज गर्नेले त्यसलाई सच्याउँथ्यो । नौसिकुवा भएकोले प्रुफ हेर्ने खास प्रविधि हुन्छ भन्ने कुरा मलाई थाहा थिएन । प्रेसवालाले मलाई त्यो प्रविधि सिकायो । गलत अक्षर भए त्यसलाई हटाउन त्यस अक्षरलाई ठाडो धर्को तानेर सोही

पङ्क्तिको दायाँ वा बायाँ म लेख्नुपर्छ । दुई शब्द जोडिएका छन् भने छुट्याउनका लागि त्यस ठाउंमा एक धर्को तानेर # चिन्ह र जोड्नु पर्ने शब्दलाई ^ राख्नुपर्छ । अक्षर, शब्द वा वाक्य थप्नु छ भने त्यस ठाउँमा धर्को / तानेर त्यस पङ्क्तिको छेउमा सो कुरा थप्नु पर्छ । पङ्क्तिको बायाँ आधा भागसम्मका अशुद्धिका लागि बायाँतिर र दायाँ आधा भाग सम्मका अशुद्धि सच्याउन बायाँ तिरको खाली ठाउँ (मार्जिन) मा शुद्ध कुरा लेखिन्छ । यो कुरा त्यहाँ सिकें । अशुद्धि हेर्ने कामका लागि पेनभन्दा पेन्सिल ठीक हुन्छ भन्ने अनुभव भयो । कागजको चारैतिर उचित मार्जिन राख्ने कारण राम्रो देखिनु मात्र होइन पुस्तकको बाइन्डिङ्ग र पृष्ठ सङ्ख्या लेख्नु पनि हो भन्ने थाहा पाएँ ।

प्रेसवालाको नाम थियो नीलाम्बर । उसले आफैं पनि प्रुफ हेर्थ्यो । नेपालीको शुद्धाशुद्धि बडो ठीक तरीकाले पत्ता लगाउँथ्यो । उसले नेपाली बोल्न जान्दैनथ्यो तर बुझ्थ्यो । आफूले बोल्न नजान्ने भाषाको शुद्धाशुद्धि हेर्ने मान्छे मैले त्यहीं देखेको छु ।

नेपाली साहित्यमा मैले बडो रूचि राख्थें । त्यसैले शुद्धाशुद्धिका बारेमा म निकै सचेत रहन्थें । आज नेपाली व्याकरणको शुद्धतामा विद्यार्थी र शिक्षकहरूले बेवास्ता गरेको देख्दा मलाई दुःख लाग्छ । शुद्ध नेपाली लेख्नु केवल नेपाली र संस्कृतका गुरूहरूको जिम्मामा छोडिएको छ । परिणामस्वरूप ८० प्रतिशत विद्यार्थीहरूले नेपाली अशुद्ध लेख्ने गरेको पाइन्छ । नेपाली बाहेक अन्य विषयहरूमा शुद्ध लेख्नु आवश्यक छैन भन्ने कुरा उनीहरूको मनमा गडेको हुन्छ । यस्तो भावना विकसित गर्ने थोरै श्रेय शिक्षकहरूको पनि हो । नेपाली भाषाको झर्रोवादी आन्दोलनले पनि अशुद्धि बढाउने काम गरेको छ । व्याकरणीय शुद्धताका कट्टर समर्थकहरू पाखा लागेका छन् । नेपालीको प्रमापित व्याकरणको बारेमा विद्वानहरू आजसम्म पनि एक मत छैनन् । यस सम्बन्धमा कृष्ण प्रसाद पराजुलीको राम्रो रचना मीठो नेपाली मलाई राम्रो लाग्थ्यो ।

शारदा प्रेसमा टाइप मिलाउने दुई जना थिए । त्यसमध्ये एउटालाई शुक्ला भनेर बोलाउँथे । सधैं धोती लगाएर आउँथ्यो । अर्कोलाई पण्डित भनेर बोलाउँथे । छपाइ मेसीनमा काम गर्ने मेसीनवाला एक जना मियाँ थियो । त्यो बडो हँसमुख थियो । कहिले लुङ्गी र कहिले पाइन्ट लगाएर आउँथ्यो र जतिखेर पनि जर्दा पान खाइरहन्थ्यो ।

मैले एउटा फर्माको शुद्धाशुद्धि हेरेर भ्याए पछि त्यस फर्मालाई शुक्लाले सच्याउँथ्यो । अशुद्ध अक्षरलाई चिम्टाले निकाल्थ्यो र शुद्ध अक्षर त्यहाँ राख्थ्यो ।

चिम्टीले उल्टो अक्षर हेरेर निकाल्नु विशिष्ट सीप हो । सच्याउने क्रममा झन् अशुद्ध हुने सम्भावना सधैं रहन्छ । यसरी शुद्ध गराइएको सामग्रीलाई छापेर त्यसको फेरि अशुद्धि हेरिन्थ्यो । त्यस अन्तिम शुद्धाशुद्धि (प्रुफ) लाई ग्याली प्रुफ भनिन्थ्यो । शुद्ध गरेपछि त्यसलाई फर्मामा राम्ररी बाँधेर मेसीनमा चढाउँथ्यो मियाँले । त्यसले एक पटक ढ्याक्क गरेर छापे पछि अन्तिम शुद्धाशुद्धि हेर्थें । गलती भएमा मेसीनबाट निकालेर सच्याउँथें । यसरी तीन पटक प्रुफ हेर्थें । मलाई भने हरेक पटक नयाँ कुरा पढे जस्तो आनन्द आउँथ्यो । एउटाको प्रुफ हेरेर सच्याएपछि अर्को फर्माको सेटिंग सुरू हुन्थ्यो ।

आठ पृष्ठको सामग्री मिलाए पछि चार पेजको आधा फर्मा मेसीनमा बाँधेर राखिन्थ्यो । कागज गनेर मेसीनमा राख्नु पर्थ्यो । र छापे पछि कतिवटा भए पुनः गन्नु पर्थ्यो । दुई रिम कागज राखेर मेसीनवाला बस्थ्यो । त्यस पछि मेसीन ढिकी कुटे झैं सुरू हुन्थ्यो ढयाक्, ढयाक् । पखेटा छुट्टिंदा उसले फुर्ति साथ दाहिने हातले कागज राख्दै जान्थ्यो र बायाँ हातले छापेको प्रति निकाल्दै जान्थ्यो । आज जस्तो घरर्रर होइन ।

एउटा फर्मा (आठ पृष्ठ) को छपाइ सिद्धिए पछि त्यसलाई थन्क्याएर अर्को फर्मा बाँध्ने, अशुद्धि हेर्ने, र सच्याउने क्रम सुरू हुन्थ्यो । नानी पत्रिकामा आठ पृष्ठको फर्मा बनाइएको थियो । गीताप्रेस गोरखपुरमा त्यस बेला पनि १६ पृष्ठको फर्मा हुन्थ्यो । ठूलो मेसीन थियो त्यहाँ । टाइप मिलाउने मानिसहरू एउटा ठूलो हल भरि टन्न बसेका हुन्थे । गोविन्द भवनमा । कल्याण पत्रिकाका सुरूका अङ्क छाप्ने खुट्टे मेसीन पनि राखिएको छ । गीताप्रेसको मूल गेटमा र पुस्तकहरूमा नेपालको जस्तै विक्रम संवत् लेख्ने चलन रहेछ भन्ने कुरा त्यहाँ पुगे पछि मात्र थाहा पाएँ ।

एक फर्माको आवश्यक प्रति तयार भए पछि त्यसलाई पट्याएर राखिन्छ । पानाहरूको क्रम हेर्नका लागि पृष्ठ संख्याका साथै फर्मा पनि उल्लेख गर्नु पर्थ्यो- फर्मा-१, फर्मा-२ इत्यादि । यसरी अक्षर छापाखानामा पृष्ठ बाहेक फर्मा नम्बर पनि अङ्कित गर्ने चलन छ । कम्प्युटरमा फर्मा चाहिंदैन । किनभने पूरै पुस्तक एकै साथ तैयार हुन्छ तर प्रिन्ट गर्नु अघि फर्मा मिलाए जस्तो गरी प्लेटमा ध्यान पुर्‍याउनु पर्छ । अब फर्माको गणना हुँदैन । प्लेटको गणना हुन्छ ।

**काम सकें, अनुभव बटुलें**

पत्रिकामा सबै सामग्री छापिए पछि विषय सूची र सम्पादकीय तयार गरिन्छ । सम्पादकीय समेत छापिए पछि मैले चल्ती भन्दा फरक तरीकाको

विषय सूची बनाएँ । विधा अनुसारका शीर्षक, नाम, र पृष्ठ छुट्टयाएँ । कविता छुट्टै, कथा छुट्टै, व्यङ्ग्य छुट्टै । यो विषय सूची तयार गर्न मलाई करिब चार घण्टा लाग्यो । विषय सूची तयार भए पछि आवरण पृष्ठहरूमा रहेका चित्रहरू तयार गर्न जिङ्क ब्लकमा पठाउने काम भयो । कम्प्युटर प्रविधिमा चित्र तयार गर्न सजिलो छ । स्क्यानिंग र फोटोशप प्रविधिले चित्रहरूलाई सुन्दर बनाएर सजाएर आफूले चाहेको आकारमा बनाउन सकिन्छ । तर त्यस बेला जिङ्क ब्लकद्वारा चित्र तयार गर्ने छुट्टै प्रविधि थियो । ब्लकको काम भने प्रेस भन्दा बाहिर हुन्थ्यो । जति राम्रो तरीकाले तयार गरे पनि जिङ्क ब्लकले छापेको चित्रलाई डिजिटल प्रविधिका सुन्दर चित्रसँग तुलना गर्नै सकिंदैन ।

अन्तमा आवरण तयार गरियो । यसलाई दुई रङ्गमा छपाइयो । मेरोलागि त त्यो नै रङ्गीन छपाइ थियो । त्यस बेला रूपन्देही त के गोरखपुरमा पनि रंगीन छपाइको सुविधा थिएन । अहिले त नेपालमा नोटको डिजाइन र मुद्रण गर्न सक्ने हाइटेक छापाखानाहरू र त्यसमा काम गर्ने जनशक्ति बुटवलमा नै छ ।

निकै मेहनत गर्दा पनि २०४० चैत ३१ गतेसम्म टँसाई (पेस्टिंग) र बँधाई (बाइन्डिङ्ग) सिद्धिएन । बल्ल बल्ल १०० प्रति पुस्तक तयार भयो । ती लिएर बैशाख १ गते वार्षिकोत्सव मनाउन म फर्कें । दिउसो १ बजेतिर पुग्दा वार्षिकोत्सवको सप्ताहव्यापी कार्यक्रमको समापन र मन्तव्यको अन्तिम चरण चल्दै थियो । मञ्चका अतिथिहरूलाई नानीको विशेषाङ्क वितरण गरे पछि म भोक, तिर्खा र यात्राले थकित घर गएर आराम गरें । रजत वार्षिकोत्सवको कुनै कार्यक्रममा सामेल हुन पाइन भनुँ भने एक गते साँझको सांस्कृतिक कार्यक्रममा चउरको टनाटन भीडको सबभन्दा पछाडि उभिएर राति आठ बजेदेखि ११ बजेसम्म ऊँटले झैं घाँटी तानी-तानी नाच गान हेर्ने प्रयास गरें । रजत वार्षिकोत्सवको कुनै कार्यक्रमको बारेमा मलाई केही थाहा भएन तर सम्पादनको यो अनुभव मेरो जीवनको एउटा रमाइलो घटना भएर रह्‍यो ।

नानी स्वर्ण जयन्ती अंक, वि.सं. २०६५

# आधा जिस्ता : काव्यशास्त्र विनोदीको एक उपज

डा. शिवप्रसाद पौड्याल

नीतिशास्त्रमा भनिएको छ- 'काव्यशास्त्रविनोदेन कालो गच्छति धीमताम् । व्यसनेन हि मूर्खाणाम् नि या कलहेन वा' अर्थात् विद्वान तथा बुद्धिमानको समय ज्ञान-विज्ञानका विविध विषय एवम् काव्यशास्त्र र धर्मशास्त्रको अध्ययन, मनन र चिन्तनमा बितिरहेको हुन्छ भने मूर्खहरूको समय केबल कलझगडा गर्ने, सुत्ने र दुर्व्यसनमा बितिरहेको हुन्छ । अतिशयोक्ति नठानी यथार्थ धरातलमा उभिएर भन्दा धर्मकर्मप्रतिको आस्था, कर्तव्यपरायणता, बाह्य तडकभडकबाट सदा टाढा रही सादगी जीवन बिताउने एक सरल र विद्वान् व्यक्तित्व डा. बाबुराम ज्ञवालीलाई मैले विगत दुई दशकदेखि यही रूपमा जान्दैबुझ्दै आइरहेको छु । निज ज्ञवाली पूर्वीय अर्थशास्त्र विषयलाई चर्चामा ल्याउने प्राध्यापकका रूपमा आफ्नो चिनारी बनाउन सफल व्यक्ति पनि हुन् ।

प्रस्तुत आधा जिस्ता संग्रहमा प्रा. डा. ज्ञवालीद्वारा लेखिएका (१) कहाँ लैजाला कम्प्युटरले मानिसलाई, (२) मैले मन पराएका तीन किस्सा, (३) विश्वविजयी एलेक्जेन्डर, (४) प्रेम, निष्ठा, र सुन्दरताको प्रतीक पर्व- तीज, (५) बी पी का आध्यात्मिक विचारको समीक्षा, (६) भानुभक्तीय रामकथा र त्यसको ऐतिहासिक महत्त्व, (७) बधूशिक्षा- भावी जीवनको प्रशिक्षण, (८) शब्दहरूको अर्थ विस्तार र अर्थ सङ्कुचन- केही उदाहरण,

(९) जैसीले नजानेको तर अल्छीले जानेको, (१०) श्रीकृष्ण– पुत्र, प्रेमी र पति, (११) यशोधराको यश (१२) पहिलो सम्पादन अनुभव शीर्षकका लेखरचनाहरू समावेश गरिएका छन् ।

एक्काइसौँ शताब्दीको युग भनेको विज्ञान प्रविधिको युग हो । यही आधुनिक विज्ञान प्रविधिको युगमा विज्ञान प्रविधिका नित्य नवीन कुराहरू आविष्कार भएका छन् । जसमा यात्राका निम्ति बस, कार, रेल, हवाईजहाज, विमान आदिको विकासले हजारौं किलोमिटर टाढाका मानिसहरूलाई नजिक ल्याइदियो । विश्वको एउटा कुनामा भएका मानिसहरू छिटोछरितो रूपमा विश्वका कुनै पनि देशमा छोटो समयमा सजिलै घुम्न सक्ने र त्यहाँका वस्तुस्थितिको बारेमा अवलोकन गरी मनोरञ्जनका साथै नयाँ ज्ञान प्राप्त गर्न सफल भए । यसले दुनियाँका मानिसहरूले एकअर्कालाई जान्ने, बुझ्ने अवसर दिई नजिक बनाइदियो । साथै विश्वमा भएका ठूलाठूला घटना, युद्ध, विध्वंशबारे हेर्न, जान्न, बुझ्न र दिन दुनियाँमा भएका नित्य नवीन विकासका गतिविधि हेर्न, सुन्न सूचना, सञ्चार र मनोरञ्जनको जगत्मा विकसित भएका रेडियो, टि.भी. टेलिफोन, मोबाइल, कम्प्युटर, इन्टरनेट, छायाचित्र, छिटोछरितो रूपमा गणितीय हिसाबकिताब गर्न क्याल्कुलेटर आदिले मानव जातिलाई नयाँ आधुनिक युगमा प्रवेश गराएको कुरामा कोही पनि अनभिज्ञ छैन । कम्प्युटर प्रविधिको आविष्कारले मानव समाजलाई छिटोछरितो रूपमा सजिलै काम सम्पन्न गर्न र मनोरञ्जनका निम्ति समय निकालिदिने अवसर दियो तर वर्तमान त्यसको परिणति मानव जाति आत्मीयता शून्य दिशातिर गएको कुरालाई लेखमा यसरी उल्लेख गर्छन्– 'अब इन्टरनेटको प्रविधि आएपछि घरपरिवारका प्रत्येक सदस्य आ–आफ्ना कोठामा सीमित हुन पुगेका छन् । एउटै कोठामा भए पनि अलग–अलग दिशामा फर्केका छन् । कुनै बस स्ट्यान्ड वा रेलवे प्लेटफर्मका बिलकुल अपरिचित यात्रुजस्ता । एउटै घरमा पनि घरपरिवारका सदस्यसँग महिनौं भेटघाट नहुने अवस्था छ । पति र पत्नी एउटै कोठामा छन् तर विपरीत दिशामा फर्केर आ–आफ्ना फेसबुक एकाउन्ट हेर्नमा व्यस्त छन् । पति र पत्नी बीचको दूरी दिनानुदिन टाढा हुँदै गइरहेको छ । ज्ञानको साधन इन्टरनेटले विद्यार्थी र गुरूका बीचको दूरी बढाइदिएको छ ।'

मानव मस्तिष्कको श्रमका दृष्टिले इन्टरनेट प्रविधिको विकासले हानि पुऱ्याइदिएको छ । विद्यार्थीहरूमा परिश्रम गर्ने बानीको विकास नभई इन्टरनेटको सहायताबाट चोरी गर्ने लत बसेको छ । उसको बौद्धिक क्षमता ह्रास हुँदै गइरहेको छ । नवीन सिर्जना गर्न असमर्थ हुँदै गएको विद्यार्थी वर्तमानमा इन्टरनेटको सुविधाले अझ ओरालो लागिरहेको छ । चक, डस्टर, बोर्डमार्कर, सेतो पाटी हुँदै अब स्मार्ट बोर्डमा पुग्ने अवस्था आइपुग्दा शिक्षकको योग्यता कम्प्युटर स्क्रिनले ढाकिदिएको छ ।

कम्प्युटर प्रोग्रामहरूमा सबै कुरा पाइने भएपछि मानव मस्तिष्कको काम विस्तारै हराउँदै गइरहेको छ । पूर्ण मानसिक श्रम मस्तिष्कको क्रियाशीलता समाप्त भएपछि मस्तिष्कको कल्पनाशीलताको पनि आवश्यक नरहने अवस्था देखापर्न थालिसकेको छ । गणित, तथ्याङ्क, एकाउन्टका समस्याहरू क्याल्कुलेटर र कम्प्युटरका प्रोग्रामले सजिलै समाधान गरिरहेका छन् । शिक्षक होस् वा विद्यार्थीलाई पनि सजिलो पढ्न, घोक्न, बनाउन, लेख्न केही नपर्ने अवस्थाको सिर्जना इन्टरनेटको सुविधाले गरिदिएको छ । जसमा गुगल सर्च गर्न र गराउन लगाएपछि शिक्षक पनि सिपालु र विद्यार्थी पनि सिपालु ।

विज्ञान प्रविधिको विकास हुनुभन्दा पहिलेका मानिसहरू श्रमजीवी थिए, आनन्दित थिए, सुखी थिए । उनीहरूको जीवन सरल थियो । घर परिवार होस् वा छरछिमेक, इष्टमित्र, गुरू र शिष्य बीच पारिवारिक आत्मीय, सौहार्द सम्बन्ध रहँदै आएको अवस्थामा आधुनिक विज्ञान प्रविधिका नित्य नवीन साधन कम्प्युटर र इन्टरनेटजस्ता कुराले विश्वको मानव जाति कुन दिशातिर गइरहेको छ र अझ भोलिका दिनमा विकसित हुँदै जाने यस किसिमका साधनले मानव जातिको सभ्यतालाई कहाँ पुर्याउला भन्ने विषयमा 'भोलि कहाँ पुऱ्याउला कम्प्युटरले मानिसलाई' शीर्षकको लेखमा लेखक ज्ञवालीले आफ्नो गहन चिन्तन मनन प्रस्तुत गरेका छन् ।

समाजमा एउटा पुरूष तथा लोग्ने मान्छेको उन्नति-प्रगति वा उसको व्यक्तित्व विकास, यश, ख्यातिका निम्ति उसकी श्रीमती तथा नारी भूमिका त्यत्तिकै महत्वपूर्ण हुन्छ । नारीको सदिच्छा तथा उत्प्रेरणा र सहयोग बिना पुरूष कर्मका उन्नति-प्रगति अधूरा मात्र हुँदैनन् । पुरूषले मानव समाजमा गरेर देखाउने पुरूषार्थ पनि देखाउन सक्दैन ख्याति कमाउन पनि सक्दैन । गौतम बुद्धको जीवनलाई मानव सेवाको विकासमा उन्मुख गराउन बुद्धकी अर्धाङ्गिनी यशोधराको भूमिका पनि त्यत्तिकै महत्वपूर्ण छ । यशोधरा निकै स्नेह र ममताले कोइलीहरूको दरबारमा हुर्केकी सुन्दर राजकन्या थिइन् । वीणावादनमा पनि निपुण यशोधरा करूणाकी मूर्ति त छँदै थिइन् साथै बुद्धिमति पनि । यशोधराको रूप सौन्दर्य र बुद्धिमत्ता चारैतिर फैलिएको अवस्थामा अनेक सुन्दर राजकुमारहरूबाट प्रणय विवाहको प्रस्ताव आए पनि उनले मनमनै सिद्धार्थ गौतमलाई नै पतिका रूपमा छनौट गरिसकेकी हुँदा स्वयंवरको समयमा यशोधराले सिद्धार्थलाई नै वरमाला लगाइदिइन् । सिद्धार्थको बानी व्यवहार राम्रोसँग बुझेकी यशोधरा सिद्धार्थको गृहत्यागको समयमा कत्ति पनि विचलित नभई यशोधराले राहुललाई हुर्काइन, शुद्धोधन र प्रजापति गौतमीलाई ढाढस दिई उनीहरूको सेवा गरिन् । बुद्धलाई साधना मार्गमा लाग्न र सांसारिक आकर्षणमा नफस्न यशोधराले बराबर स्मरण गराइ रहन्थिन् । गृहत्यागको दिन बुद्धको प्रिय घोडा कन्थकलाई तयार गरी सारथी छन्दकलाई त्यो

रात दरबारमै सुत्न लगाइन् । रातको समयमा सिद्धार्थ गृहत्याग गर्नुपूर्व भर्खर जन्मेको बच्चा र पत्नीलाई अन्तिमपटक हेर्ने लालसा लिई जब बुद्ध खोपीमा पदार्पण भयो । सो समयमा सिद्धार्थ पारिवारिक मायामोहको बन्धनमा नफसुन् भनी यशोधराले आफ्नो आँचलले राहुलको मुख छोपिदिइन् । यसरी गृहत्याग गरी बोधगयामा गई लामो साधना र तपस्या गरी सिद्धार्थमा बुद्धत्व प्राप्त भो अनि त्यही बुद्धत्वको ज्ञानबाट नै सिद्धार्थ गौतम बुद्ध भई संसारभर महामानवका रूपमा ख्याति प्राप्त गर्न सफल भए । यसरी सिद्धार्थ गौतमलाई सिद्धार्थबाट गौतम बुद्ध बनाउन भूमिका खेल्ने तिनै गौतम बुद्धको जीवन चरित्रसँग जोडिएकी बुद्धकी अर्धाङ्गिनी यशोधराको चर्चापरिचर्चा भएको पाइँदैन । रामायणमा सीताको जति चर्चा गरिन्छ, त्यति उर्मिलाको चर्चा नभएजस्तै बौद्ध धर्मदर्शन र साहित्यका फाँटमा जुन रूपमा विश्वमा गौतम बुद्धको चर्चापरिचर्चा गरिन्छ, त्यति चर्चा यशोधराको नभएको अवस्थामा गौतम बुद्धको जीवन यात्रामा यशोधराको भूमिका र योगदान महत्त्वपूर्ण हुँदाहुँदै पनि त्यति चर्चा गरी बौद्ध धर्मदर्शन र साहित्य नलेखिएको अवस्थामा रामायणका पात्र सीता, उर्मिला, महाभारतकी पात्र गान्धारी, उपनिषद्मा उल्लेख गरिएका गार्गी, मैत्रेयी, घोषा, र मदालसा, अपालाजस्ता विदुषीहरू, बुद्ध साहित्यमा बिशाखा, आम्रपाली, प्रजापति गौतमी, खजुतरा, कृषा, प्रव्रज्या, गौतमी आदिको परिचर्चासहित लेखक ज्ञवालीको आफ्नो गहिरो अध्ययन चिन्तनबाट 'यशोधराको यश' लेख लेखिएको छ । यसरी ज्ञवालीको अध्ययनशील व्यक्तित्व हिन्दुधर्मशास्त्र, पुराणमात्र नभई बौद्ध धर्मदर्शनप्रति अभिमुख भएको देखिन्छ ।

मानव समाजमा साहित्यकार वा प्रबुद्ध वर्ग जसले लोकहित वा मनोरञ्जन होस् तथा बौद्धिक मनोविनोद वा मनोविलास त्यसका निम्ति ऐतिहासिक महापुरूषको जीवन चरित्रका घटना, अनुभवका कुरालाई रोचक तथा कलात्मक ढाँचामा सिर्जित रचनामा उतार्ने काम गर्दै आइरहेका छन् । साहित्यकारले साहित्यको सिर्जना लोकरञ्जन र स्वान्त सुखायका निम्ति गर्ने गर्दछ । ज्ञान र मनोरञ्जन दुवै समाहित गरिएको अवस्थामा सिर्जना गरिने साहित्य अन्तर्गतको कथा विधा जसलाई किस्सा पनि भनिन्छ । त्यो अझ रूचिकर हुन जान्छ । लेखक ज्ञवालीलाई मन परेका तीनवटा कथाहरूमा लेखकले मन पराएको पहिलो कथा हो– अकबर-बीरबल । अकबर र बीरबलका किस्साका पात्रहरूमा बादशाह अकबर, वीरबल, सहरकी मालकिन र त्यसकी सेविका रहेका छन् । यिनीहरूका बीचका रमाइला, रोचक घटना सन्दर्भहरू नै कथा कथनका शृङ्ला हुन् । जसले पाठकको मस्तिष्कमा बौद्धिकताको छाप छोड्नुका साथै मनलाई आनन्दित तुल्याउँछन् । अकबर र बीरबलका किस्साहरू ऐतिहासिक घटनाका अङ्ग मानिन्छन् । शहन्शाह अकबरको दरबारमा भएका नवरत्नमध्ये वीरबल एक हुन् । उनले अकबरका सेनाको नेतृत्व गरेर युद्ध पनि गरेका छन् । त्यसैले उनलाई

राजा बीरबल पनि भनिन्छ । उनी आशु कवि थिए भनिन्छ । त्यसैले उनको एक नाम कविवर वीरबल पनि हो । आजका चुट्किलाजस्तै अकबर-वीरबलका स-साना कथाहरूले पाठकलाई पर्याप्त मनोविनोद गराउनुका साथै बौद्धिक खुराक पनि दिन्छन् । अरबी, फारसी, उर्दू, हिन्दी, नेपाली लगायत विश्वका अधिकांश भाषामा अनुदित भएका अकबर-वीरबलका स-साना कथाहरू आजको समाजमा पनि उत्तिकै लोकप्रिय बनेका छन् ।

लेखक ज्ञवालीले मन पराएको दोस्रो कथा हो- अलफ लैला । अलफ लैला मूल फारसी भाषामा भएको अलफ लैला कथाको पुस्तकको अङ्ग्रेजी संस्करण अरेबियन नाइट्सबाट यसलाई विश्वभर प्रसिद्धि दिने काम भएको अवस्थामा चीनदेखि अफ्रिकासम्मका विभिन्न देशहरूबाट संकलन गरिएका यसका हरेक कथाहरू अद्‌भूत कल्पनाशीलता र प्रस्तुति विविधता भएको कुरा ज्ञवालीले प्रस्तुत लेखमा उल्लेख गरेका छन् । कथाका पात्रहरूमा राजा शहरयार, वजीर

(प्रधानमन्त्री), वजीरकी छोरीसितका कथाउपकथा कथन विचित्र कल्पनाशील तर रमाइला देखापर्छन् । यस कथाको मूल अंशमा शहरयारको भाउजूले दाजुलाई घात गरेकोले उसले संसारका महिलाहरूसँग घृणा गर्छ । उसकी पत्नीले आफूलाई घात नगरोस् भनेर नै उसले आफ्नो वजीरलाई प्रत्येक दिन प्रत्येक दिन एउटी नयाँ महिला खोजेर ल्याउने आदेश गर्छ । त्यस महिलासँग विवाह गर्छ र अर्को दिन बिहान घाम उदाउना साथ उसको हत्या गरिदिन्छ ।

शहरयारले कन्याहरूसँग केबल एक रातका लागि विवाह गर्ने घोषणा गरेको हुन्छ । उसको वजीर (प्रधानमन्त्री) ले प्रत्येक दिन एक कन्याको विवाह राजासँग गराउँदै जान्छ । यसरी प्रत्येक दिन एउटी युवतीको हत्या हुंदै

जान्छ । अन्तमा सहरभरिमा कुनै कन्या बाँकी रहँदैन । यस कुराबाट चिन्तित वजीरलाई उसकी छोरी शहरजादले आफूलाई विवाहका लागि प्रस्तुत गर्छे । वजीरले बाध्य भएर त्यो कुरा स्वीकार गर्छ । विवाह भएको राति शहरजादले आफ्ना पतिको मनोरञ्जनका लागि एउटा कथा सुनाउन सुरू गर्छे । बजीरकी छोरी शहरजाद कथा सुनाउने कलामा निपुण भएकीले ऊ हत्या हुनबाट बच्छे अनि शहरयारको मनस्थिति पनि बदलदिन सफल बन्न पुगेको रोचक कथा अलफ लैला मूल अंशमा आउँछ । घटना प्रधान अरेबयिन नाइट्सका कथाहरू प्रारम्भ हुनासाथ त्यसले पाठकलाई आफूसँग बगाउँदै जान्छ । कथाहरूमा अचानक मोडहरू आउँछन् । प्रत्येक घटनाले पाठकलाई अचम्भित बनाउँछ । यसमा ऐतिहासिक कथा, प्रेम कथा, संयोगान्त, वियोगान्त, समुद्री यात्रा, साहसिक, जादू, बोक्सी, भूत प्रेत र हास्य कथाहरू छन् । अरेबयन नाइट्समा कथावाचनको अद्‌भुत सीप सिक्न पाइन्छ ।

पञ्चतन्त्रका कथा पढाएर आचार्य विष्णु शर्माले ती पटमूर्ख राजकुमारहरूलाई

छ महिनामा शिक्षित, योग्य र लोकव्यवहार निपुण बनाएर उनले राजा कहाँ लगेर भन्यो- महाराज, अब यी चारै जना श्रुति, स्मृति, अर्थशास्त्र लगायत सबै विद्यामा पारङ्गत भइसकेका छन् । अब यिनीहरूलाई इन्द्रले पनि जित्न सक्दैन । पञ्चतन्त्रको अर्थ हो पाँच प्रकारका तन्त्रहरू (१) मित्रभेद, मित्रभेदमा गोरूसँग डराएका जंगलको राजाको कथा, (२) मित्रलाभ, मित्रलाभमा परेवा, काग, कछुवा, र हरिणले एक अर्कोलाई सहयोग गरेर मित्रतालाई निरन्तरता दिएर सम्बन्ध कायम गरिएको कथा, (३) काकोलूकीयम्, बलवान् र बलहीन हुने अवस्थाका काग र लाटोकोसेरोको कथा, (४) लब्धप्रणाशम्, बाँदर र गोहीको मित्रता भंग भएको कथा, र (५) अपरीक्षितकारकम्, राम्ररी परीक्षा नगरीकन कुनै आवेगमा निर्णय गर्दा हुनसक्ने दुर्घटनाको कथा । यसमा एक जना ब्राह्मण, उसको शिशु र त्यसको सुरक्षा गर्न राखिएको नेउरी मुसाको मूल कथा छ ।

यस्ता कथाहरूको कथनबाट राजकुमारहरूलाई दीक्षित गरिएको छ । भारतीय उपमहाद्वीपमा मात्र नभई पूरै विश्वमा अकबर-वीरबलका कथा (किस्सा), अलफ लैला र पञ्चतन्त्रका कथा निकै लोकप्रिय हुन पुगे । जसमा पर्याप्त मनोरञ्जन, मनोविनोद तथा ज्ञानका अद्‌भुत रस समावेस भएको पाइन्छ । त्यस्तै अलफ लैला र पञ्चतन्त्रका कथाहरूमा पनि ज्ञान, बुद्धिविवेकको प्रयोग, मनोविनोदका साथै मनोरञ्जनले कथारसको रसास्वादन भरिएको अवस्थामा यी कथाहरू भारतीय उपमहाद्वीपमा मात्र नभई पूरै विश्वभर लोकप्रिय बन्न पुगेको कुरा जिज्ञासु पाठकहरूको मुखारविन्दबाट सुन्न पाइन्छ ।

विश्वको इतिहास पढ्दा थाहा हुन्छ । सामान्य मानिसहरूभन्दा जो आफ्नो निजी स्वार्थभन्दामाथि उठेर देश र जनताका निम्ति प्राणको बलिदान दिन्छन् अनि आफ्नो सम्पूर्ण जीवन देशको माटो, भाषा, साहित्य, संस्कृति र जनसेवामा समर्पित गर्छन् । तिनै महापुरूष, वीर पुरूष, ठूलाठूला योद्धा, वीर सहिदको जीवनले नै विशिष्ट जीवनको चिनारी दिइरहेको हुन्छ । ऐतिहासिक वीर पुरूष तथा वीरङ्गना, राष्ट्रिय विभूति अझ विशिष्ट हुन्छन् अनि तिनैको इतिहास लेखिन्छ । तिनै विश्वविजयी एलेक्जेन्डरको विश्वविजयी यात्रा अगाडि बढ्दै जाँदा वर्तमान अफगानिस्तानको गान्धार स्थित तक्षशिलाका दस जना आचार्य ब्राह्मणसितको तर्कपूर्ण सवाल-जवाफ नै विश्वविजयी एलेक्जेन्डर र तक्षशिलाका आचार्य शीर्षकको लेख हो । यसमा ज्ञवालीले सानैदेखि एक यथार्थवादी र तार्किक युवा जो बिना तर्क कुनै कुरा नपत्याउने विश्वविजयी एलेक्जेन्डरको विवरणमा लेखेका छन् ।

बीस वर्षको उमेरका युरोपका ससाना देशहरूलाई जितेपछि एलेक्जेन्डर भारतीय उपहाद्वीपलाई आफ्नो राज्यमा गाभ्ने उद्देश्यले ठूलो सेनाका साथ विजय यात्रा सुरू गरेको ईरान जस्तो शक्तिशाली देशलाई सजिलै जित्न सफल भयो । त्यस पछि ठूलो

फौजसहित गान्धार प्रवेश गर्न लाग्दा त्यहाँका राजा राजा आम्भीले महँगा उपहारसहित स्वागत गर्दै एलेक्जेन्डरको अधीनता स्वीकार गरेको बेला तत्कालीन समयमा विश्वको शिक्षा केन्द्र बनेको तक्षशिला जहाँका आचार्यहरू आम्भीसँग रूष्ट भएका थिए । चन्द्र गुप्त मौर्यलाई यवन शासनको विरूद्ध विद्रोह गर्न तालिम दिने कौटिल्य तिनै रूष्ट आचार्यमध्ये एक थिए । आम्भीको छिमेकी राज्य पुरूले एलेक्जेन्डरसँग युद्धको घोषणा गरेको थियो । यो युद्ध र यसको विवरण विश्व प्रसिद्ध मानिन्छ । पुरू राज्यलाई आफ्नो नियन्त्रणमा लिए पछि आफ्नो पकड बलियो बनाउन एलेक्जेन्डरले निरन्तर स्थानीय मानिसहरूको विद्रोहको सामना गर्नु परेको थियो । एलेक्जेन्डरले आफ्नो विरोध गर्नेलाई जुन निर्दयताले दण्ड दिन्थ्यो त्यो देखेर सबै थर्थर काम्थे । संसार उसँग डराउँथ्यो । नागरिक भड्काउने १० जना ब्राह्मणहरूसित एलेक्जेन्डरले गरेका तार्किक सवाल-जवाफ नै प्रस्तुत लेखको सार हो । मर्ने बेलामा मेरा दुई हात कफन बाकस बाहिर सबैले देखिने गरी राख्नु । मर्ने बेलामा विश्वविजयी एलेक्जेन्डर रित्तो हात थियो यो कुरा संसारलाई देखाइ दिनु ।

तीजपर्व हिन्दु नारीहरूले मनाउने सामाजिक, सांस्कृतिक चाड हो । हिन्दु महिलाहरूले हरेक वर्ष भदौ महिनामा आउने तीजपर्वको धार्मिक सांस्कृतिक भएजस्तै सामाजिक महत्त्व पनि त्यतिकै रहेको देखिन्छ । तीजपर्वमा हिन्दु महिलाहरू आफ्नो घरपरिवारको सुख, समृद्धि र शान्तिका लागि तीजपर्वको ब्रत बस्दै आएका छन् । यसको प्रयोजन पारिवारिक सुख र खुसीको कामना पनि हो । पति हुने महिलाहरूले आफ्ना पतिको सुख समृद्धि र प्रगतिको लागि ब्रत बस्ने गर्दछन् । साथै महिलाहरूले आफ्ना सन्तानको सुख, प्रगति, उन्नति, दीर्घायुको लागि पनि यो पर्व मनाउने गर्दछन् किनकि हरेक नारीमा पत्नीत्वका साथै मातृत्वको भावना पनि प्रबल रहेको हुँदा उनीहरूले आफ्ना सन्तान र परिवारका अन्य सदस्यहरूको पनि सुख समृद्धि तथा सफलताको कामना गरी ब्रत बस्ने गर्दछन् । यसो गर्दा परिवारमा हर्षोल्लास र खुसी छाउने गर्दछ ।

हिन्दु महिलाहरूको धार्मिक, सांस्कृतिक परम्परा भएको सांस्कृतिक सामाजिक महत्त्व बोकेको पर्व तीजको नेपाली समाजमा प्राचीन कालदेखि मनाउँदै आएको परम्पराअनुसार नै नेपाली समाजका हिन्दु महिलाहरूले पनि धार्मिक, सांस्कृतिक पर्वका रूपमा तीजपर्व हरेक वर्ष भाद्र महिनामा मनाउँदै आइरहेका छन् । यही तीजपर्वका बेला विवाहिता महिला दिदीबहिनी, आमा, भाउजू र अविवाहिता महिला दिदीबहिनीहरूबाट गरिने धार्मिक, सांस्कृतिक एवं सामाजिक गतिविधिले नेपाली समाजमा यसको महत्त्व रहँदै आएको छ । सामाजिक, सांस्कृतिक र धार्मिक पर्वका रूपमा विशेषगरी हिन्दुधर्ममा आस्थावान् नेपाली महिलाहरूले तीजपर्वलाई बडो उल्लास र निष्ठापूर्वक मनाउने

गर्दछन् । यस्तो तीजपर्वको पौराणिक र आध्यात्मिक महत्त्व पनि रहेको छ । तीजपर्वको उद्‌भवको इतिहासको खोज गर्दै जाँदा पार्वतीले महादेवलाई पतिका रूपमा पाउन गरेको कठोर तप र आफूलाई योग्य र मन परेको वर छान्न बुबाआमासँग गरेको विद्रोहबाट सुरू भएको मानिन्छ । तीजपर्वको पौराणिक आख्यान अनुसार हिमालय पर्वतकी पुत्री पार्वती युवा अवस्थामा प्रवेश गरिसकेकाले विवाहको लागि योग्य वरको तलासको चिन्ताले बाबु हिमालय पर्वत पिरोलिइरहेको बखतमा नारदमुनि प्रकट भएर भगवान् विष्णुले पार्वतीलाई माग्न पठाएको वृत्तान्त सुनाएर सबै तेत्तिसकोटि देवताभन्दा विष्णु महान् देवता भएकाले पार्वतीको बिहे विष्णुसँग गरिदिनु उत्तम हुन्छ भन्ने कुरामा जोड दिएको कथा सन्दर्भ आउँछ । पर्वतराजले पनि आफ्नो ठूलो दायित्व पूरा हुने सोची छोरी पार्वतीको विवाह भगवान् विष्णुसँग गरिदिने घोषणा गर्न पुग्छन् । यस कुराले पार्वतीका मनमा ठूलो आँधीहुरी चल्न थाल्छ । हिमालयपुत्री पार्वतीले मनैमनले श्रीमहादेवलाई आफ्ना पति मानिसकेकी थिइन् । तीजपर्व मनाउनुको अर्को प्रमुख कारण हो महिला दिदीबहिनीहरू माइतीघरमा भेटघाट भएको अवसरमा नाचगान गरी मनोरञ्जन गर्नु । वर्ष दिनमा एकपटक आउने तीजपर्वमा माइतीघर गएर साथी सँगिनी भेला भएर नाचगान गर्ने, दर खाने, व्रत बस्ने र पूजा आजा गर्ने गर्दा मनै रमाउँछ, शरीर चङ्गा हुन्छ र साथी, सँगिनी, बुबाआमा र माइतीसँग दुखसुख आदान-प्रदान गर्न पाउँदा वर्ष दिनभरिका दुःखकष्ट बिर्सिन्छ र एउटा नयाँ जाँगर र उत्साह पलाउँछ । यसरी तीजपर्वले चेलीहरूमा एउटा आनन्द र रमाइलोको सञ्चार गर्दछ र मनोरञ्जनको प्राप्ति गराउँछ ।

तीजपर्वका दिन अधिकांश नेपाली महिलाहरूले रातो साडी, रातो चुरा, पोते, गरगहना लगाएर आफूलाई सोह्रशृङ्गार गरी सुन्दरी बनेर सम्पूर्ण रूपमा रातै पहिरनमा सजिन्छ अनि तीजगीतमा सहभागी हुने गर्दछन् । रातो पहिरन एकातिर सौभाग्यको प्रतीक मानिन्छ भने अर्कोतिर प्रेम र आकर्षणको प्रतीक पनि मानिन्छ । पहिलेपहिलेका नारीहरूले त तीजमा चन्द्रमा, शिरफुल, टिकिया, माडवारी, तिलहरी, नौगेडीजस्ता गहना लगाएर झपक्कै ढाकिएर हिँड्ने गर्दथे भने आज आएर राता पहिरन लगाए पनि गहनामा केही परिवर्तनहरू आएका छन् । हिजोआज छड्के तिलहरी, झुमका, मङ्गलसूत्र जस्ता गहनाहरू बढी प्रचलनमा रहेको पाइन्छ । तीजपर्वको अवसरमा ब्रतालु चेलीहरू माइती घरको आँगनी, चोक, चौतारो, बाटोजस्ता स्थानमा भेला भएर तीजगीत गाउँदै थपडी बजाएर कम्मर मर्काईमर्काई नाच्ने गर्दछन् । तीजगीतमा मादल, खैँजडीजस्ता बाजाहरूको पनि प्रयोग गरिन्छ । यसरी तीजपर्वका अवसरमा दर खाने, ब्रत बस्ने, नयाँ पहिरन र आभूषण लगाउने, गानबजान र नाच गर्नेजस्ता विभिन्न क्रियाकलापहरू गर्ने गरेको पाइन्छ । तीजपर्वले एकातिर श्रीमान् र श्रीमती बीचको सम्बन्धमा पनि

गाढा प्रेम र आस्था एवम् विश्वासको भावना जागृत गर्दछ । श्रीमानको दीर्घायु र सुस्वास्थ्यको लागि ब्रत बस्दा श्रीमानको मनमा पनि श्रीमतीप्रति माया र सम्मान बढ्ने गर्दछ साथै यसले पारिवारिक सम्बन्ध पनि सुमधुर हुन जान्छ । अर्कोतिर तीजपर्वले नेपाली नारीहरूलाई वर्षमा एकदिन भए पनि माइत जाने र आमाबुबा, दाजुभाइसँगको सम्बन्धलाई बलियो र सुमधुर राख्न ठूलो मद्दत पुर्याएको देखिन्छ । यही तीजपर्वलाई लेखक ज्ञवालीले 'प्रेम, निष्ठा, र सुन्दरताको प्रतीक पर्व– तीज' लेखमा आकर्षक शब्द र शैलीमा प्रस्तुत गरेका छन् ।

विश्वेश्वरप्रसाद कोइराला अर्थात् लोकप्रिय नाम बी. पी. कोइराला राजनीतिको क्षेत्रमा एक आदर्श राजनीतिज्ञ र नेपाली आख्यान साहित्य (कथा र उपन्यास) फाँटमा कुशल मनोवैज्ञानिक स्रष्टा मानिन्छन् । यिनै कोइरालाको नाम वर्तमानमा कांग्रेस र वामपन्थी राजनेताहरूले बडो आदर्शका साथ लिने गर्छन् । लेखक ज्ञवालीले 'बी पी का आध्यात्मिक विचारको समीक्षा' शीर्षकको लेखमा बी.पी. कोइरालाको आध्यात्मिक विचारहरूको बारेमा आफ्ना धारणा प्रस्तुत गरेका छन् । बी.पी. कोइरालाका बाबुआमा कृष्णप्रसाद कोइराला र दिव्या कोइराला बनारस निर्वासन कालमा प्रथम सन्तानको रूपमा जन्मेका बी.पी. कोइरालाको जन्मकुण्डली भविष्यवक्तालाई देखाउँदा अत्यन्तै उच्चतम कुण्डली योग रहेको सन्दर्भ उल्लेख गर्दै राणाहरूले बी.पी. कोइरालालाई जेलमा दिएको सास्तीको वर्णन कारूणिक रूपमा उल्लेख गरेका छन् । पत्नी सुशीला कोइरालामा रहेको धार्मिक भावनालाई बी पी कोइरालाले अत्यन्त उच्च सम्मान गरेका छन् । उनले भनेका छन्– 'मेरो पत्नी भित्र रहेको धार्मिक-आध्यात्मिक (स्प्रीचुअल) गुणले मलाई संघर्ष गर्न आत्म बल प्रदान गरेको छ ।' धर्मका लागि बी पीले स्प्रीचुअल शब्द प्रयोग गरेका छन् । यस भनाइले पनि बी.पी. कोइराला धर्मसंस्कृतिका विरोधी होइनन् भन्ने कुराको पुष्टि गर्छ ।

लेखक ज्ञवालीका अनुसार बी.पी. कोइरालाले गीता, महाभारत लगायत हिन्दु धर्मदर्शन र संस्कृतिका पुस्तकहरू पढेको कुरा उनका साहित्यक रचना कथा, उपन्यास र आत्मवृतान्तमा पाइन्छ । बी.पी. कोइरालाले गीता, महाभारत लगायत हिन्दु धर्मदर्शन र संस्कृतिका पुस्तकहरू पढे पनि हिन्दु धर्मदर्शन र संस्कृतिको कट्टर अनुयायी नभएको र आलोचना गर्ने काम पनि नगरेको देखिन्छ । यसै सन्दर्भमा बी.पी. कोइरालाले राष्ट्रपुकार नामक पत्रिकामा दिएको एउटा अन्तर्वातामा भनेका छन्– 'मैले ईश्वर छन् पनि भनेको पनि छैन र छैनन् पनि भनेको छैन । ईश्वरको सम्बन्धमा म चूप छु ।' – 'बी पी कोइराला मन्दिर जाने गर्थे ।' बी पी कोइराला स्वयं भन्छन् – 'म काशीको विश्वनाथ मन्दिरमा पनि जान्छु र काठमाडौंको पशुपतिनाथ मन्दिरमा पनि जान्छु । तर मन्दिरमा गएर केही मागेको छैन ।' यसरी लेखक ज्ञवालीले बी पी का आध्यात्मिक विचारको समीक्षा लेखमा आफ्नो दृष्टिकोण व्यक्त गरेका छन् ।

भानुभक्त आचार्य नेपाली भाषाका आदिकवि हुन् । उनी नेपालभित्र र नेपाल बाहिर भारतका विभिन्न प्रान्त दार्जेलिङ्, असम, मेघालय, शिलोङ्, सिक्किम, देहरादून, बनारसका साथै भारतभन्दा पनि अलि परका देश भुटान, बर्मा आदि ठाउँका नेपाली भाषी जनसमुदायका बीचमा उत्तिकै लोकप्रिय छन् । यसको मूल कारण हो भानुभक्त आचार्यद्वारा जनभाषामा रचित भानुभक्तीय रामायण । भानुभक्त आचार्यले तत्कालीन समयमा सरल भाषाशैलीमा काठमाडौँ उपत्यकाको प्राकृतिक सुन्दरता, सांस्कृतिक सभ्यता देखेर कान्तिपुरी नगरी कविता, बालाजुको बाइसधारा लगायत दर्जनौँ सुन्दर कविताहरूको सिर्जना गरे । यिनै भानुभक्त आचार्यको बारेमा लेखक ज्ञवालीले 'भानुभक्त, रामकथा र त्यसको ऐतिहासिक परिवेश' शीर्षकको लेखमा आफ्नो चिन्तनमननमूलक टिप्पणी प्रस्तुत गरेका छन् । रामको जीवन चरित्रसँग सम्बन्धित कथा विश्वव्यापी रूपमा फैलिएको छ । यसको मूल कारण हो रामायण ज्यादै लोकप्रिय कथारस भएको काव्य रचना हो । नेपाल सीताको जन्मभूमि भएको देश हो त्यसैले यहाँ जुन रामायण प्रचलित छन् ती सबैमा वाल्मीकिलाई वर्तमान नेपालको भौगोलिक सीमामा आश्रम बनाएर तपस्या गरेको बताइन्छ । स्वयं वाल्मीकिले सीताको मुखबाट रामायणको घटना सुनेका हुन् भनिन्छ । वाल्मीकि रामायणको विवरण अनुसार यसको असली रचयिता सीता हुन् ।

रामायणमा राम र सीताको प्रेम, एक अर्काका लागि गरेको त्याग, भाइहरू भरत, लक्ष्मण र शत्रुघ्नको प्रेम, बरू मर्न तयार हुने तर आफ्नो वचनको पालना गर्ने दशरथ, दासी मन्थराले केकयी मार्फत् गरेको षडयन्त्र, मन्दोदरी, कौशल्या आदि महिलाहरूको चरित्र, रावणको कृत्य यी सबैलाई आज पनि हामीहरूले जीवन्त देख्छौं । आज पनि नेपाली समाजमा हामीले कसैलाई रामजस्तो, कसैलाई लक्ष्मणजस्तो, कसैलाई भरतजस्तो, कसैलाई हनुमानजस्तो, कसैलाई विभीषणजस्तो देख्छौं । यी सबै कुराले आर्य समाजमा रामकथाको जीवन्त उदाहरण दिन्छन् ।

रामकथाको परम्परा नेपाल र भारतमा मात्र होइन एशियाका अन्य देशहरू पनि पाइन्छ । इन्डोनेशिया, कम्पुचिया, फिलिपाइन्स, थाइल्याण्ड, मलेशिया, लाओस, भियतनाम र मालद्वीपमा आ–आफ्ना परम्पराका रामकथा पाइन्छन् । रामकथा बौद्ध र जैन जातक कथाहरूमा पनि प्रचलित रहेको पाइन्छ । भारत र नेपालका विभिन्न जातजाति र भाषाभाषी समुदायका बीचमा प्रचलित रहेका रामकथालाई तिनै भाषाका चर्चित कविहरू विभिन्न नाममा रामको जीवनचरित्रका कथाहरू प्रस्तुत गरेको कुरा लेखकले उल्लेख गरेका छन् । नेपाली संस्कृति र परम्पराको गौरव बचाउनमा भानुभक्तीय रामायणको ठूलो योगदान छ । उनले लोकको कल्याणका लागि रामकथा रचना गरेका हुन् ।

लेखक ज्ञवालीले प्रस्तुत लेखमा सुगौली सन्धिपूर्व नेपालका वीर योद्धाहरूले युद्ध मैदानमा देखाएको वीरताको इतिहासको उल्लेख गरेका छन् । भानुभक्तीय रामायणले नै सुगौली सन्धिपश्चात् छुट्टिएर विदेशी भएका नेपालीसँग पुनः सम्बन्धित गराइदियो । पुनः सबैले एकता अनुभव गर्न थाले । जस जसले रामायण पाठ गरे, उनीहरूमा एकत्व भावना अनुभव भयो । यसमा प्रत्येक नेपालीले आफ्नो विशालता अनुभव गरे । भानुभक्तको रामायणमा स्वाभाविकता छ, सरलता छ र नेपालीपन छ । त्यसैले यो विशिष्ट छ भन्दै लेखक ज्ञवालीले 'भानुभक्त, रामकथा र त्यसको सामाजिक ऐतिहासिक परिवेश' शीर्षकको लेखमा रामकथाको चर्चा गर्दै नेपालको ऐतिहासिक परिवेशमा भानुभक्तीय रामायणको विशिष्ट स्थान रहेको कुरा पुष्टि गरेका छन् ।

बिहान उठ्नु र नुहाइ धुवाइ गर्नु व्यक्तिगत सरसफाइ र स्वास्थ्य दुवै दृष्टिले लाभदायक मानिन्छ । यो केवल सांस्कृतिक वा धार्मिक परम्परा मात्र होइन यो चिकित्सकीय दृष्टिले पनि उचित छ । खानपिन रहनसहन सबै स्वास्थ्यका आधार हुन्छन् । तर बिहान सूर्योदय अघि उठ्नु र शरीर सफा गर्नु स्वास्थ्यका लागि सर्वोत्तम मानिन्छ । स्वस्थ रहन गृहिणी आफैंले पनि जान्नुपर्छ । गृहिणीको दिनभरिको क्रियाशीलता उसको आफ्नो स्वास्थ्यमा भर पर्छ । त्यसैले स्वस्थ रहनु गृहिणीको कर्तव्य हो । स्वस्थ गृहिणीले मात्र आफ्नो परिवारलाई स्वस्थ राख्न सक्छन् । साथै मानसिक सुख, शान्ति र आनन्दका निम्ति धर्मकर्म, ईश्वरको आराधना, चिन्तन पनि घरगृहस्थी जीवन चलाउने गृहिणीले जानेबुझेको हुनुपर्छ । अझ महत्त्वपूर्ण कुरा त घरपरिवारका सदस्यले एकअर्कोलाई यथोचित मान-सम्मान गर्न जान्नुपर्छ भन्दै भानुभक्त आचार्य बधूशिक्षाको रचनामा मान्ने छन् घरका सबै जति जना तिनलाई ढोगभेट् गरी भन्दै तब मात्र गृहस्थी जीवन सुखी र सम्पन्न हुन्छ भनिएको छ । घरव्यवहार चलाउने गृहिणी कुशल हुनुपर्छ । घरपरिवारको व्यवस्थापकीय अभिभारा लिएका गृहिणीको कुशल व्यवस्थापनबाट नै घरपरिवारको वातावरणमा सुखशान्तिको आभास पाउँछ । साथसाथै नेपाली सामाजिक सांस्कृतिक परम्परामा घरगृहस्थी चलाउने नारीले धागो काल्नु, बत्ती बटार्नु, दूना टपरी, गुन्द्री इत्यादि बनाउनु विशिष्ट हाते शिल्पमा कुशल हुनुपर्छ । यही नेपाली परम्परा हो । नेपाली मौलिकता हो । यो परम्परादेखि चलिआएको नेपाली पारिवारिक घरेलु शिल्पकला हो । यस काममा पनि नारी सिपालु हुनुपर्छ भन्ने कुरा बधूशिक्षाका कवितांशमा भनिएको छ । महिलाको अनुशासित जीवनमा नै सारा परिवारको शक्ति हुन्छ । आफ्ना बाबु आमाको नैतिक र चारित्रिक जीवनबाट ससाना बच्चाहरूले जीवनभर शक्ति प्राप्त गरेका हुन्छन् । यसका निम्ति सुखी घरगृहस्थी जीवनका निम्ति सासू-बुहारी, लोग्ने-स्वास्नी, छोरा-बुहारी, नन्द-भाउजूका बीचमा पारिवारिक सौहार्दता, आत्मीयताको सम्बन्ध सुमधुर हुनुपर्छ, तब मात्र घरगृहस्थी जीवन सुखी हुन्छ, स्वर्गीय बन्छ । आफ्ना मित्र तारापतिको

घरमा पाहुना भई गएका भानुभक्त आचार्य त्यसघरमा रातभर सासू र बुहारीका बीचमा भएको दन्तबभ्फानले अनिँदो बनाइदिएको अवस्थामा फुर्न गएको उदाहरणको रूपमा–

सून्याँ दन्तबभ्फान आज घरको कर्क र गर्याको जसै
भर्‌राति जाग्रन भैँ भयो मकन ता लागेन आँखा कसै ।

आदिकवि भानुभक्त आचार्यद्वारा रचिएको बधूशिक्षा नामक कविताको सान्दर्भिकता पुष्टि गर्दै लेखक ज्ञवालीले 'वधूशिक्षा– भावी जीवनको प्रशिक्षण' शीर्षकको लेख तयार पारेको देखिन्छ ।

भाषाका शब्दहरू सामान्य र विशिष्ट दुई किसिमका हुन्छन् । सरल अर्थयुक्त शब्दहरू सामान्य प्रकृतिका हुन्छन् । त्यस्ता शब्दहरू सामान्य अवस्थामा सामान्य व्यक्तिहरू कुराकानीको क्रममा प्रयोग गर्छन् । विशिष्ट खालका शब्दहरूको आसयलाई अभिधा, लक्षणा र व्यञ्जनाको सहायताबाट अर्थ निकाल्न सकिन्छ । सामान्य चलनचल्तीको सोभ्फो वाच्यार्थ प्रकट गर्ने अर्थ लाई अभिधेयार्थ, वाच्यार्थ भिन्न शब्दको लक्षणाशक्तिद्वारा अर्थ द्योतन गर्ने दोस्रो शब्दशक्तिलाई लक्षणार्थ र शब्दको घुमाउरो अर्थ द्योतन गर्ने शब्दको तेस्रो शक्तिलाई व्यञ्जनार्थ भनिन्छ ।

विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म अध्ययन अध्यापन हुने, सबै वर्ग, जाति, पेसाका मानिसहरूको जनसम्पर्कको माध्यम बनेको नेपाली भाषा साहित्यिक, प्राविधिकका साथसाथै ज्ञानविज्ञानका विविध विषयको भाषा भई आधुनिक सञ्चारका माध्यमबाट वर्तमानमा विश्वभरि फैलिएको लेख्य-कथ्य रूपमा देखापरेका नेपाली भाषाका शब्दहरूको बारेमा आफ्ना धारणा राखेका छन् । परम्परित नेपाली भाषाका शब्द, व्याकरण, र संरचनामा अनावश्यक छेडखानी गर्दा अन्य क्षेत्र र विषयहरूलाई पनि असर पर्छ भन्ने कुरा नेपाली भाषाका विद्वान्, भाषाविद्‌हरूले बुझ्नुपर्छ भन्ने सुभ्फाव दिएका छन् । लेखक ज्ञवालीले दार्शनिक सुकरातको तर्कवितर्क र छलफलको कुरालाई भ्फर्रोवादीले कुरौटे सुकरात भनी दिएको विशेषणले तर्कवितर्क र छलफलको अर्थ संकुचित हुँदा त्यसको अर्थ बोधमा बाधा पुगेको तथ्य प्रस्तुत गरेका छन् ।

भाषामा परिवर्तन हुनु स्वाभाविक प्रक्रिया हो तर वर्तमानमा भाषाको लेख्य रूपमा बुद्धलाई बुद्ध, विद्वान्‌लाई विद्वान्, विद्यालाई विद्या, त्रिशूललाई तिर्सूल, कक्षालाई कक्सा, धर्मलाई धरम लेख्नुपर्छ भनी केही तथाकथित विद्वान्‌हरूले बनाएका नियमले नेपाली भाषाको लेखनमा सिर्जित समस्याबारे लेखक ज्ञवालीले लेखमा प्रकाश पारेका छन् । साथै वर्तमानमा नेपाली भाषामा 'पुँजी' (ह्रस्व) लेख्ने चलन सुरू भए पनि परम्परागत प्रचलनमा 'पूँजी' (दीर्घ) लेख्ने गरिन्थ्यो । औसतलाई कसैले औषत लेख्ने गरेको पनि पाइएको छ । यसलाई लेखाइको लोकतन्त्र भन्ने कि अराजकता ? नेपाली भाषाका धेरैजसो विद्यार्थी र शिक्षक समेत यस कुरामा भ्रमित भएकोले शुद्ध नेपाली

लेखनकला सिकाउने गुरूहरूको दिग्भ्रमित भएको र जिम्मेवारहीन अवस्थामा नेपाली भाषामा भाँडभैलो मच्चिन गई नेपाली भाषामा दण्डहीनताको स्थिति सिर्जना भएको कुराप्रति अर्थशास्त्री ज्ञवालीले आफ्नो भाषिक प्रेम प्रकट गर्न पुगेका छन् ।

तीन हजार वर्षपूर्वको पाणिनीको व्याकरणका सर्वमान्य नियमले अहिलेका एक से एक भाषाशास्त्रीलाई चकित बनाइदिएको छ । भाषाशास्त्री तथा व्याकरणविद्हरूले बनाएका भाषिक नियम नयाँ पुस्ताले सहज रूपमा स्वीकार गर्नुपर्छ र बुझ्नुपर्छ । नेपालीमा एउटा उखान प्रचलित छ- बूढा मरे भाषा सरे । भाषिक नियमलाई नियमित गर्न नेपाली विषय शिक्षक, सामाजिक विषयका शिक्षकहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन जान्छ । नेपाली भाषाका पारिभाषिक शब्दहरूको उच्चारण र लेखन शुद्ध रूपमा गर्नुपर्छ । पारिभाषिक प्रयोगमा एकरूपता ल्याउनुपर्छ । नेपाली समाजका एक प्रबुद्ध व्यक्तिका हिसाबले लेखक ज्ञवालीले 'शब्दहरूको अर्थ विस्तार र अर्थ सञ्कुचन- केही उदाहरण' शीर्षकको लेखमा आफ्नो अध्ययनचिन्तन र तर्कशक्ति प्रस्तुत गरेका छन् ।

उखानहरू लोकचिन्तन र लोकमानसका चिन्तनपरक अभिव्यक्ति मानिन्छन् । मानवीय प्रवृति र चिन्तनजस्ता कुराहरू उखानमा प्रतिबिम्बित भएको हुन्छ । नेपाली जातिको मानसिक स्तर, सोचाइ, चिन्तन, प्रवृत्ति, निष्ठा, आस्था आदिको अभिव्यक्ति उखानमा चित्रित भएको अवस्थामा नेपाली उखानका माध्यमबाट नेपाली जातिको मानसिक विचार, चिन्तनको स्तरलाई गहन रूपमा बुझ्न मद्दत मिल्छ । मानिसले आफ्नो अस्तित्वको सङ्घर्षका क्रममा प्राप्त गरेका ज्ञान र अनुभव सूत्रात्मक रूपले उखानमा उल्लेख गरेको हुन्छ । तिनै अनुभवका कुराहरू एकपुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै जान्छन् । विभिन्न वर्ग र समुदायका मानिसहरूले आ-आफ्नो अनुभव र यसका विषयवस्तुका विशेषताहरूलाई उखानात्मक कथनमा साटासाट गर्छन् । अस्तित्वको रक्षाका निम्ति तिनमा व्यावहारिक अनुभव र बुद्धिको आदान-प्रदान गरिएको हुन्छ । प्रत्येक उखानले कुनै न कुनै लोकअनुभवलाई बहन गरिराखेको हुन्छ । नेपाली समाजले जीवन सङ्घर्षको क्रममा सँगालेका सारपूर्ण भनाइहरू उखानको रूपमा वर्षौंदेखि प्रचलित हुँदै आइरहेका छन् । नेपाली लोकजीवनमा अल्छी र जैसीको जीवनचरित्रसँग सम्बन्धित अनेकौं उखानहरू प्रचलित छन् (१) अल्छीको जति जैसीले जान्दैन, भैंसीको जति गाईले खाँदैन । (२) अल्छीको काम ज्योतिषेले जान्दैन । (३) अल्छीको गति जैसीले जान्दैन । (४) अल्छीको बराबर जैसीले जान्दैन जस्ता नेपाली समाजमा वर्षौंदेखि श्रुति परम्परामा चलिआएको 'जैसीले नजानेको तर अल्छीले जानेको' उखानलाई लेखक ज्ञवालीले शीर्षक बनाई यसको विश्लेषण गर्ने काम गरेका छन् ।

सामान्यतया जैसी हिन्दु तथा आर्य समाजको वर्ण व्यवस्थामा ब्राह्मण वर्गको एउटा जाति विशेष हो । समाजमा जैसी जातिको उत्पत्ति केकसरी भयो भन्ने विषयमा अनेकथरि मतमतान्तर छन् । यसको वास्तविक तथ्य समाजशास्त्री तथा मानवशास्त्रीहरूले मानव सभ्यताको विकासको क्रममा समाजमा विकसित हुन पुगेका जाति र तिनको थर विशेषबारे प्रष्ट पार्ने छन् । कुनै व्यक्ति, देशको भूत, भविष्यत् र वर्तमान अवस्था बताउन सक्ने व्यक्ति भनेकै फलित ज्योतिष र गणित ज्योतिषका ज्ञाता हुन् । भूत, भविष्यत् र वर्तमानको कुरा जान्ने ज्योतिषीबाट अपभ्रंश भई विकसित भएको शब्द हो जैसी ।

अल्छीको तुलना किन जैसीसित गरियो भन्ने सन्दर्भलाई लेखकले जैसीले नजानेको अल्छीले जान्दछ लेखमा गरेका छन् । अल्छीसँग काम गर्न जाँगर नदेखाउनका निम्ति अनेकथरी बिकल्प हुन्छन् । ऊ बसीबसी संसार डुल्छ भने जाँगरिलो मान्छे हिंडेर संसार घुमेर आउँछ । यसर्थ अल्छी कुरा गर्न जैसीले भन्दा धेरै जान्दछ । अल्छीका अगाडि जैसी कम जान्ने देखिन आउँदा व्यङ्ग्यार्थका रूपमा अल्छीले जानेको जैसीले जान्दैन भन्ने लोकोक्ति नेपाली समाजमा चलेर आएको हो । समाजमा वर्गहीन अवस्थामा रहेको, कुनै कामकुरामा जाँगर नभएको, काम नगर्नका लागि अनेक बहाना बनाउने, जाँगरमरूवा अनि निष्क्रिय भई बस्ने मानिस अल्छीसित भूत, भविष्यत् र वर्तमानको कुरा जान्ने जैसीको तुलना किन गरियो भन्ने सन्दर्भलाई लेखक ज्ञवालीले आफ्ना धारणा राखेका छन् । काम गर्ने बहाना होइन कि काम नगर्ने बहानाका लागि जति गणित वा फलितको हिसाब गर्न जति दिमागी मेहनत गर्ने जैसीले भन्दा काम नगर्नका लागि अनेक बहाना बनाउने अल्छी, जो काम गर्नको अल्छीले अनेकथरी कुरा गर्न जानेको हुन्छ तथा कुरा गर्न सिपालु हुन्छ भन्ने अर्थमा अल्छी, लाई अनेक आधुनिक वस्तुको आविष्कारका जनकका रूपमा सिद्ध गर्न खोजेका छन् । ज्ञान-विज्ञानका ठुलाठूला आविष्कार तिनै अल्छीहरू डार्विन, आइन्स्टाइन, मार्क्सले गरे भन्दै तिनलाई ठूला अल्छी मान्न पुग्छन् । त्यसर्थ अल्छी भनेको त्यो हो जसले सजिलोका लागि खोजी गर्छ, जैसीले त्यो गर्दैन । जैसी यथास्थितिवादी हुन्छ किनकि अल्छीले कामको विकल्प प्रस्तुत गर्नसक्छ । काम गर्न अल्छी गर्नेहरूसँग हुने अनेक जुक्ति तथा बिकल्प हुन्छन् भन्ने कुरा लेखक ज्ञवालीले लेखमा अकबर र वीरबलको कथाबाट पुष्टि गरेका छन् । अल्छीको कुरा गर्दा विश्व विजयी एलेक्जेन्डर एक जना अल्छीको कारणले तक्षशिलाबाट अगाडि नबढेको कुरा प्रस्तुत गर्छन् । लेखक ज्ञवालीले लेखमा जैसीभन्दा अल्छी नै बढी जान्ने हुन्छ, शक्तिशाली हुन्छ भन्ने कुरा हास्यके शैलीमा सिद्ध गर्दछन् ।

जन्मनुपूर्व नै असुरक्षित हुनपुगेका र जन्मिसकेपछि पनि निरन्तर असुरक्षित बनेका क्षणहरूमा पनि गाई गोठालो बनेर, बाँसुरी बजाएर, नाचेर, गाएर अनि अरूलाई

नचाएर दुःख हटाई सुख बर्साउने अनि जतिसुकै बलशाली दुष्ट र अत्याचारीको बध पनि सजिलै गर्ने बालक श्रीकृष्ण असाधारण क्षमता अलौकिक रहेको कुरालाई कसैले नकार्न सक्दैन । साथै महाभारतको युद्धमा धर्मको पक्षका पाण्डवहरूलाई साथ दिएको कुरा गीतामा वर्णन गरिएको छ ।

देवकी र वसुदेवको पुत्रको रूपमा तथा यशोदा नन्दनको रूपमा कृष्णको भूमिका अद्वितीय छ । उनले आफ्ना पितामाताको उद्धारमात्र गरेनन् नन्दको पुत्रको रूपमा व्रजमा नन्दवंशको गौरवमा निरन्तर अभिवृद्धि गरे । पुत्रको रूपमा उनले गरेका कामले गर्दा नै उनको नाम देवकीनन्दन, यशोदानन्दन,र वासुदेव प्रसिद्ध भए ।

कृष्णको गोपिकाहरूसँगको प्रेम र सोह्र हजार रानीहरूको घटनालाई यदाकदा चर्चाको विषय बनाउने गरिन्छ । गोपीका र राधासँगको प्रेम निश्चय पनि एक विशेष घटना हो र यदि कुनै प्रेमी र प्रेमिका त्यस उच्च कोटिमा पुगेका छन् जहाँ कृष्ण र गोपिकाहरू थिए भने त्यस प्रेमको वर्णन उनीहरूले गर्न सक्छन् । कृष्ण जस्ता अतिमानवको प्रेम पाएर गोपिकाहरू पनि धन्य भएका थिए । भागवत ग्रन्थको रासलीलामा त्यो प्रेम ज्यादै सुन्दर र पवित्र रूपमा प्रकट गरिएको छ । राधा र कृष्णको प्रेमको अभिव्यक्ति पनि ज्यादै सुन्दर छ । कंसको निम्तोमा मथुरा जाने समयमा प्रेमी कृष्णले प्रेमिका राधासँग अन्तिम विदाई लिएका छन् । संसारमा एक कृष्ण बाहेक अरू कसैलाई पनि पुरूष देख्दैनथिन् । तर कृष्णले कुन स्तरको प्रेम गरेका थिए स्वयं कृष्णबाहेक त्यो देखाउने उदाहरण छैन । कृष्णका आठ पटरानी थिए । रूक्मिणी जेठी थिइन्, सत्यभामा कृष्णलाई विशेष प्रिय थिइन् । नरकासुर नामक व्याभिचारीको बध गरी त्यसबाट त्यसबाट छुट्कारा दिलाएका गोपिनीहरूलाई घरपरिवार र समाजले स्वीकार नगरेको अवस्थामा  कृष्णले तिनीहरूको रेखदेखको जिम्मेवारी लिई आजदेखि तिमीहरूकृष्ण पत्नी भनेको आधारमा सोह्र हजार एक सय आठ ती गोपिनीहरू कृष्णका पत्नी भएका हुन् ।

प्राचीन कालको कृषि अर्थव्यवस्थाका लागि यो एक क्रान्तिकारी प्रयोग गर्ने कृष्ण पशुपालन अर्थव्यवस्थाका पक्षपाती थिए । पशुपालनबाट देशको सम्पन्नता र रोजगारीको सुरक्षा ठान्दथे ।

कृष्ण भक्ति धारामा मीरा, सूरदासका साथै अनेक मुस्लिम कविहरू पनि छन् जस्तै रसखान, रहीम, मलिक मोहम्मद जायसी । नेपालमा वसन्त शर्मा, विद्यारण्य केशरी, विद्यापति मिश्र, इन्दिरस यस धाराका कवि हुन् । कृष्णका सम्प्रदायमा निम्बार्क, रामानुज, वल्लभ छन् भने बालागुरू षडानन र स्वर्गद्वारी महाप्रभुले पनि कृष्ण भक्ति सम्प्रदायमा योगदान गरेका छन् । स्वर्गद्वारी कृष्णको गोपालन प्रविधिका लागि प्रसिद्ध छ । त्यहाँको गोवर्धन पर्वत मेला भारत र नेपालमा प्रसिद्ध छ । यसलाई गोवर्धन

अर्थात् गाई बढाउने भनिन्छ । वर्तमान समयमा कृष्ण भक्तिधारालाई इस्कोन सोसायटी, हरेकृष्ण मिशन, स्वामिनारायण आदि संस्थाहरूले विश्वव्यापी बनाउने काम गरेका छन् ।

'सम्पादनको पहिलो अनुभव' शीर्षक लेखमा रूपन्देहीको मणिग्राम स्थित यस क्षेत्रकै पुरानोमध्ये एक विद्यालय शान्ति मा.वि.को वि.सं. २०४१ को रजत वार्षिकोत्सव अवसरमा विद्यालयका तर्फबाट निक्लन लागेको 'नानी' नामको रजत जयन्ती अङ्क आजको जस्तो सुविधा सम्पन्न अवस्था र कम्प्युटरजस्ता अत्याधुनिक साधनहरू नभएको, आफू अनुभवहीन भएको र आफ्नो जीवनमा पहिलोपटक दिइएको जिम्मेबारी पूरा गर्न विविध अन्तर्वार्ता लिनुका साथै अनुसन्धानात्मक लेख, कविता, निबन्ध आदिको सामग्री सङ्कलन, साफी, क्रममा राख्ने, सम्पादकीय लेख्ने कामसँगै पखेटे मेसीनमा गरिने ढ्याक-ढ्याक छपाइसहितको रमाइलो अनुभव ज्ञवालीले प्रस्तुत गरेका छन् । यस्ता अनुभव पढ्नका लागि रमाइला छन् भने नौसिकुवा लेखक र सम्पादकलाई मार्गदर्शक पनि छन् ।

कागजी युग (हार्ड कपि) को जमाना सम्झना गर्न लेखकले प्रस्तुत संकलनको नाम 'आधा जिस्ता' राखेको देखिन्छ । लेखक ज्ञवालीको आधा जिस्ताका लेखरचनाहरूले भाषिक (वर्णविन्यासगत त्रुटि, वाक्य संरचनागत कमजोरी) परिमार्जनको अपेक्षा राख्दछन् । प्रस्तुत कृतिको पठनीयताले सिद्ध गर्छ कि विद्वान् ज्ञवालीज्यूको आधा जिस्ताका लेखरचनाहरू ज्ञानवर्द्धक, सुरूचिपूर्ण र पठनीय रहेका छन् । विद्वान् ज्ञवालीज्यूले पाठकहरू समक्ष पठनीय कृति पस्किदिनुभएकोमा लेखक ज्ञवालीज्यूलाई धेरैधेरै साधुवाद ।

नेपाल चेयर
काशी हिन्दू विश्वविद्यालय, वाराणसी
भारत

# धन्यवाद

पुस्तक हेर्नु भएकोमा धन्यवाद ।

मैले आफूलाई कागजी पुस्ताको भन्न रूचाउँछु । म त्यस पुस्ताको व्यक्ति हूँ जसलाई अझै पनि कलम, कागज, किताब मन पर्छ । दफ्तीमा खुल्ला पाना राखेर लेख्न मन पर्छ । कम्प्युटरमा क्लिक गरेर पढ्नुभन्दा पाना फर्काएर कागजको किताब पढ्न रूचाउँछ । किताबको पाना फर्कंदाको आवाजलाई मधुर संगीत झैं मान्छ । तर आजको समाज त पेपरलेस हुँदै गएको छ । पेपरलेस समाजलाई लेख्नलाई कागज चाहिंदैन, कम्प्युटरको डाक्युमेन्ट भए पुग्छ । पढ्नलाई किताब चाहिंदैन, 'Doc' भए पुग्छ । अचेल त पढ्नेभन्दा पनि सुन्ने र हेर्ने जमाना आइसकेको छ ।

मानव सभ्यतालाई आजको स्थितिमा ल्याइ पुऱ्याउन कलम, कागज, र मसीले ठूलो योगदान गरेका छन् । जति पनि ज्ञान छ, पुस्तकमा छ । ती सबै पुस्तक सुरूमा कुनै कागजमा कलम मसी प्रयोग गरेर लेखिएका हुन् । साहित्यकार, समाजसुधारक र राजनीतिकर्मीहरू वर्षौं जेलको एकान्तमा सजाय भोग्दा उनीहरूलाई किताब, कागज, कलम पेन्सिल ठूलो सहायक बनेको कुरा तिनीहरूको आत्मवृत्तान्तमा पढ्न पाइन्छ । पेपरलेस हुनु भनेको कागजको यस योगदानलाई बेवास्ता गर्नु हो ।

कागजी पुस्ताको सम्झना गर्न मैले यस संकलनको नाम आधा जिस्ता राखेको हुँ ।

कागजको नापका छुट्टै नियम हुन्छन् । किन हो कुन्नी मेट्रिक प्रणालीको यस युगमा पनि कागजले आफ्नो मौलिकता कायम राख्न सकेको छ । यसको गन्ती आज पनि दर्जन, जिस्ता, र रिममा हुने गर्छ । एक प्रति कागजलाई ताउ भनिन्छ ।

कागजको सामान्य प्रयोग हुने एकाइ जिस्ता हो । जिस्ताको अर्थ हुन्छ २४ पाना । त्यसैले एक दर्जन लेखलाई आधा जिस्ता नाम गरें । एउटा लेखलाई एक ताउ मान्दा यसमा १२ ताउ अर्थात १२ पाना छन् ।

कम्प्युटरको पुस्तकमा पृष्ठ हुन्छ तर कागज हुँदैन । लेखिन्छ कम्प्युटरले पढ्छ तर कलम हुँदैन । कालो नीलो रातो जुनसुकै रङ्गले लेखिदिन्छ तर मसि

हुँदैन । त्यसैले कम्प्युटरको आविष्कारले एक नयाँ प्रकारको पुस्तक प्रदान गरेको छ जसलाई हामी नरम प्रति (सफ्ट कपि) भन्छौं । जबसम्म यसको कडा प्रति (हार्ड कपि) बन्दैन, त्यस बेलासम्मको  लेखाइ ज्यादै सफ्ट- लेख्दै, मेट्दै, फेरि लेख्दै...।

यसमा वि.सं. २०६५ देखि वि.सं.२०७५ सम्म प्रकाशित लेख छनौटमा प्रा. डा. हिरण्यलाल ज्ञवाली, सह प्रा. गोपाल पन्थी र उप प्रा. शालिकराम पौड्यालको सहयोग समेत लिएको छु । लामो समयावधि र विभिन्न विषय प्रसंगमा लेखिएकाले लेखहरूमा एकरूपता पनि छैन । कोही गम्भीर प्रकृतिका छन् भने कोही सामान्य व्यंग्य छन् । कोही दार्शनिक प्रकृतिका छन् कोही साहित्यिक प्रकृतिका । कोही समालोचनात्मक छन् । कोही भाषाशास्त्रसँग सम्बन्धित छन् । डा. टीकाराम पन्थीको यस्तै संकलन 'सांस्कृतिक संवीक्षण' प्रकाशित गर्ने क्रममा सम्पादन कार्यद्वारा उहाँलाई सहयोग गरेको थिएँ । त्यो पुस्तक विश्व हिन्दु महासंघ, रूपन्देहीले प्रकाशन गरेको थियो । त्यस संकलनमा उहाँ संस्कृतिमा केन्द्रित हुनुहुन्थ्यो । यो संकलन त्यस्तो छैन । एकदम खिचडी संकलन हो यो । यस भिन्नतालाई ध्यानमा राखेर तथा लेखको प्रसंगलाई ध्यानमा राखेर पढ्न मैले पाठकहरूलाई अनुरोध गर्दछु ।

पुस्तक प्रकाशनमा रूचि लिने किरण पुस्तकालय परिवारलाई कृतज्ञता व्यक्त गर्नुका साथै हाम्रो पुरूषार्थका सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी, सहायक सम्पादक भेषबहादुर कुँवर र भुवनप्रसाद अर्याल सहितका सम्पूर्ण सम्पादक मण्डललाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

आफ्नो व्यस्त समयका बावजूद पुस्तक पढेर मन्तव्य दिनु हुने बी.एच.यु. नेपाल चेयरका डा. शिवप्रसाद पौड्याल प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

वास्तवमा अक्षर पढ्नुभन्दा अक्षरको बीचमा पढ्नु झनै चुनौतीपूर्ण मानिन्छ । त्यसैले उखानै चलेको छ 'रीडिङ्ग बिटवीन द लाइन्स । लेखकको लेखाइमा के हुन्छ ? सबै पाठकको बुझाइमा हुन्छ । कागजका किताबको पाना फर्काउन रूचि लिने सबैलाई यो पुस्तक समर्पण गर्दछु ।

तिलोत्तमा नगरपालिका-८, ज्योतिनगर, रूपन्देही
वि.सं. २०७६
Email: brgewali_2008@yahoo.com

वि.सं. २०३५ मा संरक्षक साप्ताहिकमा जोइटिङ्ग्रे कथा मार्फत् नेपाली साहित्य फाँटमा झुल्केका बाबुराम ज्ञवालीले लघुकथा, व्यङ्ग्य, जीवनी, समालोचना, र निबन्ध लगायत विविध विधामा कलम चलाउनु भएको छ । तथापि उहाँका पूर्वीय आर्थिक दर्शन सम्बन्धित निबन्ध विशेष चर्चित छन् । उहाँका लेख स्थानीय, राष्ट्रिय, र अन्तर्राष्ट्रिय पत्रपत्रिकामा प्रकाशित भएका छन् । उहाँले नानी, ज्ञानज्योति, दीपिका, जर्नल अफ् इकोनोमिक लिटरेचर, बुटवल क्याम्पस जर्नल लगायत आधा दर्जन नेपाली र अङ्ग्रेजी भाषाका पत्रपत्रिकाको सम्पादन गर्नु भएको छ ।

यस पुस्तकमा लेखकका विविध विषयका लेखहरूबाट छानेर बाह्रवटा लेख संकलन गरी प्रकाशित गरिएको छ । ज्ञवालीका लेखहरूमा विषय गाम्भीर्यता, शब्द छनौटमा सतर्कता तथा आफ्नो संस्कृति प्रति प्रेमका भावनाहरू पाइन्छन् ।

**लेखकका अन्य कृतिहरु**

* दस जना पूर्वीय आर्थिक चिन्तक, वि.सं. २०७५
* जीव जगत र जनार्दन, वि.सं. २०७४
* सहज ज्ञानले दुख निवारण, वि.सं. २०७३
* जीवनको दोस्रो पाना, वि.सं. २०७२
* कौटिल्य र शुक्रको राजनैतिक अर्थशास्त्र, वि.सं. २०७१
* शङ्कराचार्यको जीवनी, वि.सं. २०६९
* पूर्वीय अर्थशास्त्र प्राचीनतम् तथ्य, नवीनतम् जानकारी, वि.सं. २०६९
* टार्जन, वि.सं. २०५२
* Oriental Economics-Revisited, 2013
* Economics of Kautilya, Shukra and Brihaspati, 2012
* Barhaspatya Artha-Sutra and Kautiliya Arthashastra 2010

**आधा जिस्ता**



प्रा. डा. बाबु राम ज्ञवाली

प्रकाशक

**किरण पुस्तकालय**

**रेसुङ्गा नगरपालिका-८, चिदीचौर**

**तम्घास, गुल्मी**

**नेपाल**

**२०७६**